# सपनाको महल

## दृश्य : १

स्थानः कुलो खनि राखेको ठाँउ

पात्रः लखन, बुढा, मान, बहादुर, गाँउलेहरु, असल प्रसाद र भेटवाल बाजे

गाँउलेहरु कुलो खनि राखेका हुन्छन् । भेटवाल बाजे बारीको कान्लाबाट उफ्रदै आउँछन र कुलो खन्न रोक्न थाल्छन् ।

भेटवालबाजेः लौ लौ लौ के गरेको यो ल यँहाबाट अगाडी मेरो खेत पर्छ । कुलो यही टुङ्ग्याउनु ।

लखनः के भन्नु भएको बाजे ? पानी ल्याई सकेपछि त्यो पानी तपाईलाई मात्रै ल्याएको त हैननि । अरु गाँउलेका पनि खेत छन्, अरुले पनि पानी पटाउनु पर्छ ।

भेटवालः मलाई के खाँचो अरुलाई चाहिए आफ्नो खेत खनेर लाने पानी

मान बहादुरः हैन अस्ति असल प्रसादले कुरा गर्दा त दिन्छु भन्नु हुन्थ्यो त आज के भयो

बुढाः हो त ए बाजे के भाको ?

भेटवालः केही भाको हैन म दिन्न

लखनः हैन असल प्रसाद चै आज स्कुलबाट आएकै छैन की क्याहो ?

मनबहादुरः किन नआउनु जता पनि यस्तै त हो  नि ! तल मिही खोलामा पुल राख्ने भनेर जि. वि. स. बाट मान्छे आका थिए त्याहाँ पनि बाटो कताबाट लाने भनेर झगडा........

बुढाः त्यही मिलाउन असल प्रसाद त्यतै गएका थिए (असल प्रसाद देखा पर्छन) उ आइहाले नि

लखनः असल प्रसादले कुरा गरेको भए उसैले आएर कुरा गरोस

असल प्रसादः यहाँ पनि मेरै खाँचो पर्‍यो कि क्या हो

लखनः हो त, यी भेटवाल यहाँबाट कुलो अगाडि लान नदिने भन्छन ।

असल प्रसादः हो बाजे ?

भेटवालः हो यहाँ भन्दा अगाडि मेरो  मखन्न दिन्न

असल प्रसादः (एकातिर देखाउँदै) ए मान बहादुर....... उ त्यो कान्ला मुन्तिरको जग्गा कसको ?

मान बहादुरः त्यो त मेरै हो

असल प्रसादः त्यहाबाट लग्दा तपाईले दिनु हुन्छ ?

मान बहादुरः किन नदिनु झन मेरो सप्पै खेत सजिलै पानी पटाउन सकिन्छ ।

असल प्रसादः यो कुलोलाई त्यहाँ सम्म पुरी दिउँ कुलोलाई उत्तैबाट घुमाएर लग्यो भने के हुन्छ

लखनः यी बाजेको खेतलाई पानी आउँदैन के हुन्छ

असल प्रसादः ल बाजे तपाईलाई पनि पानी चाँहिन्छ भने कुलो यताबाट जान्छ हैन भने त्यहि कुलो पुरेर पानी उतैबाट घुमाएर लाने...........के भन्नु हुन्छ ?

भेटवालः (सोच मग्न हुन्छन्)

असलः सोच्ने कुरा पहिले नै सोचेर कुलो खन्न तपाईसँग मागेको...........झन सबैलाई फाइदा हुने काम गरेको.......

भेटवालः ल भैगो त खन खन ........

असलः अहिलेलाई मात्र हैन सधैलाई बाजे.........

भेटवालः नबोलि हिड्छन्

असलप्रसादः अब त कुरो मिल्यो हैन ?

सबैको प्रतिक्रिया  हाँस्छन

असल:  मैले त फेरी स्कुल पुग्नै पर्छ केही पऱ्यो भने बोलाउनु है लखन म स्कुल गए

लखन:  स्कुल पनि भ्याएकै छ समाजसेवा पनि भ्याएकै छ यो चहि मान्छे नै रैछ

## दृश्य  २

समय : दिउँसो/बाहिर

स्थान : रमणीय गाउँ हुँदै कुनै स्कूलको बाहिरी भाग

पात्र :  स्कूलका पियन, विद्यार्थीहरु, शिक्षक साधुराम

(कुनै रमणीय गाउँको विहङ्गम दृश्य समेट्दै क्यामेरा एउटा गाउँले स्कूलको वाहिरी भागमा पुग्छ । स्कूलको कार्यालय बाहिर पाले घडी हेर्दै बसेका हुन्छन् उठ्छन् र गएर घण्टी ठोक्छन् ।

सवै विद्यार्थीहरु हल्ला गर्दै बाहिर "छुट्टी" भन्दै निस्कन्छन् । ती मध्ये केही विद्यार्थीहरु अर्को कक्षा कोठो तिर छिर्न थाल्छन् ।

एक जना शिक्षक बाहिरबाट आएर कक्षामा छिर्छन् ।

पालेले मुख विगार्छन् र पूनः आफ्नै ठाउँमा गएर बस्छन् । )

## दृश्य : ३

समय : दिउँसो/बाहिर

स्थान : स्कूलको कार्यालय कोठा

पात्र :  प्राधानाध्यापक लगायत अन्य शिक्षक-४

प्रधानाध्यापक केशव वाहिर साधुरम गएको हेर्दै थिए भित्र फर्कन्छन् ।

## दृश्य : ४

समय : दिउँसो/भित्र

स्थान : स्कूलको कार्यालय कोठा

पात्र :  प्राधानाध्यापक सहित अन्य शिक्षक-४

प्रधानाध्यापक केशव भित्र तिर अन्य शिक्षकहरु तर्फ फर्केर :-

**केशवः** साधुरामजी जानुभो क्लास लिन अब हामीलाई पो लाज मर्दो पार्नु भो ।

**शिक्षक ऋषि :** यसमा लाज मान्नु पर्ने कुरै के छ र सर । हामी हाम्रो ठाउँमा स्कूलको सेवा गरी राखेकै छौं । विद्यार्थीहरुलाई कोर्सको पढाई सिकाएकै छौं, सकाएकै छौं ।

**शिक्षिका सरिता :** कोर्स त वहाँले पनि सकाउनु भएकै छ नि । तर विद्यार्थीहरु प्रतिको नैतिकताको जिम्मेवारी वहाँले बढी बोक्नु भएको जस्तो लाग्दैन ?

**शिक्षक आनन्द :** निश्चयनै विद्यार्थीलाई दिने शिक्षालाई वहाँले दुई छाक टार्ने मेलो मात्र नबनाएर आज विद्यार्थी, भोलि समाज र कालान्तरमा राष्ट्रलाई नै नयाँ नेपालको अभियान बनाउनु भएको छ । स्कुलमा मात्र हैन समाजको हरेक क्षेत्रमा वहाँको योगदान रहेको छ ।

**शिक्षक हरि :** त्यसैले साधुरामजीको नाम आज यो गाउँमा मात्रै होइन यो जिल्ला भरी नै प्रख्यात छ ।

**ऋषि :** कितावको कोर्स त वहाँले पनि हामीले पनि सवैले सकेकै हुन्छौ भने आखिर वहाँ के पढाउनु हुन्छ त ?

## दृश्य : ५

समय : दिउँसो/भित्र

स्थान : कक्षा कोठा

पात्र : साधुराम विद्यार्थीहरु

( ब्ल्याक बोर्डमा शब्द लेखिन्छ -'भ्रष्ट्राचार' शब्द लेखि सकेर साधुराम विद्यार्थीहरु तर्फ फर्किन्छन् । )

**साधुराम :** आज हामी भ्रष्टाचारको विषयमा अध्ययन गर्छौं । भ्रष्टाचार पनि एउटा अपराध हो । भ्रष्टाचार के हो ?

**विद्यार्थीहरु :** अपराध हो !

**साधु :** स्यावास, भ्रष्ट्राचार जस्तो अपराधले अन्य धेरै अपराध गर्न मलजल गरी राखेको हुन्छ । र त्यसले देशको सम्पूर्ण सयन्त्रहरुलाई भित्र भित्रै कमजोर बनाइ राखेको हुन्छ । भ्रष्ट्राचार जति व्यापक भयो देशको सुशासन त्यति कमजोर हुँदै जान्छ अन्ततोगत्वा त्यसले देशको जरो नै हल्लाई दिन्छ र राष्ट्र कमजोर बन्न जान्छ ।

(विद्यार्थीहरु सुनी राखेका छन्)

देश बलियो उन्नत र समृद्ध बनाउन देशलाई भ्रष्ट्राचार मुक्त बनाउँदै लानु पर्छ । देशलाई के गर्नु पर्छ ?

**विद्यार्थीहरु :** भ्रष्ट्राचार मुक्त बनाउँदै लानु पर्छ ।

**साधु :** हो......... एउटा आश्चर्यको कुरा के छ भने संसारमा भ्रष्ट्राचार मुक्त राष्ट्र कुनै पनि छैन । खालि कुनै राष्ट्रमा भ्रष्ट्राचार बढी हुन्छ भने कुनै राष्ट्रमा एकदमै कम हुन्छ ।

**बिद्यार्थी :** (उठ्दै) सर, भ्रष्ट्राचार जस्तो अपराध पूरै निर्मूल गर्न सकिदैन ?

**साधु :** ठीक प्रश्न गर्‍यौ ! बस ! (विद्यार्थी बस्छ)

**साधु :** विभिन्न अध्ययन र अनुसन्धानले के पुष्टि भएको छ भने अपराधहरुलाई घटाउन सकिन्छ, धेरै भन्दा धेरै घटाउन सकिन्छ, तर पुरै निर्मूल गर्न सकिदैन । त्यस्तै भ्रष्ट्राचार पनि अपराध भएकाले यसलाई सकेसम्म घटाउन प्रयास गर्नु पर्छ तर निर्मूल भएको दिन यही धरती स्वर्ग हुने छ । त्यसैले हामी सवै मिलेर हाम्रो देश हाम्रो धरती र हाम्रो संसारलाई स्वर्ग बनाउने प्रयाश गर्नु पर्छ ।

## दृश्य : ६

समय : दिउँसो/भित्र

स्थान : स्कूलको कार्यालय कोठा

पात्र : (केशव ऋषि, सरिता, आनन्द। हरि (कर्ण)

प्रधानाध्यापकको कोठामा शिक्षक अझै साधुराम कै चर्चा गर्दै छन् ।)

**केशव :** (प्रधानाध्यापक) वहाँको प्रयाशलाई हामी सवैले मूक्त कण्ठले प्रशंसा गर्नु पर्छ । स्कूल सकेपछि पनि विद्यार्थीहरुसँग कुनै शुल्क नलिइकन निःशुल्क कोचिङ पढाउँदै हुनुहन्छ ।

**ऋषि :** शायद वहाँ त्यही भएर बढी चर्चित हुनुहुन्छ। हामी सबैको चर्चाको पात्र बन्नु भएको छ।

**सरिता :** वहाँको काम चर्चा योग्य नै हुन्छ। अस्ति मात्रै जिल्ला स्तरीय कविता प्रतियोगितामा पनि वहाँले नै प्रथम स्थान हाँसिल गर्नु भएछ, त्यो त मैले पछि पो थाहा पाएँ।

**आनन्द :** हो त त्यो गोष्ठी देखि साधुरामजी जिल्ला वाहिर पनि पत्र-पत्रिका मार्फत चर्चित हुनुभयो हाम्रो स्कूलको नाम पनि चर्चामा आयो। आफूले काम गरेको स्कूलको नाम पनि चर्चामा आउँदा कस्तो खुसी लाग्यो।

**ऋषि :** ए, कविता चै के विषयमा रै छ।

**सरिता :** वहाँको कविता पक्कै पनि देशभक्ती खालकै थियो।

## दृश्य : ७

समय : दिउँसो/भित्र

स्थान : कक्षा कोठा

पात्र : साधुराम, विद्यार्थीहरु

(साधुराम विद्यार्थीहरुलाई पठाउँदै छन्)

**साधु :** जन आन्दोलन २ वाट स्थापित समावेसी पूर्ण लोकतान्त्रिक व्यवस्थालाई सफल बनाउँदै नयाँ नेपाल निर्माण गर्ने हामी सम्पूर्ण नेपालीहरुको सपना साकार पार्न पनि हामी सवै आजै देखि प्रतिवद्ध भएर लाग्नु पर्छ।

(विद्यार्थीहरु सुनी राखेका छन्)

**साधु :** यो कुरा तिमीहरुलाई मैले भाषण दिए जस्तो लाग्छ तर आजै देखि निर्माण गर्दै लगिने भोलिको नेपाल सम्हाल्ने, सजाउने र सिङ्गार्ने काम तिमीहरुले नै गर्ने हो। (विद्यार्थीहरु सुन्दैछन्)

**साधु :** भ्रष्ट्राचारले कुनै पनि मुलुकको सामाजिक आर्थिक राजनैतिक, कानूनी तथा नैतिक क्षेत्रमा प्रत्यक्ष र नकारात्मक प्रभाव पार्ने भएकाले वेलैमा सजग हुनुपर्छ। अफू मात्रै होइन अरुलाई पनि सजग गराउनु पर्छ।

**विद्यार्थी :** कसरी सर ?

**साधु :** जन चेतना बढाएर। मैले भनेको कुरा तिमीहरु र तिमीहरुले आ-आफ्नो घर, टोल, छिमेकमा सदाचार र नैतिकताको कुरा फैलाएर सवैलाई चेतना दिनुपर्छ। प्रगतिपथमा डोर्याउनु पर्छ। (त्यही वेला साधुराम ढोका तिर हेर्छन्) ढोकामा कर्ण उभिएका छन्।)

**साधु :** के भो कर्ण बहादुर ?

**कर्ण :** सर सवै जना गैसक्नु भो, म पनि जाउँ कि ?

**साधु :** हैन, कर्ण बहादुर सकियो नै......
(विद्यार्थीहरु तर्फ फर्केर) ल त आज यति सम्म भोलि फेरि पढौँला ....
(साधुराम पछि पछि विद्यार्थीहरु पनि निस्कन्छन्, साधुरामलाई उछिन्दै।

## दृश्य : ८

समय : दिउँसो/वाहिर

स्थान : स्कूलको वरण्डा

पात्र : दृश्य छ कै साधुराम विद्यार्थीहरु, कर्ण

विद्यार्थीहरु साधुरामलाई उछिन्दै वाहिर लाग्छन्, साधु मुसुमुसु उनीहरुलाई हेर्दैछन् । विद्यार्थी र साधुराम निस्के पछि कर्णले कक्षा कोठाको ढोका लगाउँछन् ।

## दृश्य : ९

समय : दिउँसो/वाहिर

स्थान : भाँडा बनाउने पसल वा आरन

पात्र : आइत ब., साधु, भान्जा

(आइत ब. आरनमा काम गर्दैछन् । साधुराम पनि त्यतै आउँदैछन् भान्जासँग भेट हुन्छ । आरनमा गाग्रो अनिवार्य र अन्य सामान ।)

भान्जा : ए म त, मामाले विर्सनु हुन्छ कि भनेर माइज्यूले गाग्रो लिन पठाउनु भएको, खै मैले कुरो नबुझेको रै छु ?

साधु : माइजूलाई त्यस्तो लागेछ त ?

**साधु :** (आइत नेर पुगेर) आइत बहादुर....!.

**आइत :** (पुलुक्क हेर्छन् र मुस्कुराउँछन्)

**साधु :** भयो त मेरो काम ?

**आइत :** भयो माडसाव कस्तो भयो कुन्नी ?

**भान्जा :** (गाग्रो टप्प टिप्छन र बढ्दै ) पैसा कति भयो ?

**साधु :** पहिले काम ठिक भयोकी भएन त्यसै लम्केर काहाँ हुन्छ भान्जा, हेरौं न ....

**भान्ना :** (गाग्रो दिदै) ए मैले खै कुरो बुझेको, तर गरिसकेको राम्रै गरेको होलानित ।

**साधु :** (उठाउँछन् र वाहिर गाग्रोवाट आकाश तिर हेर्छन् चुहिने टालिएको हुँदैन ।) भएको छैन त अलि आँफैले हेरेर बनाउनु पर्छ नि ।

**भान्जा :** हो र मामा (आइतलाई) त्यहित कुरै नबुझि काम गरेर हुन्छ त, ल फेरी बनाउनुस (मामाको हातबाट गाग्रो लिएर आइतलाई दिन्छन्)

**आइत :** (भाँडो लिदै) मैले बनाएको (वाहिर पट्टी रसाएको ठाउँ देखाउँदै) यी हेर्नुस त मैले आफ्नै हातले रसाएको ।

**साधु :** होला... तपाईले रसाएको टालेको ठाउँ वाहेक अन्त पनि त प्वाल थियो होला अथवा प्वाल नभएको ठाउँमा चै टालेर प्वाल भएको ठाउँमा चै टाल्नु नै भएनकी ।

**भान्जा :** हो कुःरो चै राम्रो बुझेर काम गर्नुपर्छ क्या !

**आइत :** त्यस्तो त नहुनु पर्ने (भन्दै आफू पनि वाहिर आएर हेर्छन्। प्वाल देख्छन् हो रै'छ (भन्दै गाग्रो तल राख्छन्)

**साधु :** हेर्नुस आइतबहादुर आ-आफ्नो पेशामा सवै इमान्दार हुनु पर्छ । आफ्नो पेशा प्रति वेइमानी गर्नेले प्रगति गर्न सक्तैन । यसमा त अझ देखिने गरी प्वाल वाँकि रै'छ र' प्रष्टै देखियो नदेखिएको भए म यसै लिएर जान्थेँ । मेरी श्रीमतीले यसैमा पानी भर्थिन पानी चुहिन्थ्यो, मैले सुन्नु पर्थ्यो, म मनमनै तपाईलाई नराम्रो भन्थे भोलि फेरि सवैले दुःख पाउथे । :

(आइत सुन्न विवश छन्)

**भान्जा :** अब त बुझनु भयो होलानी, बरु मैले अघिनै कुरो बुझिसकेको थिए ।

**साधु :** भरसक दुई शब्द नराम्रो पो हुन्थ्यो कि, त्यसैले हामीमा ठ्वाँस्स ठुस्स हुन्थ्यो कि, भै गो राम्ररी टालि दिनुस हई ?

**आइत :** (चूपचाप मुन्टो हल्लाउँछ)

साधु : (वाटो लाग्दै) भोलि आउँला है त (जान्छन्)

आइत : (साधु गए तिर हेर्दै..........) माड्साव धेरै बोलेको जस्तो लागे पनि कुरा त ठीकै हो । (फेरि आरनमा बस्छन्)

भाञ्जा : कस्तो कुरै नवुझी काम गरेको होला । राम्ररी वुझेर पो गर्नु पर्छ ।

## दृश्य : १०

समय : दिउँसो/वाहिर

स्थान : साधुरामको बारी

पात्र : यशोदा, अभय, अनुजा, साधुराम, भाञ्जा

(यशोदा, अभय, अनुजा बारीमा काम गर्दैछन् ।)

अभय : (यता-उती हेर्दै यशोदालाई सोध्छ ।) आमा ! बा अहिले सम्म किन नआउनु भएको चार त अघिनै बजिसक्यो !

यशोदा : तेरा बा सोझै घर आउनुहुन्छ र ? स्कूल छुटे पछि निःशुल्क कोचिङ पढाउनु हुन्छ । भाञ्जा पनि आउनु हुन्न !

अनुजा : कसै न कसैले त ल्याउला नि आमा !

यशोदा : (यशोदाको मुख वटारिन्छ-देखेर) उ तेरो बा रित्तै आउँदै हुनुहुन्छ !
(सवै त्यतै हेर्छन्) (साधुराम भाञ्जा सोझै बारी तिरै पस्छन्)

साधुराम : ल यो त ? अभय ! (अभयको Reaction )

साधुराम : तँ कति खेर आइ पुगिस छोरा ?

अभय : दिउँसै आइपुगेको । बा (गएर ढोग्छ)

साधुराम : किन कलेज छुट्टी भयो र । (उठाउँछन्)

अभय : हैन बा.... चुनावको सरगर्मीले गर्दा पढाई हुनै छोड्यो । त्यहाँ बसेर होटेलको खर्च बाढउनु भन्दा बरु घरै जाउँ जस्तो लाग्यो । फेरि यो विद्यार्थी संङ्गठन त्यो विद्यार्थी सङ्घ ताना तान मलाई त झर्के लाग्न थाल्यो ।

साधुराम : ल के भनेको होलो पढे लेखेको मान्छे भएर । बहुदलीय व्यवस्था चाहिन्छ भने ती कुरा पनि पार्टी पद्धती कै कुरा हुन् ।

अभय : त्यो त ठीक छ, तर हड्ताल र बन्द यसले कसलाई फाइदा गर्छ ।

साधुराम : (बोल्दैनन्) (अरु काम गर्दै सुन्दैछन्)

अभय : आफ्नो सिद्धान्त र व्यवहारले आकर्षित गर्न छोडेर परम्परागत अहङ्कार र दम्भ, कही के को दम्भ झै झगडा, दिक्क लाग्छ ।

अनुजा : दाजुको कलेजमा त हड्ताल बन्द भई राख्तो रै'छ पढ्न पनि नपाइने म त हड्ताल नहुने कलेजमा मात्रै पढ्छु है बा ।

यशोदा : छोरो पाउनु कैले कैले भोटो सिउनु अहिले भने जस्तो पहिले यस.यल.सि त पास हो अनि पढ्लिस कलेजमा ।

अनुजा : अँ यति जावो त म पास भै हालछु नि ! (सवै एक अर्कालाई हेर्छन्)

**साधु :** आजको शिक्षाको ज्योतिले भोलिको देश उज्यालो बनाउँछ । शिक्षाको ज्योति आजै मधुरो भए भोलि तेल कस्ले हाल्छ । नयाँ नेपाल कसरी बन्छ ! (खुई गर्दै साधुरामा भीत्र तिर लाग्छन् ।) अरुहरु साधन विसाउँदै-पछि लाग्छन् ।)

**भान्जा :** खाटी कुरो त्यै, खै बुझ्नेको बाबुले ।

## दृश्य : ११

समय : राति/भित्र

स्थान : साधुरामको कोठा

पात्र : साधुराम, यशोदा, O.V. लखन,

(फ्रेममा टुकी राखिन्छ । साधुरामले लुगा फेरका छन् अर्को लुगा झिकेर लाउँदै गर्दा)

O.V., साधुराम ......... (साधुराम ध्यान दिन्छन्)

O.V., ए साधुराम..........

(यस्तैमा यशोदा ढोकामा देखा पर्छिन् अर्को टुकी)

**यशोदा :** तपाईकै लडौटीलाउँदाको साथी लखन जस्ता छन् ।

**साधु :** हो...................... म आई हालें भन्देउन् ।

**यशोदा :** (ढोकैवाट फर्किन्छिन, साधुराम लुगा लगाइसकेर निस्कन्छन् । )

## दृश्य : १२

समय : राति/बाहिर

स्थान : साधुरामको फलैंचा/घरको ढोको

यशोदा टुकी लिएर बाहिर निस्कन्छिन् ।

यशोदाको P.O.V. लखन ठीङ्ग अभिई राखेका छन् ।

**यशोदा :** आउँदै हुनुहुन्छ, यहाँ बस्दै गर्नुन् बाबु ।

**लखन :** हस भाउजु (गएर बस्छ)

**यशोदा :** अनि भान्सा गरी बरी हिड्नु भयो कि !

**लखन :** गरी वरी हिँडेको भाउजू.....

**यशोदा :** कि यतै तैयार गरुँ कि !

**लखन :** हैन पर्दैन भाउजू.... त्यस्तो भोकै भएत लाज मान्ने कुरै थिएन नि ! यो घर पनि त मेरो आफ्नै घर जस्तो त हो नि... (यतिकैमा साधुराम पनि देखा पर्छन्, उनी पनि लखनकै छेउमा गएर बस्छन् ।)

**साधु :** (बस्तै) भन लखन यो अध्यारोमा कति कामले आइस त ?

**लखन :** यही अध्यारोमा हामीले कति दिन जीवन विताउने केही गरौंन भन्ने सल्लाह गर्न हिडेको म त ।

**साधु :** के गर्छस त ! छेउ छेउका जिल्लाका कुना काप्चाका गाउँमा समेत विजुली पुगि सक्यो हाम्रोमा बल गरीदिने कोही नभएर हो कि ?

**लखन :** त्यही भएर, एक्लैको मेहतनले केही हुँदैन । तिमीहरु जस्ता जान्ने बुझ्ने दुई चार जना मिलेर यसो प्रयास गरौंनँ । सदरमुकाम गएर हुन्छ कि क्षेत्रीय कार्यालय तिरै जानु पर्ने हो कि ?

**साधु :** भएन, पोहोर त प्रयास गरेकै हो नि !

केन्द्र वाटै बजेट आएको छैन भन्छन् उनीहरु ।

**लखन :** केन्द्रको मूख ताक्नु भन्दा त हामी आफैले केही गर्नु पर्छ । स्थानीय निकायले स्थानीय काम गर्नु पर्छ र पो कहाँ के बढी जरुरी छ थाहा हुन्छ ।

**यशोदा :** हो त, त्यै टुकि बालेर छोरा छोरीले स्कूल पास गरी सके विजुली भए त गाउँ नै उज्यालो हुन्थ्यो होला ! तर पनि मलाई चै....

**लखन :** के तर पनि भाउजू ?

**यशोदा :** कोई लाई के को धन्दा कोई लाई के को धन्दा घर ज्वाँईलाई खानैको धन्दा भने जस्तो क्या बाबु । मलाई चै पानीकै समस्याले पिरलेको छ ।

**लखन :** त्यो त हो नि भाउजू, न पानी छ न विजुली छ, न बाटो छ । किन हामी मात्रै पछि परेका होलाउँ ?

**साधुराम :** हामी मात्रै पछि परेका हैनौँ लखन। हाम्रो देशमा हामी जस्ता करोडौँ पछि परेका छौँ, कहिं जातीय विभेदले पछि पर्‍यौं, कहिँ भौगोलिक विभेदले पछि पर्‍यौँ । यस देशका पहिलेका योजना विद् भनाउँदाहरुले काठमाण्डौंलाई मात्रै देश देखे, त्यही खाल्डो मात्र नेपाल हो भन्ठाने । त्यसैको धुरी वरी परी सारा अर्थतन्त्र चल्यो । चाप्लुस योजना विद्हरु देशलाई सही मार्ग दिनुको सट्टा छातीमा झुण्ड्याउने पट्टाको लोभमा शक्ति केन्द्र वरी परी घुमी राखे । देशमा व्यापक असमानताको विउ रोपिदै गयो जस्ले वर्गीय युद्ध जन्मायो ।

(यशोदा र लखन चुपचाप सुनि राखेकै हुन्छन्)

**साधुराम :** सवै समस्या समाधान हुन समय लाग्छ । जे होश लोकतन्त्रको सुनौलो विहानीले केही भए पनि शान्तिको सास फेर्न दिएको छ । यसै माथि पनि कालो बादल नमाडारिओस भनेर हामी जनतानै सँधै चनाखो र सतर्क भई राख्नु पर्छ ।

**लखन :** हो.... सवै कुराको जानकार त आफै छस, मैले त कोट्याउने मात्र हो। केही गरौं जसरी भए पनि गरौं भन्न आएको । म अरुलाई पनि भन्छु । (उठ्तै) आज त रात परिगो भोलि अरुलाई पनि नउचाली भएन भोलि चौतारामा आइज हैत र यशोदालाई नमस्ते गर्दै) गए त भाउजू फेरि आउँला ........

(जान्छ)

**यशोदा :** (नमस्ते फर्काउँदै) आउँदै गर्नुस है बाबु (साधुराम तिर हेर्छिन... साधुराम टुकि बोकेर फेरि भित्रै तिर लाग्छन् । (अध्यारो)

## दृश्य : १३

समय : विहान/वाहिर

स्थान : चौतारो

स्थान : गाउँलेहरु, साधुराम, लखन

(Visual Mixing हुँदै विहान हुन्छ ।

गाउँको चहल, पहल, आ-आफ्नो काम धन्दा, क्यामेरा विस्तारै चौतारोमा पुग्छ । तौतारोमा गाउँले हरु जम्मा भएका छन् । कुराकानी हुँदैछ ।)

**लखन :** हामी पछि परेको धेरै भयो अव हामी आफै अघि बढ्नु पर्छ यो गाउँलाई विजुली चाहियो, पानी चाहियो, बाटो चाहियो, त्यसको लागि के गर्नु पर्छ त्यो पनि चाहियो !

**बुढा :** चाहियो ...चाहियो, मेलो मेसो नपुर्‍याई चाहियो भनेर मात्रै हुन्छ ?

**मानब :** हो त मेलो मेसो भनेको राजनैतिक पहुँच, पहुँच भएको मान्छे हुनु पर्‍यो नि !

**लखन :** पहुँच त हामीले बनाइ दिनु पर्छ हामीले उचालेर पठाउनु पर्छ ।

**मानव :** हाम्रो गाउँ जिल्लाको राजनैतिक वस्तु स्थिति बुझेको, जनताको कुरा सुन्ने बुझ्ने मान्छे चाहिन्छ ।

बुढा : चुनावमा जिताएर पठाउँ कसैलाई भने, जुन जोगी आयो कानै चिरुवा भने जस्तो जो जितेर जान्छ उतै हराउँछ । त्यो खाल्डो त कस्तो दलदल रहेछ भने निस्केर कोही आउनै सक्तैन ।

लखन : यसपाली चै हामी राम्रो मान्छेलाई पठाउन त ल । यसपाली सांसद हामीले चुनेको हुनु पर्‍यो ।

मानव : पार्टी पद्धतीमा पार्टीले दिएका मध्ये हामीले चुन्ने हो, स्वतन्त्र पठाएर केही काम छैन ।

लखन : मैले पनि स्वतन्त्र भनेर त कहाँ भनेको हो र !
पार्टीमै भएको तर हामीले सिफारिश गरेर पठायौं भने त पार्टीले पनि मान्छ होला नि ।

मानव : को छ र त्यस्तो
(परबाट साधुराम आउँदैछन)

लखन : (साधुरामलाई देखेर, अनुहार हसिलो बनाउँदै) छ एक जना तिमी हामी सवैले चिनेको

बुढा : को ?

लखन : साधुराम !
(सवै जना छक्क परेर साधुराम भन्दै बोल्छन्)

साधुराम : (आई पुग्दै) सवै जना मिलेर के को छिनो फानो हुँदैछ ?

लखन : हाम्रो ठाउँमा इमान्दार मान्छेको खडेरी परेको छ यस्तो खडेरीमा एक झर पानी जस्तो छस साधु राम....... यसपालिको व्यवस्थापिकामा हामीले तँलाई पठाउने निधो गरेका छौँ साधुराम!

साधुराम : के भनेको त्यस्तो म जस्तो साधारण मान्छे त्यस्तो ठाउँमा गएर के काम मेरो लागि मास्टरी पेशा नै ठीक छ । त्यती ठूलो भार म बोक्न सक्तिन ।

बुढा : किन नसक्नु हाम्रो लागि ठिक मान्छे तिमी नै हौ ।

मानव : हो मास्टर सा'व यसपाली तपाई उम्कन पाउनु हुन्न ।

साधुराम : पार्टीले पत्याउनु पर्‍यो नि !

लखन : तेरो पार्टी कुन हो हामीलाई थाहा छ ? पार्टीलाई सिफारिश गरेर हामी पठाउँछौ भएन ?

साधुराम : (अकनमक्क पर्छन्)

सवै गाउँले : हो यसपालि साधुरामलाई पठाउने........(..बाल बच्चाहरु दल बल्ल कुद्छन् । )

## दृश्य : १४ Montagetype

समय : दिउँसो/वाहिर
स्थान : पसल बाहिर
पात्र : केटाकेटीहरु, दर्शकहरु केटा केटी दोडिदै आउर पसल वाहिरका मान्छेलाई भन्छन् । )

बच्चा : थाहा पाउनु भो यसपाली साधुरामलाई साँसद बनाउने अरे ! (फेरि कुद्छन्)

## दृश्य : १५ABC Montage

समय : दिउँसो/वाहिर
स्थान : घर वाहिर......... मन्दिर बाहिर गाउँतिर
गाउँ तिर
(सवै ठाउँमा बच्चाहरु एउटै कुरा फैलाउँदै हिँड्छन् ।)

## दृश्य : १६

समय : दिउँसो/वाहिर

स्थान : स्कूलको प्राङ्गण

पात्र : प्रधानाध्यापक, शिक्षकहरु, साधुराम

**केशव प्रधानाध्यापक :** तपाई ढुक्क हुनुस् साधु रामजी तपाईलाई हामी सवै शिक्षकको तर्फवाट सहयोग र समर्थन रहने छ ।

**सरिता :** हो साधुरामजी यो स्कूलका मात्रै हैन यो जिल्ला भरीका स्कूलका शिक्षकहरुको समर्थन तपाईलाई रहने छ ।

**ऋषि :** तपाईको विजय भनेको हाम्रो विजय हो शिक्षकको विजय हो ।

**आनन्द :** शिक्षकहरुको नाकको लाज राख्नु होला ?

**हरि :** हामी हाम्रो तर्फ वाट भरमग्दुर प्रयाश गरेर तपाईलाई विजय गराउने छौं । तपाई ढुक्क हुनुहोस ।

**साधु :** तपाईहरुको यही आड भरोसाले, गाउँलेहरुको विश्वास र समर्थन पार्टीको जिम्मेदारी सवैले मलाई एउटै कौतुहलता जगाएको छ । जनताको खबरदारीले म आफ्नो काममा सफल हुन सके भने धन्य सम्झने छु ।

## दृश्य : १७

समय : दिउँसो/वाहिर (भित्र)(पानी परे)

स्थान : साधुरामको फलैंचा आँगन... (बैठक)

पात्र : चतुरानन्द, पार्वती, यशोदा, अभय, अनुजा

यशोदा केही गर्दै हुन्छिन् । चतुरानन्द र पार्वती आई पुग्छन् । त्यो देखेर यशोदा काम छोडेर बहिनी र ज्वाँइलाई ढोक भेट गर्छिन् ।

**यशोदा :** बसौन (बसाउँछिन्) ए अनुजा, अभय यता हेर त ! (पार्वती, चतुरानन्द बोलाए तिर हेर्छन्)

**यशोदा :** मही पानी केही खाने हो कि ?

**पार्वती :** एकछिनमा खाउँला भाउजू,
(यत्तिकैमा अनुजा र अभय आईपुग्छन्)

**अनुजा :** ए सानिमा, सानोबा पो आइपुग्नु भएछ ।
(पहिले अनुजा पछि अभयले ढोग्छन्)

**अभय :** (ढोगी सकेर चतुरानन्द सँग) सानोबा अफिस छुट्टी लिएर आउनु भएको हो ? दुई चार दिन बस्नु हुन्छ ?
(चतुरानन्द र पार्वती एक अर्कालाई हेरा हेर गर्छन् त्यस्तो हेरा हेर देखेर अरुहरु पनि छक्क पर्छन् र प्रश्न वाचक चिन्हले चतुरानन्दलाई हेर्छन् ।)

**यशोदा :** (पनि एकातिर बस्दै) केही गाह्रो साँगुरो परेको भए पनि भन्दा हुन्छ ज्वाइ सा'व हामी सक्दो गरी हाल्छौ क्यारे !

**पार्वती :** त्यै अस्ती अभयलाई क्याम्पस भर्ना गर्दा लिएको रुपैंया खाँचो पर्‍यो भन्दै हुनुहुन्थ्यो र नि

यशोदा : ए त्यो..... त्यो त यसैपालि दिने भन्दो हुनुहुन्थ्यो ।

चतुरानन्द : आफ्नै पैसा भए पनि केही थिएन व्याजमा भनेर लिएको, समयमै दिन पाए व्याजले ढाड सेक्ने थिएन भनेर नि ।

यशोदा : अव सापट लिँदा व्याजको कुरा गर्नु भएको थियो भने व्याज पनि दिनु हुन्छ !

पार्वती : त्यै त दिइहाल्नु हुन्छ नि व्याज !!

(अभय र अनुजा मुख खिन्न पार्छन्)

चतुरानन्द : (यता उती हेर्दै) अनि दाइ चै स्कूलबाट कति खेर आउनु हुन्छ ।

अनुजा : खै बा त स्कूल सकेर पनि कोचिङ पढाउन थाल्नु हुन्छ त्यो पनि पैसा नलिकन कति खेर कति खेर ?

यशोदा : आज पनि गाग्रो ल्याउनु भएन भने पानीको खाँचै हुन्छ ।

लखन : (लखनको प्रवेश) ल यहाँ त पाहुना पनि जम्मा भएका रै' छन् । अनि चतुरानन्दजी यत्तिकै घुम्दै कि कामले !

चतुरा : कामैले !

यशोदा : बस्नुन बाबु ठाडा गाउँबाट आउनु भएको हैन होला त..... !

लखन : ल भाउजू सारा चटारो त अव मलाई पर्ने भो, मुखले प्याच्चे बोलि हालियो, अरु सवैले समर्थन गरी हाले ।

यशोदा : हैन के परेछ त्यस्तो समर्थन गर्नु पर्ने कुरा ?

लखन : हेर्नुस भाउजू यस पाली हाम्रो साधुरामलाई व्यवस्थापिकामा पठाइने भइयो, सांसद बनाउने भइयो । ( अभय अनुजा पनि छक्क पर्छन्)

(चतुरानन्दको अनुहार चरर चम्कन्छ)

यशोदा : हामीले मात्र पठाएर हुँदैन क्यारे जनताको भोट चाहियो, ड्याम ड्यामी छाप, अनि यो चितिन्छ ।

लखन : त्यसको तपाई चिन्तै नलिनुसन भाउजू मेरो साधुको योग्यता त मलाई पो थाहा छ, गाउँ गाउँ डुलेको छु । जनताले साधुलाई कति विश्वास गरेका छन् । त्यो त मलाई थाहा छ । विपक्षीको जमानत जब्द हुन बेर लाउँदैन ।

यशोदा : यो एकै चोटी यस्तो कसरी भयो ?

लखन : एकै चोटी केही हुँदैन भाउजू, दूर्घटना हुन त पूर्वाधारहरु तैयार हुँदै जान्छन् र दूर्घटना हुन्छ भने यसको त पृष्ठ भूमि धेरै लामो छ । आज गाउँ भरी भोलि जिल्ला भरी कुरा फैलिन्छ तर.... साधु किन आइ पुगेन ?

यशोदा : स्कूल सकेर आउनु होला नि त !

लखन : कहाँ हुन्छ ! घर सल्लाह लिनु पर्छ भन्थ्यो र आ'को, ल भै गो म उतै वाट उसलाई पार्टी कार्यालय तिर लान्छु पार्टीवाट टिकट नलिइभकै छैन...!

गए है....... भाउजू........... (भन्दै जान्छन्)

चतुराननद : (चम्किदै) .... दाइलाई उठ्न भन्नुस, वहाँको नामले साँच्चै जित्नुहुन्छ जस्तो लाग्छ । यी गाउँलेले यसपालिचै ठीक मान्छे छानेछन् । दाइ सांसद बन्नु हुन्छ ।

यशोदा : (अभय र अनुजा तिर हेरेर) तिमीहरु के भन्छौ ?

अभय : हामी त के भन्नु ! बा ले इच्छा गर्नु भएको हो भने हामी दिलो ज्यानले लाग्नु पर्छ ।

अनुजा : हो आमा, बा ले टिकट पाउनु भयो भने त जित्नुहुन्छ ।

चतुरानन्द : दाइ चुनाव लड्ने हो भने मलाई मेरो पैसा पनि चाहिँदैन व्याज पनि चाहिँदैन बरु... खोजेर दिनु परे अरु पनि खोजेर दिउँला भन्दिनुस ।

**यशोदा :** (छक्क पर्छिन्)

**पार्वती :** (पनि छक्क पर्छिन अरुहरुलाई पनि हेर्छिन् ?)

## दृश्य : १८

समय : दिउँसो / वाहिर

स्थान : चौतारो / पार्टी कार्यालय

पात्र : साधु, लखन, बढा, मानब, अभय, अनुजा, यशोदा, चतुर, पार्वती, (माष्टरजीहरु) गाउँलेहरु

................ पार्टीको उम्मेदवार घोषणा सभा

(चौतारोमा / अफिसमा तुल टाँगिएको छ ।)

(त्यसै अगाडी पार्टी कार्यालयका मान्छेहरु उभिएका छन् बेञ्चहरु राखिएको छ । कागज मिलाउँदैछन् ।)

मान्छेहरु धैर्य पूर्वक हेर्दैछन् । पार्टी सचिव उठ्छन् ।

**पार्टी उप-सचिव : उपेन्द्र :** अप हाम्रो पार्टीको तर्फवाट उम्मेदवार घोषणा हुँदैछ कृपया शान्त पूर्वक सुनिदिनुहोला ।

(साधु लखन, बुढा माता सवै हेरि रहेका छन्)

**सचिव : भलक :** (उठेर माइक समाउँदै) केन्द्रवाट आउनु भएका पार्टी प्रतिनिधिहरु, यस सभाका सभापति ज्यू, यसै जिल्ला पार्टी नेताहरु आदरणीय जन समुदाय हाम्रो गौरवमय पार्टीको, जनता र देशको लागि अनवरत सेवा गर्नु भएका असङ्ख्य नेता तथा कार्यकर्ताहरुको एउटा ठूलो पङ्क्तिवाट र विशाल जन समुदायवाट समेत सिफारिश आएका थिए । ती सवै सिफारिस व्यक्तिहरु, एक से एक उम्दा शिखर पुरुषहरु हुनुहुन्छ त्यही पनि सवैलाई ठाउँ दिन नसक्ने भएको हुँदा यस जिल्लाको २ सिट मध्ये हामीले निर्वाचन क्षेत्र नं.१ का लागि धन सिंह लिम्बु को नाम घोषणा गरेका छौं । सवैको लागि त्यसै गरी निर्वाचन क्षेत्र नं. २ को लागि ललित कुमार परियारको नाम घोषणा गरेका छौं भने यसै निर्वाचन क्षेत्र नं. ३ का लागि तपाईहरु कै सिफारिसमा साधुरामजीको नाम सिफारिश गरेका छौं...... (सवैले तालि बजाउँछन् कोही गएर साधुरामलाई काँधमा बोकेर डुलाउँन थाल्छन् ।

## दृश्य : १९

समय : दिउँसो / वाहिर

राति / बाहिर

<u>Mortage</u>

साधुराम, लखन, अन्य मानिसहरु घर घरमा गएर भोट माग्न थाल्छन् ।

## दृश्य : २०

समय : दिउँसो / वाहिर

स्थान : स्कूल

भोट हाल्ने ठाउँ बनाइएको छ मानिसहरु भोट हालिरहेका छन् ।

## दृश्य : २१

Mix

समय : दिउँसो / भित्र

स्थान : भोट गर्ने ठाउँ
पात्र : प्रहरीहरु, बुथका मान्छेहरु, सुरक्षा मतपेटीकाहरु कोठामा ल्याएर चाङ लाइदैछ ।

## दृश्य : २२
Mix
समय : दिउँसो/भित्र
स्थान : भोट गन्ने बाहिर
पात्र : साधुराम, खलन अन्य सवै कौतुहलता पूर्वक हेर्दैछन् । मानिसहरु जम्मा हुँदैछन् ।
Mix-Montage

## दृश्य : २३

समय : रात/भित्र
स्थान : भोट गर्ने ठाउँ
**Vote Counte** भै राखेको छ ।
Mix-Montage

## दृश्य : २४
Mix-Montage
समय : रात/वाहिर
स्थान : भोट गर्ने ठाउँ वाहिर
पात्र : साधुराम, लखन, पार्टी मेम्बरहरु गाउँलेहरु यशोदा, अभय, अनुजा आदि,
Mix-Montage

## दृश्य : २५
समय : दिउँसो/भित्र
स्थान : भोट गर्ने भित्र
(भोट गनी सकेर टोटल हुन्छ । सवै निन्द्राले वोझिल वेहालत छन् ।)

## दृश्य : २६
समय : दिउँसो/बाहिर
स्थान : भोट गन्ने वाहिर
पात्र : साधुरामका परिवार, लखन, दृश्य २३ का सवै घोषणा गर्ने व्यक्ति -प्रमुख जिल्ला अधिकारी ?)
(अन्य मान्छै कौतुहलता पूर्वक हेरि रहेका छन् ? साधुराम र लखन खुसी छन् )

प्रजि.अ.: आदरणीय जनसमुदाय , क्षेत्र नं. ३ को पनि मत गणना सकिएको छ। चित्त नवुझ्केका उम्मेदवारहरुले नियमानुसार समय भित्र उजुर गर्नु होला -

उम्मेदवार - सूर्यमान - २४७

उम्मेदवार - रामहरि - १८४७

उम्मेदवार -साधुराम - २१,२४५

(जनताको प्रतिक्रिया)

यस प्रकार साधुरामजीले अत्याधिक वहुमत ल्याई क्षेत्र नं. ३ का विजयी उम्मेदवार घोषणा गरिन्छ।

(सवै गाउँले मिलेर खुसि हुँदै साधुरामलाई अबिर माला लगाउँछन् .................. कसैले बोकेर उचाल्छन ?
नारा लाग्छ : यो जीत कसको जनताको

# सपनाको महल

## दश्य - २७

स्थान : संसद भवन/बाहिर

पात्र : सांसदहरु, साधुराम, लेखनाथ

(संसद भवनवाट सांसदहरुसँगै साधुराम पनि निस्कन्छन्। अर्को सांसदले उसलाई पछ्याउँछ अलि एकान्त जस्तोमा छेकारो पारेर लेखनाथले साधुरामलाई रोक्छन्।)

**लेखनाथ :** नमस्कार ! मलाई चिन्नुभो साधुरामजी ?

**साधुराम :** ओ हो लेखनाथ जी ! नमस्कार ! कस्तो नचिन्नु त ? आमावित्नु भयो भनेर घर जानु भयो त्यसपछि एकै चोटी राजिनामा गर्नु भयो। तपाई सांसद हुनु भएको रेडियो वाट चै सुनेको थिएँ।

**लेखनाथ :** अँ त्यस्तै पर्‍यो, घर गए पछि घरकै झमेलामा परियो उतै स्कूल खोलेर पठाउन थालियो। फेरि राजनीतिले छोडेन यतै लागियो।

**साधुराम :** म पनि हेर्नुन ख्याल ख्याल गर्दा गर्दा उठाएर जिताएर पठाई दिए।

**लेखनाथ :** अनि एक्लै हुनुहुन्छ कि परिवारै यतै छन् ?

**साधु :** छोरो यतै पढ्दै थियो, छोरी पनि यसपाली एस.एल.सी. पास भई उ पनि यतै पढ्ने, अनि म यता भए पछि श्रीमती मात्र किन उता ? सवै यतै छौं !

**लेखनाथ :** भने पछि बसाई सराई नै गरिसक्नु भयो कि क्या हो ?

**साधु :** हैन गाउँ त कहाँ छोड्ने अव आफ्नो सतत प्रयासले आफ्नो क्षेत्र विकाश गर्न थाल्ने हो।

**लेखनाथ :** ल बधाइ छ। अहिले कहाँ त ?

**साधु :** पानी/विजुली मन्त्रालय लाग्ने हो। आफ्नो काम त सुरु गरी हाल्नु पर्‍यो नि.... गएँ त (भन्दै साधुराम अर्कोतिर लेखनाथ अर्को तिर लाग्छन्)

## दृश्य - २८

समय : दिउँसो/वाहिर

स्थान : पानी मन्त्रालय/वाहिर

पात्र : साधुराम

(साधुराम पानी मन्त्रालय भित्र छिर्छन)

## दृश्य - २९

समय : दिउँसो/भित्र

स्थान : मन्त्रीको कोठा

पात्र : साधुराम, मन्त्री (पानी मन्त्री)

(साधुराम ढोकावाट भित्र छिर्छन)

**साधु :** नमस्कार मन्त्रीज्यू,

**मन्त्री :** (पहिले नचिनेर हेरे जस्तो पछि चिनेर)

**ए माननीय ज्यू, नमस्कार, बस्नुस् ।**

**साधु :** (बस्छ)

**मन्त्री :** तपाईको समस्या के भएको अरे !

**साधु :** गाउँको माथि पानीको मुहान छ त्यहाँ एउटा रिजर्भ्वायर बनाएर पानी सङ्कलन गर्‍यो र पाइपवाट पानी वितरण गर्‍यो भने चार ओटा गाउँलाई पानी पुग्छ, घर घरमा । त्यो बनाउन पहिले सर्भे गर्दा ४० लाखेको इस्टिमेट थियो अहिले ६० लाख पुग्छ होला । त्यो पैसा गा.वि.स. ले मात्र जोडाउन सकेन त्यसैले केन्द्रको सहयोग चाहियो ।

**मन्त्री :** जि.वि.स. ले हेरेन ?

**साधु :** विगतको द्वन्दको स्थिति हेर्नुसन् । निर्माण कार्यको गति । अव रुकेको निर्माण गति युद्ध स्तरमा अगाडि बढाउनु भयो भने मात्र देश विकाश हुन्छ । यथास्थिति त तदर्थवादले देश चलाउन खोज्नु भनेको फेरि अर्को द्वन्द जन्माउन खोज्नु हो । त्यसै टाल टुल गर्ने, अल्झाउने, झुलाउने भन्दा फटाफट काम गर्दै जाउँ । गाउँका मान्छेहरु एक विहान पानी ओसार्न मात्र विताउँछन् । त्यो श्रम खेर गयो कि गएन ? के बाँच्नु मात्रै जीवन हो ?

**मन्त्री :** के गर्नु त माननीय ज्यू । पहिलेकाले सबै बजेट भुसुक्क पारेका छन् । त्यै पनि मैले सचिव ज्यूलाई भनेको छु जतावाट तानेर भएपनि पुरक बजेट बनाएर भएपनि यो योजना चै पार्नै पर्छ भनेको छु त्यै पनि ................ तपाई ढुक्क हुनुहोस........... यो काम म गराएरै छोड्छु .........

**सा'वु :** (उठेर नमस्कार गर्दै) धन्यवाद मन्त्रीज्यू.... यो योजना राखिदिनु भयो भने म मात्रै होइन सारा गाउँलेहरु खुसी हुने थिए । आशिर्वाद लाग्ने थियो तपाईलाई ।

**मन्त्री :** (मुसुक्क हाँस्छ) ............

(साधु जान्छन् )

## दृश्य - ३०

समय : दिउँसो/वाहिर

स्थान : पानी मन्त्रालय

पात्र : साधुराम, मन्त्री (पानी मन्त्री)

साधुरामा पानी मन्त्रालयवाट निस्केर विजुली मन्त्रालय तिर लाग्छन् ।

## दृश्य - ३१

समय : दिउँसो/वाहिर

स्थान : विजुली मन्त्रालय

पात्र : साधु

(साधुरामा विजुली मन्त्रालय तिर छिर्छन्)

## दृश्य - ३२

समय : दिउँसो/भित्र

स्थान : विजुली मन्त्रीको कोठा

पात्र : साधु, विजुलीमन्त्री

(दुई जना मान्छे हात मिलाउँदै छुट्टिन्छन् । एउटा कुर्सिमा बस्छ एउटा ढोकातिर बढ्छ । त्यो मान्छे निस्कन लाग्दा साधुरामभित्र छिर्छ झण्डै ठोक्कीन्छ मान्छे जान्छ ।)

**साधु :** नमस्कार, मन्त्रीज्यू,

**मन्त्री :** (कुर्सीमा बसी बसी) नमस्कार......... ए साधुरामजी बस्नुस् ।

**साध :** मेरो सानो काम हो मन्त्रीज्यू, उभी उभी सकेर जान्छु हुन्न...... ?

**मन्त्री :** जस्तो तपाईको विचार........... सभापति ज्यू ले भन्नु भएकै थियो ........ कुन गाउँ वाट तान्नु पर्ने ( डायरी पल्टाएर हेर्न थाल्छ) जीतपुर सम्म चै विजुली पुगेको छ त्यहाँवाट त्यही दुई किलोमिटर जति तार तान्यो भने पुग्छ केही न केही गा.वि.स. ले पनि सहयोग गरी हाल्छ ।

**मन्त्री :** (मन्त्रीले डायरीमा नोट गर्छ) हुन्छ साधुरामजी यो वर्ष तपाईको गाउँमा विजुली पुग्छ...... ।

**साधु :** मेरो गाउँ मात्र हैन मेरो चुनाव क्षेत्रभरी विजुली फैलिनु पर्‍यो । हाम्रो विडम्बना जलस्रोतको धनी देश भन्छौ, तर हामी नै विजुली र पानी जस्तो न्यूनतम आधारभूत आवश्यकतावाट बञ्चित छौं ।

**मन्त्री :** तपाई ढुक्क हुनुहोस साधुराम जी ! बरु प्राधिकरणको योजनामा पनि यो कार्यक्रम थप्न लगाउनुस त्यसो भए निर्विघ्न तपाईको काम हुन्छ ।

**साधु :** यसरी गर्न खोजेका कामहरु खुरु खुरु भै दिए त देश विकाश भै हाल्थ्यो नि... म जान्छु त मन्त्री ज्यू, नमस्कार.. (मन्त्रीले नमस्कार फर्काउँछन् । साधुराम त्यहाँवाट पनि निस्कन्छन् ।)

## दृश्य - ३३

समय : रात/भित्र

स्थान : साधुरामको डेरा कोठा

पात्र : साधु, अभय, अनुजा, भाञ्जा

कोठामा लुगाहरु छरपस्ट छन् । लुगा लाउन खोज्दैछिन्, यशोदा........

**अनुजा :** अव जे छ त्यही लाउने नि बोलाएको ठाउँमा जानै पर्‍यो ।

**अभय :** जाने भनेर के गर्नु यहाँ मान्छेहरु कस्तो कस्तो ठाँटिएर आउँछन् । हामी यहाँका सम्रान्त भनाउँदाहरुको पार्टी सार्टीमा जाँदा अलग्गै देखिन्छौ म त जान्न.............

(त्यही वेला................ साधुराम त्यहाँ आइपुग्छन् चारै तिर नियालेर हेर्छन् पछि पछि. भाञ्जा देखा पर्छन् ।

**साधु :** ए आज पार्टीमा बोलाएको थियो हई'

**यशोदा :** अँ ढीलो हुने हो कि...... अभय चै लुगा नभएर नजाने भन्छ ।

**साधु :** नाङ्गै हिडेको छैनस् ! जे छ त्यही लगाएर जाने ।

भाञ्जा :	हो त, खै कुरा वुझ्केको जे छ त्यही लगाएर जाँदा भै हाल्छ नि ।
(अभय ठुस्स परेर कोठावाट निस्कन्छ)
भाञ्जा :	कुरा वुझ्दैनन् ।
साधु :	छोडदेउ उसलाई । हामी जाउँ न त ।
यशोदा :	यत्तिकै जाने ?
साधु :	मलाई त गाह्रो लाग्दैन... हिड !
अनुजा ! (सवै निस्कन्छन्)
भाञ्जा :	(पनि पछि लाग्छन्) ...... 'खै कुरा वुझ्केको मचै नजानु ?
साधु :	तपाई नजानुस.. अभय घर बस्छ वस्तैन', फेरि फौजै लिएर जानु राम्रो देखिन्न !
है भाञ्जा ....................... सवै जान्छन्)
(भाञ्जा अनुहार ठुस्स पार्छन् )

## दृश्य - ३४

समय : रात/वाहिर/भित्र
स्थान : पार्टी स्थल
पात्र : साधु, यशोदा, अनुजा

(पार्टीको रमझम चलि रहेको छ । साधुरामका परिवार गएर पार्टीमा मिसिन्छन् । अर्को तिर दुई वटा महिलाहरु हुन्छन् । उनीहरु कुरा गर्न थाल्छन् ।)

चन्द्रिका :	को हुन यिनीहरु नौला मान्छे जस्ता छन् (हेपेर)
ममता :	त्यही छिमेकीमा भाँडामा बस्न आका हुन क्यार हाम्रै घनश्यामजीका नयाँ मित्र ।
ममता :	काम नलाग्ने मान्छे भए त घनश्यामजीले मित्रता बढाउनु नै हुने थिएन । सांसद हुन क्यार ।
चन्द्रिका ए..............(हेपेर)
(यत्तिकैमा घनश्याम आएर साधुलाई र यशोधालाई नमस्कार गर्छ......... केही लिने इशारा गरेर कानेखुसी गर्छ । साधुराम हुन्छभन्छ। घनश्याम जान्छ ।
चन्द्रिका :	(उठ्छे ममतालाई पनि इशारा गर्छे, जुवै उठ्छन् ? (ममता) र साधुराम भएको छेउमा स्न्याक्स लिदै उभिन्छे । सवै केही कुरा खान्छन् ।
चन्द्रिका :	(यशोदालाई सुनाउने गरी ममता सँग) सांसदकी श्रीमती अरे... छ्या कस्तो लुगा लगाएको :
(यशोदा पुलुक्क हेर्छिन, श्रीमानलाई हेर्छिन, अनुजा आमावुवा दुवैलाई हेर्छे ।)
चन्द्रिका :	किन्न पनि दश वर्ष पुरानो किनेको जस्ता छ । पार्टी सार्टी आउँदा त अलि गतिलो लुगा लगाउन नसक्नेले किन आउनु ?
(यशोदा जरक्क हुन खोज्छे, साधुले रोक्छन्)
(ममताले चन्द्रिकालाई तानेर अर्को तिर लग्छे र
ममता :	विना सित्ति किन खिस्सी गर्न पर्‍यो ।
चन्द्रिका :	यस्ता मान्छे पार्टी मै मन पर्दैन मलाई ।

## दृश्य - ३५

समय : राति/भित्र

स्थान : साधुरामको डेरा कोठा

पात्र : साधु, अभय, अनुजा, भाञ्जा

अभय कोठामै पढ्दै हुन्छ । यस्तैमा ढोकातिर हेर्छ । साधुहरु भित्र छिर्छन । सवै उदास छन् ।

**अभय :** कस्तो भयो त पार्टी ?

(कोही वोल्दैन थप थप बस्छन् ।अभय छक्क पर्छ ?)

**भाञ्जा :** (ढोकामा च्याएर" राम्रो चै भएन छ,

मैले त छर्लङ्ग कुरा वुझि सकेँ ।

## दृश्य - ३६

समय : दिउँसो/बाहिर

स्थान : सडक (गाडी-बस गुडी राखेका छन्)

पात्र : अभय, राजीव

बस स्ट्याण्डमा एउटा गाडी आएर रुक्छ । भीडबाट राजीव र अभय.... बल गरेर बाहिर निस्कन्छन् ।

**अभय :** (विग्रेको लुगा मिलाउँदै) हेत्तेरीका........... घरमा सफा लुगा लाएर हिँडे पनि कलेज नपुगी मैली सक्छ । दिन भरी कुच्चेकै लुगा..........

**राजीव :** के गर्छस बाबु हामी रइशका छोरा हुन सकेनौं........... बस त चढ्नै पर्‍यो ।

**अभय :** यसरी विहान बेलुकै लडाई गर्नु भन्दा त हिँडेर आउन जान ठीक हुदैन यार ।

**राजीव :** सके त हो ! अफू त हिँडे भने एक घण्टा लाग्छ भोकलै सातो गएको हुन्छ वेलुका त !

**अभय :** त्यो पनि हो .......

**राजीव :** ए अभय तेरो वा त सांसद हैन एउटा मोटर साइकल किन्न लगान.. के दुःख गर्छस् ?

**अभय :** मेरा बाउ सांसद भएर के गर्नु सांसदको तलव नै कति हुन्छ । घर खर्च धान्न त आमालाई कत्रो गाह्रो छ ।

**राजीव :** दायाँ वायाँ नगरी त तलवले मात्र के हुन्छ त तेरो बा त लाटै छन् जस्तो छ । (दुवै ऋस)

## दृश्य - ३७

समय : दिउँसो/बाहिर

स्थान : बस स्ट्याण्ड

पात्र : अनुजा, नीरज

अनुजा बस पर्खी रहेकी हुन्छे । बस आउँछ, सवै भीड मात्र हुन्छ, मानिसहरुको घुरेको आँखा......................बस चढ्न सक्तिन । बस जान्छ । यस्तैमा एउटा केटा मोटर साइकलमा आएर अनुजाको अगाडी रोक्छ ।

**नीरज :** (हेलमेट खोलेर) अनुजा !

**अनुजा :** (पुलुक्क हेर्छे)

| | |
|---|---|
| **नीरज :** | कति कुर्छौ बस् ? सवै उस्तै भीड हुन्छ । |
| **अनुजा :** | भीड अलि कम भए पछि जान्छु । |
| **नीरज :** | रात पर्छ अनुजा...... आउ म तिमीलाई पुर्‍याइदिन्छु । |
| **अनुजा :** | भै गो निरज.. म हिँडेरै जाउँला..... |
| **नीरज :** | नजिकै भएपो हिँडेर जानु...................... |
| **अनुजा :** | (निरुत्तर हुन्छे)....... |
| **नीरज :** | तिमीले शङ्कोच मान्नु पर्दैन.............. तिमीलाई म अन्त लान्न सोभै घरै लगी दिन्छु आउ ! |
| **अनुजा :** | (विवसतापूर्वक मोटरसाइकलमा गएर बस्छे) |
| **नीरज :** | Don't worry (हेलमेट लगाउँछ स्टार्ट गरेर जान्छ । ) |

## दृश्य - ३८

समय : दिउँसो/बाहिर

स्थान : सडक

पात्र : साधुराम

(साधुराम पनि........ भोला बोकेर सडकमा लखर लखर हिंडि रहेका छन् । उनी थकीत देखिन्छन् ।)

## दृश्य - ३९

समय : दिउँसो/भित्र

स्थान : साधुको घर डेरा

पात्र : साधु, अनुजा, अभय, यशोदा, भाञ्जा

| | |
|---|---|
| **अभय :** | (घर भित्र छिर्दै) आमा भोक लाग्यो.... खाजा खान दिनुन.... |
| **यशोदा :** | बन्दै छ, बस्तै गर बाबा र वैनी पनि आएपछि खाउँला........... |
| **अनुजा :** | (पनि आई पुग्दै) आमा म पनि आईपुगी सकें भोक लाग्यो.......... ल बस्दै गर म लिएर आउँछु । |
| **भाञ्जा :** | (निस्कदै) खै कुरा वुभ्केको ? मामा चै आउनु पर्दैन ? |
| **यशोदा :** | ठीक ठाक पार्दा पार्दै मामा पनि आउनु हुन्छ ।' |
| | (नभन्दै साधुराम पनि आईपुग्छन् । उनी केही नवोली चुपचाप व्याग फ्याल्दै थकीत भएर बस्छन् । |
| | (सवै एक अर्कालाई हेर्छन् । यशोदाले सवैलाई खाजा चिया दिन्छिन् । |
| **साधु :** | खै चियामा त चिनी नै लागने छ ! |
| **यशोदा :** | चिनी पनि सकियो पैसा पनि सकियो । |
| **साधु :** | एक किलो चिनी किन्ने पैसा पनि छैन त ? |
| | अस्ति भरखर दिएको १५,०००।- सिद्धियो ? |
| **यशोदा :** | हिसाव जोड्नुस्न, घरभाँडा ६,०००।- विजुली १०००।-, पानी ५००।-, अनुजालाई एडमिशन ५०००।-, वाटो खाजा खर्च ३००।-, अभयलाई ३००।- चामल ९००।- हाल ३००।- तरकारी मर मसला कहाँ गरे................ |
| **अभय :** | ७००।- मात्रै भए पनि १५,०००।- पुग्यो -मेरो कलेजको फिस त तिरेकै छैन । |

भाञ्जा : मामाले खै कुरा वुभ्mनु भएको । यो काठमाण्डौं त साक्षसै रै'छ पैसा खर्च नगरी त पाइला सार्नै पनि गाह्रो । मलाई पो डर लागि सक्यो !

यशोदा : घरमा पो चामल दाल तरकारी केही किन्नु पर्दैनथ्यो । हजुरको तलवले खर्च पुग्थ्यो !

भाञ्जा : यहाँ त ह्वार ह्वारी पेट्रोल बालेर गाडी चढेका छन् । छन छनी पैसा खर्च गरेका छन् । कहाँवाट ल्याउँछन, कसरी पुर्‍याउँछन् । यहाँ चै मैले पनि केही कुरा वुभ्mेको छैन ?

अभय : हाम्रो कलेजमा खरदार सुब्बाका छोराहरु पनि मोटर साइकल चढेर आउँछन्, फर्माइस त्यत्तिकै हुन्छ, कहाँबाट आउँछ पैसा ।

अनुजा : मेरा साथी पनि कोही स्कूटरमा कोही गाडीमा चढेर आउँछन् ठूला व्यापारी पनि हैनन् । अचम्म लाग्छ । आफूलाई त म सांसादकी छोरी भन्न पनि लाज लाग्छ ।

साधु : अरुले कहाँवाट ल्याउछन् के गरी ल्याउँछन् । त्यो हाम्रो चासोको विषय हैन । अरुले हात्ती चढे भनेर हामी धुरी चढ्न जाने हैन । (-अभय र अनुजाको मन नपरेको भाव)

साधु : अरुले के गरे भन्दा हामी के गर्छौ त्यो महत्वपूर्ण कुरा हो । हामीले हाम्रो स्तर र अवस्था विर्सनु हुँदैन ।

(यशोदा र भाञ्जाको प्रतिक्रिया सामान्य)

साधु : भौतिक सुख सुविधाले मान्छेको तृष्णा अझ बढाउँछ कहिल्यै पुग्दैन । दुःख सुख शहरमा पढ्न पाएका छौ यही नै ठूलो कुरा हो ।

अभय (खाजा खाई सकेर ओठ लेब्र्याएर हिँड्छ) अनुजा पनि त्यसै गरी हिँड्छे.... । साधुराम टाउकोमा हात राखेर चिन्तित हुन्छन् ।)

(ढोकामा घनश्याम देखा पर्छ । भाञ्जा र यशोदा पुलुक्क घनश्याम तिर हेर्छन्) घनश्यामको हातमा प्याकेट छ ।

घनश्याम : नमस्कार, माननीय ज्यू,

साधु : (टाउको उठाएर हेर्छन्)

ए नमस्कार, घनश्यामजी, आउनुस्न बस्नुस् ।

घनश्याम : (आएर बस्तै) चिन्तित देखिनुहुन्छ नी !

साधु : हैन त्यसै थाकेर बसेको ............................

घनश्याम : हजुरले त्यत्ति काम गरीदिनु भयो, मेरो लागि लाख भयो हजुर !

साधु : ए त्यो अस्तिको काम..... भयो त्यो ?

घनश्याम : नहुने कुरै छैन......... तपाईको प्रसंसा निकै भयो त्यहाँ मलाई भन्दा त उनीहरुलाई बढी थाहा रै'छ । काम त फटाफट भै गो...... अँ.... (गरेर यताउती हेर्छ) (अरुको प्रतिक्रिया)

घनश्याम : (हातको पोका टेवलमा राखेर साधुलाई हेर्छ) ।

घनश्याम : के हो यो ?

साधु : एउटा मोबाइल किनेको हजुर आफ्नो चै श्रीमती ज्यूले राखि दिनु भयो.......

साधु : ए राम्रे रै'छ कति पर्छ ?

घनश्याम : यो त साधाराण हो हजुर - १५०००।- पर्‍यो.................

भाञ्जा : मामा तपाईलाई पनि त घुमन्ते फोन चाहिन्छ नि हइ.............(साधुको Reaction यशोदाको Reaction)

घनश्याम : हजुर संग छैन र ? ...... मलाई पहिले भन्नु पर्ने । यसो गर्नुस हजुर यो तपाई नै राख्नुस् म अर्को किनौला......

**साधु :** अहिले म संग पैसा छैन । पैसा भए पछि किनौला ।

**घनश्याम :** कस्तो कुरा गर्नु भएको हजुर...... पैसा त पछि मिलाउँला । भएको वेलादिनु होला............ यसो यसो गर्नुस. हजुर यो तपाई नै राख्नुस् । (-पर सार्छ)

**साधु :** उधारो झन भारी हुन्छ घनश्याम जी............

**घनश्याम :** त्यो त हुन्छ....... तर केही छैन यो तपाई नै राख्नुछ् ।

**साधु :** होस पहिले सिमकार्ड किनौ पछि मोबाइल किनौला ।

**घनश्याम :** के कुरा गर्नु हुन्छ हजुर ? मोबाइल लिएर गएन सिमकार्ड चेक हुन्छ । यो हजुरलाई भो ल !

**साधु :** (अकमकाउँछ)

**घनश्याम :** अफ्ट्यारो नमानी लिनुस हजुर !

**यशोदा :** त्यत्रो कर गरे पछि लिनुस्न त .....

**भाञ्जा :** खै कुरा बुझेको मामा !! हजुरलाई नि सजिलो, हामीलाई पनि सजिलो, लिए हुन्छ !

**घनश्याम :** मोबाइल नाथे त आजकाल फुटपाथेहरुले बोक्छन् । हजुर जस्तो माननीयले त बोक्नै पर्छ हजुर हामी छिमेकी नै हौं । हजुरलाई कैले खन खाँचो परे पनि मलाई सम्झे हुन्छ हजुर (सवै चुप लाग्छन्)

**घनश्याम :** हजुरलाई धन्यवाद दिन आएको थिएँ । म अहिले लाग्छु (मोबाइल छोडेर जान्छ)
(यो नै उसको गलतिको पहिलो सिँढी हुन्छ ।)

## दृश्य - ४०

समय : राति/भित्र

स्थान : लेखनाथको वैठक

पात्र : लेखनाथ, साधुराम, गङ्गाराम, भजनलाल, ज्योतिलाल

(खानपिनको रमझम चलिरहेको छ । रक्सीका वोतलहरु खुलेका छन् । व्यापारी जस्ता लाग्ने मानिसहरु छन् । साधुराम पनि पुग्छन् ।)

**साधु :** (जाँदा जाँदै देखा पर्छन्)
(साधुको P.O.V. अरुहरुको)

**लेखनाथ :** ओ हो ल आउनुस साधुरामजी हामी तपाईको स्वागतमा बसेका छौं ।

**साधु :** यहाँ त गजवको रमझम चलिरहेको रै'छ ।

लेखनाथ : साधुरामजीलाई पनि भाग गलाउ
(कसैले त्यसै गर्न खोज्दै छ ।) बस्नुस् ।

**लेखनाथ :** वाइ द वे परिचय गरौं न त.......
वहाँ मेरा पुराना मित्र साधुराम र वहाँ भजनलाल ।

**भजनलाल :** नमस्कार

**साधु :** नमस्कार

**लेखनाथ :** वहाँ गङ्गा राम, (गङ्गाराम नमस्कार गर्छ) साधु नमस्कार फर्काउँछ ।

**लेखनाथ :** वहाँ ज्योतिलाल,

**ज्योति :** नमस्कार

**साधु :** नमस्कार

**लेखनाथ :** वहाँ शङ्कर

शङ्कर : नमस्कार ।

लेखनाथ : वहाँहरु सवै एक से एक व्यवसायीहरु हुनुहुन्छ......

एउटाले खाने सामान ल्याएर साधुरामजीको अगाडी राख्छ साधु त्यसबाट एउटा सलाद झिकेर खान्छन् ।)

भजनलाल : शङ्कोच मान्नु पर्दैन हजुर, हामी त खुला छौँ (साधु मुस्काउँछ मात्र अप्ठ्यारो मानिरहन्छ)

गङ्गा : तरल पदार्थ चल्दैन हजुरलाई ?

साधु : कहिले खाएको छैन ।

साधु : आज चाखी हाल्नुस हजुर !

साधु : म ? (""""॥हाँसेर टार्छ)

शङ्कर : यहाँको सोसाइटीमा यो एउटा अनिवार्य चिज हो । जति तपाई यो सँग दोस्ती बढाउँदै लानु हुन्छ समाजका टाढा बाठा सँग दोस्ती बढ्दै जान्छ ।

लेखनाथ : यत्रो जनाले कर गरे पछि खाइदिनुस्न..............

साधु : प्लिज कर नगर्नुस..... म अरु थोक खान्छु नि ।

भजनलाल : अरुथोक त त्यो खाए पछि अझ बढी खाइन्छ ।

गङ्गाराम : यहाँको कुनै खर्च तपाईलाई लाग्दैन ।

ज्योति : यहाँको खर्च हामी व्यहोर्छौं.......... तपाई खानुस मजाले ............. (सवै गलल हास्छन्)

लेखनाथ : आज मात्रै हो कर गर्ने । आज खाए पछि भोलि देखि कसैले कर गर्दैन । तपाई खाँदै खानु हुन्न भने थाहा पाएको भए बोलाउने थिइनँ नि ! (वातावरण चट्ट शान्त हुन्छ ।)

(सवै एक अर्कालाई हेर्न थाल्छन्)

लेखनाथ : खान दिए पछि खानु नि किन नखरा पार्नु । मेरो पनि कहाँ यस्तो क्षमता छ र वहाँहरुले खर्च गर्नु हुन्छ । म वहाँको काम गरिदिन्छु मेरो वहाँहरुले गरिदिनुहुन्छ ।

शङ्कर : ढुङ्गाको भर माटो माटोका भर ढुङ्गा...... समय अनुसार चल्नु पर्छ ।

साधु : (लाई पिन्च पर्छ, उ रक्सीको सिङ्गै वोतल उठाएर तनतनी पिउन थाल्छ । फेरि सवै छक्क परेर साधुलाई हेर्छन् ।

(वोतल सकेर भूइमा राख्तै लेखनाथलाई)

साधु : तेरो औकात थिएन भने मलाई रक्सी खाने ठाउँमा किन वोलाइस ? तेरो मेहेतनले कमाएको एक कप फिका चिया नै मेरो लागि अमृत समान थियो । मीठै मानेर खान्थे । यी भ्रष्ट व्यापारीहरुको आडमा मलाई बोलाएर अपमान गर्न खोजेको ।

भजन : भ्रष्ट व्यापारी मात्र हुँदैन साधुजी, समाजका हरेक तप्कामा भ्रष्ट्राचार हुन्छ ।

साधु : जायज नाजायज काम तपाईहरु गराउनु हुन्छ । यो देश विगार्ने तपाईहरु जस्तै भ्रष्ट व्यापारी हो । सवै सिष्टममा आक्रमण गरे Paralisys गरि दिनु हुन्छ र सवैलाई आफ्नो औंलामा नचाउन चाहनु हुन्छ ।

गङ्गा : हाम्रो काम निकाल्न हामी जे पनि गर्छौं ?

साधु : यो सांसद तेरो को हो ? किन यसरी लुटाउँछस् ? सव मलाई थाहा छ । किन देश झन झन कमजोर हुदैछ ? सव तिमीहरु जस्ता भ्रष्टले गर्दा....

शङ्कर : के लेखनाथजी कस्तो मान्छेलाई बोलाउनु भएको ?

साधु : देश जनताको चाहना एउटा छ । त्यो पुरा गर्न सकिन्छ कि भनेर अगाडि बढ्यो, यहाँ त अर्कै संसार छ । देश विद्यूत गतिमा हिँड्न चाहन्छ तर यिनीहरु देशलाई भुसिलकिराको चालमा हिँडाउन खोज्छन् । प्रतिगामीहरु ...............

ज्योति : सव खल्लो चौपट.........

**Time Laps Shot**

## दृश्य - ४१

समय : बिहान/भित्र

स्थान : साधुको वेडरुम

पात्र : साधु, यशोदा,

(साधुराम सुति राखेका छन् । व्यूझिदा उनको टाउको बेस्सरी दुखेको छ टाउको समाउँछन् , सकि नसकि उठेर अडेस लागेर पलङ्गमै बस्छन् । यशोदाले चिया लिएर आउँछिन् र दिन्छिन् ।)

**यशेदा :** (चिया दिई सकेर बस्तै) (मुलायम स्वरमा) हिजो के परेछ त्यस्तो ! जिन्दगीमा कहिले नखाएको चिज खाएर आनु भएछ । घरका सव मान्छे छक्क परिराखेका छन् .

**साधु :** मैले हिजो जीवनमा कहिले न भोगेको अपमान सहनु पर्‍यो........ अस्ति पार्टीमा त नचिनेकाले घोचेका थिए तर हिजो. साह्रै चोट पर्‍यो मलाई...... ।

**यशोदा :** यस्तै रै'छ । ठाउँ अनुसार हामीले पो चल्न नजानेका हौँ कि ।

**साधु :** हैन यशोदा । हामी पर्‍यौ सिदा सादा लप्पन् छप्पन् सिकिएन । पहिले देखि सिकेको भए आज आएर झन काम लाग्ने रै'छ ।

**यशोदा :** जसो जसो बाहुन तसो तसो स्वाहाः अव के गर्नु.......

**साधु :** के गर्नु यशोदा, कुरुक्षेत्रमा गई सके पछि हतियार पनि उठाउनै पर्छ । निहत्था छ भनेर अभिमन्युलाई भिष्म पितामहले छोडेनन् । गुरु द्रोणाचार्यले छोडेनन्..... (आँखाबाट आँशु रसाउँछ)

**यशोदा :** (पिडीत विचलित हुन्छिन्।)

**साधु :** चारैतिर दलदल छ, यो दलदल वाट बाँचेर हिड्न गाह्रो छ यशोदा..... राजनीतिलाई के ले विगार्दो रहेछ...... अव थाहा हुँदै गयो ।

**यशोदा :** जसरी हुन्छ यो चार पाँच वर्ष त टिक्नै पर्‍यो .... केही गर्न सकिएछ भने ठीकै छ सकिएन छ भने... फेरि आफ्नो पुरानो ठाउँ गाउँमै फर्कौला ।

**साधु :** त्यति खेर सम्म शहरको रस भिजि सकेर छोरा छोरीहरु फेरी गाँउ जान मान्लान ?

**यशोधाः** (नाजवाफ हुन्छे)

## दृश्य - ४२

समय : दिउँसो/भित्र

स्थान : कलेजको क्यान्टिन

पात्र : अभय, राधा, सञ्जीव, मगन,

(क्यान्टिनको माहौल, विद्यार्थीहरु कोही चिया कोही खाजा खाँदैछन् । राधा र अभय पनि चिया खाई रहेका छन् । मगन र सञ्जीव काउण्टरवाट अलि दरो (खाजा लिएर आउँछन् र राधा र अभय भएको छेउकै टेवुलमा बस्छन् । राधा र अभय चिया खाँदै एक अर्कालाई मायालु दृष्टिले हेरि रहेका छन् । उनीहरुलाई सञ्जीव मगनहरु आएको तिर मतलव छैन । सञ्जीवले मगनलाई देखाउँछ अभयहरु तिर इशारा गर्दै मगन पनि त्यतै हेर्छ । राधाहरुको हातमा चिया तर तल टेवुलमा केही छैन् ।

**मगन :** के हो राधा ? (राधा पुलुक्क हेर्छे, अभय पनि हेर्छ) (व्यङ्गयात्मक)

**मगन :** चिया मात्रै खाजा साजा केही छैन ?

(राधा र अभय उत्तर दिदैनन्)

**मगन :** (राधा तिमीले पार्टी त चेञ्ज गर्‍यौ, तर कङ्गाल पार्टीमा गइछ्यौ । हामी भन्दा अलि सम्पन्न पार्टीमा गएको भए हुन्थ्यो । (अभयको तीतो Reaction आफै भित्र)

(राधा पनि मुख तम तमाईदो पार्छे)

**मगन :** उ पनि त सांसद पुत्र हो वाउले सम्पत्ति कमाएकै होला ?

**सञ्जीव :** (व्यङ्ग्यात्मक) फिस नतिरेर नोटिस वोर्डमा नाम निकालेको छ यसको पनि

(अभयको अनुहार अझ तीतो हुन्छ । )

**राधा :** (राधा घरी अभय र घरी उनीहरु तिर हेर्छे) तिमीहरुलाई के मतलव पैसा त आखिर तिमीहरुले तिर्ने हैन जहिले भए पनि उसैले तिर्ने हो ।

**मगन :** चियाको पैसा पनि आँफै तिर्‍यौ होला । बरु हामी नै तिरी दिन्थ्यौ नि !

**सञ्जीव :** चिया सम्म ख्वाउन नसक्नेलाई के व्याइफ्रेण्ड बनाएकी होला ।

**मगन :** अझै पनि Chance छ । आउ पार्टी चेन्ज गर ।

**अभय :** (अभयलाई सहिनसक्नु हुन्छ जुरुक्क उठेर गएर मगनको कलर समाउँछ) मुखमा जे आयो त्यही बोल्छस्)

**गगन :** के धम्की देखाउँछस् (दुवै हात झट्कामा छुटाउँछे) सांसद पुत्र हुँ भनेर फूर्ति देखाउँछस् ?

(अभय पुनः गगनको घिच्रो समाउन लाग्दा)

**राधा :** (ले विचैमा समाएर) झगडा नगर अभय ! पैसाले मात्तिएका समाजका किराहरु हुन यिनीहरु यिनीहरुलाई चलाएर दुर्गन्ध मात्र फैलिन्छ । (अभय विवश हुन्छ राधाले तान्दै त्यहाँबाट लैजान्छे ।)

## दृश्य - ४३

समय : दिउँसो/भित्र

स्थान : पानी मन्त्रालयको कार्यालय

पात्र : साधुराम, पानी मन्त्री

(पानी मन्त्री मोबाइलमा कुरा गर्दैछन्)

**मन्त्री :** हो हजुर हो, त्यो रकम त साधुरामजीको गाउँको लागि बल्ल बल्ल छुट्टयाएको.......... एक करोड मात्रै हो त, वहाँलाई पनि हजुरले नै सिफारिश गरेका त हो नी....... त्यो बजेट मैले अन्त दिने हो भने राधुरामजीले मार्नु हुन्छ हजुर । अव हजुरको आदेश नै त्यस्तो भए.... साधरामजीलाई अर्को वर्षको बजेटवाट मिलाउनु पर्ला । हुन्छ त्यसै गरुला साधुरामजीलाई पछि राखौं त । हस (त्यस्तैमा साधुराम भित्र छिर्छन ? मन्त्रीले मोबाइल बन्द गर्छन् र साधुरामजीलाई :-

**मन्त्री :** ओ हो साधुरामजी आउनुस् !

**साधु :** नमस्कार (पछि) मेरो काम कहाँ पुग्यो ।

**मन्त्री :** हेर्नुस्न अहिले भर्खर त्यही विषयमा कुरा हुँदै थियो । दश तिर गर्दा पनि सकिएन ।

**साधु :** (खुईय गर्दै सोफामा बस्छ) के मूख लिएर गाउँ जानु/अरु वेला नगए पनि दशैंमा त जानै पर्ला ।

**मन्त्री :** नजानेनीत तपाईका पुरा परिवार यतै छन् क्यार ,यतै दशै मनाउनु......

**साधु :** भन्न सजिलो छ मन्त्रीज्यू, जुन जनताको भोट लिएर म यहाँ पुगें उनीहरुलाई नै धोका दिएर हामीले बाँच्नु नै व्यर्थ हुँदैन ?

मन्त्री : तपाई त साह्रै भावुक बन्नु हुँदो रहेछ ।

साधु : राजनीति समाज सेवा हो, राष्ट्र विकाशको आधार हो दर्शन र विज्ञानको संयोजन हो. हाम्रो लागि......... तर जति गरे पनि............

## दृश्य - ४४

समय : दिउँसो/भित्र

स्थान : साधुको घर वाहिर + सडक

पात्र : नीरज, अनुजा, यशोदा

(यशोदा छत वा वरण्डामा सुकाएका लुगा उठाउँदै हुन्छिन् , उनको आँखा पर सडकमा पर्छ । सडकमानीरजले अनुजालाई मो.सा पछाडि राखेर.... ल्याउँदै छ । यशोदा देखेर छक्क पर्छे, ध्यान दिएर हेर्छे । नीरजले अनुजालाई घरको ढोका अगाडि ल्याएर रोकि दिन्छ, अनुजा ओर्लिन्छे र वाई गर्छे नीरज वाइ गर्दै जान्छ । यशोदा धेरै छटपटाउँछे, हुत्तिएर भित्र छिर्छे । )

## दृश्य - ४५

समय : दिउँसो/भित्र

स्थान : साधुको घर/भित्री प्रवेश/भऱ्याङ

पात्र : अनुजा, यशोदा

(अनुजा र यशोदाको जम्का भेट हुन्छ । अनुजा आफ्नै रुमानी मुडमा हुन्छे भने यशोदा डर र रीशको संयुक्त मुडमा ,यशोदा अनुजालाई देख्ने वित्तिकै हपार्न थाली हाल्छिन्)

यशोदा : कहाँबाट आकी तँ ?

अनुजा : (तर्सिन्छे) छ्या कस्तो तर्साको, कलेजवाट त हो नी,

यशोदा : छिटो कसरी आइस ?

अनुजा : मोटर साइकलमा ।

यशोदा : तेरो वाउले मोटरसाइकल किन्देका थिए ।

अनुजा : छ्या नबोल्नुन त त्यसरी , साथीको मोटर साइकलमा आएकी ।

यशोदा : केटा साथी की केटी साथी ?

अनुजा : केटा साथी कै मोटर साइकलमा आएकी ।

यशोदा : को केटा हो त्यो ?

अनुजा : हामी एउटै कक्लासमा पढ्छौ आमा, केटा सज्जन छ ।

यशोदा : आफ्नो इज्जतको ख्याल राखेस छोरी,अरुले देख्छन् मुखले केही नभन्लान, तर भित्र भित्रै के सोच्लान ?

अनुजा : के गर्नु त आमा ......... आफ्नो वाहन छैन, बस भित्र राक्षसहरुको आँखा र शरीरहरु सलवलाउँछन्, भीडको फाइदा लिन खोज्ने कुकुरहरुको कमी हुदैन । ट्याक्सी चढेर हिड्ने मेरो क्षमता छैन के गरुँ ?

यशोदा : कलेज आउने सवैको गाडी हुन्छ त ! हामी जस्तै अपुग हुनेका छोराछोरी कलेज पढ्दैनन् । सवैले कसै न कसैको पछाडी झुण्डिनै पर्छ त !

अनुजा : (एकछिन आमालाई हेर्छे ।)

यशोदा : (अझै असन्तुष्टिको भाव ।)

अनुजा : (सम्झाउने र मायालु हिसावले) तपाई आमा भएर छोरी प्रतिको चिन्ता म बुझ्छु आमा (आँखा रसाउँछ) म पनि सानी छैन । ठीक बेठीक छुट्याउन सक्छु । घरको मर्यादाको सिमा पनि मलाई थाहा छ । म बाट यस्तो कुनै गल्ती हुने छैन आमा । (दुवै आमा छोरी अङ्गालो हाल्छन् ।)

## दृश्य - ४६

समय : राति/भित्र

स्थान : साधुरामको खाना खाने ठाउँ

पात्र : साधुराम, यशोधा, अनुजा, अभय, भाञ्जा, घनश्याम

( साधुराम, अनुजा खाना खाँदै छन् । अभयको अगाडी खाना त्यसै छ । )

**साधुराम :** (त्यो देखेर अभयलाई सोध्छ) "के भयो किन खाना नखाको ?"

**अभय :** (केहि नबोली मुन्टो कर्काउँछ)

**यशोदा :** उसको बेइज्जत भइ सक्यो अरे वहाँ कलेजमा ।फिस तिरेको छैन अरे । साथीभाइहरुले व्यङ्ग्य हान्छन् अरे । कलेज आउन जानै गाह्रो भइसक्यो, भोलिदेखि म कलेज नै जान्न भन्दैछ ।"

**(साधुरामको प्रतिक्रिया)**

**(अभयको प्रतिक्रिया)**

**( अनुजाको प्रतिक्रिया)**

**साधुराम :** कलेज नै नगएर समस्या समाधान हुन्छ त ?

**यशोदा :** यहाँ आफूलाई घर चलाउन कस्तो गाह्रो भइरछ । धन्न पसलेले उधारो पत्याएको छ दशै मुखमा आइसक्यो । सवैलाई लुगा हाल्नु पर्ने टीका लाउन जाँदा कोशेली लान पर्‍यो । टीका थाप्न आउनेलाई दक्षिणा दिनुपर्‍यो । कहाँबाट पुऱ्याउने खोइ ?

**साधुराम :** खाना चहि खा न । खाना सँग के को रिस ?

**अनुजा :** को नि ग्वाम ग्वाम खानुनी ।

**अभय :** धेरै नकरा है । तै खा । 'प्लेट सारीदिन्छ र उठेर जान्छ) ।

**अनुजा :** दाजुको विकराल समस्याको अगाडि मेरो त फूर्माइस हुने भो, कल्ले सुन्ने ?

**साधुराम :** तेरो चाँहि के नि ?

**अनुजा :** अर्काको मोटरसाइकलमा कति दिन चढ्नु ?

छिमेकीका आँखा यत्रा यत्रा भएर फूट्न आँटेका छन् । एउटा स्कुटर भएपनि, मोटरसाइकल भएपनि बरु दाजुले नै चढ्थ्यो, (वा चढ्नुहुन्थ्यो) जादा पुऱ्याइदिन्थ्यो आउँदा लिएर आउँथ्यो ।

**भाञ्जो :** कुरा त ठिक गरेको हो बहिनीले । खै कुरा बुझेको ? मामाले कुरो बुट्नु पऱ्यो नि ।

**साधुराम :** बुझ्या छु भाञ्जा, बुझ्न त प्रशस्तै बुझ्याछु । हातभरी पैशो पनि हुनुपऱ्यो नि ।

**भाञ्जो :** हो त्यो चाँहि मैले पनि बुझ्या छैन । पैशो चाँहि कहाँबाट ल्याउने ।

(ढोकामा घनश्याम देखापर्छ) (हि..हि..हि.. गर्दै)

**घनश्याम :** उनको हातमा झोला छ -लिच्चड पाराले 'नमस्कार गर्छ)

**(साधुरामको प्रतिक्रिया )**

**घनश्याम :** नमस्कार भाउजू

**(यशोधाको प्रतिक्रिया )**

(अनुजा उठ्छे, आफ्नो र अरुको पनि खाली थाल लिएर हिड्छे) अभयले छोडेको भात चाँही भाञ्जाले लिएर जान्छन् )

यशोधा : ए ! घनश्याम बाबु, आउनुस न बस्दै गर्नुस् । म हात चुठेर आइहाल्छु है (भन्दै जान्छे) ।

साधुराम : बस्नुन (भन्दै उठेर जान्छ) ।

घनश्याम : हातको सामान टेवुलमा राखेर वरिपरि हेर्न थाल्छ (भाञ्जो पहिले आउँछन् र घनश्यासंग कुरा गर्न थाल्छन् ।)

भाञ्जा : सवैलाई कुरो बुझाउनै गाह्रो । कसैको कलेजको फिस तिऱ्या छैन, कसैलाई स्कुटर/मोटरसाइकल चाहियाछ कसैलाई रासन पानी बन्द होला भन्ने डर छ, कसैलाई अरुको मुखमा कसरी बुझो लाउँ भन्ने टेनसन छ । खोइकुरा बुझेको ?

(साधुराम आइपुग्छ)

साधुराम : (तपाईले बाहिरको मान्छेलाई किन टेन्सन दिएको ? तपाईले चाँहि खोइ कुरो बुझेको ?

घनश्याम : म कहाँ बाहिरको मान्छे हु र हजूर ? म त घरको मान्छे हु नि ।

(यशोदा पनि आएर बस्छिन् । उनको आँखा घनश्यामले ल्याएको झोलामा छ)

यशोदा : के ल्याउनु भा'को नि यो फेरी ?

घनश्याम : सांसद जी ले एउटा ठेक्का मिलाइदिनु भा'को थियो, त्यसबाट राम्रै फाइदा भयो । त्यसैले मन्दिर गएर भगवानलाई लड्डु पेडा फूल भेटी चढाएर आ'को । हजुरहरुलाई पनि प्रसाद ल्याइदिएको (भन्दै झोला उघार्छ, माथि पट्टी मिठाइहरु मात्रै देखिन्छन् ।

(भाञ्जा उठेर हिड्छ)

यशोदा : (खिस्रिक्क पर्छे)

घनश्याम (cont..........) मेरो लागि त वहाँ नै भगवान -

साधुराम : किन वित्थामा दुःख गरिराख्नु भएको ?

घनश्याम : यो त केही दुख होइन हजूर । प्रसाद मात्र हो । आपद विपद पऱ्यो भने खुलेर भने हुन्छ । यो सेवक सेवामा हाजिर छ । आखिर छिमेकी भनेको के का लागि ? परेको वेला कामलाग्छ होइन ? म यहाँ आउँछु जान्छु, त्यो कुरा कसैलाई थाहा हुँदैन ।

(भाञ्जा आउँछन् भाँडा लिएर) (यशोदाको छेउमा राख्दिन्छन्)

घनश्याम : (भाञ्जाले भाँडा राखे पछि) अव हजूर सांसद मात्रै भएर भएन, मन्त्री हुनुपऱ्यो ।

साधुराम : कसरी हुनु मन्त्री खोइ ?

घनश्याम : तपाई इशारा मात्रै गर्नुस न । कहाँ के अक्कल लगाउनु पर्छ, म पनि लगाउँछु ।

यशोदा : लगाइराख्नु न त बाबु । केही गरी भइहाल्यो भने......... हाम्रो दिन पनि सुध्रिन्छ कि !

घनश्याम : हुन्छ म मेरो तर्फबाट प्रयास गर्छु । म त यो प्रसाद पुऱ्याउन मात्र आ'को थिए अव म जान्छु (ऊ जान्छ)

यशोदाले झोलाको मिठाई भाँडामा खन्याउछिन् । तलवाट कागजमा पोको पारेको केही भेटिन्छ । (( सवैको Reaction)

यशोदाले कागजको पोको खोल्छे । हजार हजारको नोटको विटा हुन्छ ।

साधुराम : (रिसाएर) त्यो चाँहि फर्काइदिइहाल त)

यशोदा : चोरेको, लुटेको हो र ? विचराले कत्रो श्रद्धाले घरैमा ल्याइदिएको लक्ष्मी किन फर्काउने ? दुनियाले दुई हातले सोहोर्दा भएको छ, हामीले चै दिएको लिन पनि नहुने ? (पैशा लिएर यशोदा जान्छे)

भाञ्जो : (मिठाई मुखमा हालेर मुख मिठ्याउँछ ।)

साधुराम : मैले त्यो मोबाइल नै लिन नहुने थियो ।

## दृश्य -४७

समय : दिउँसो/भित्र

स्थान : साधुरामको मावली

पात्र : साधुरामका मामा, यशोदा, अभय, अनुजा, भान्जा

(टीका लगाउने सामाग्री तयार छन् । मामा आएर बस्छन् ।)

**मामा :** आउनुस् है भान्जा टीका लाउन । अभय, अनुजा कता गए आओ ।

(सवैजनाको प्रवेश । वरिपरि वसे ।)

(मामाले पहिले साधुरामलाई टीका लाइदिदै)

**मामा :** आयु द्रोण सूते श्रीयम् दशरथे
शत्रु क्षयम् राघवे
ऐश्वर्यम् नहुषे गतिश्च पवने मानञ्च दूर्योधने
दानम् सूर्य सुते बलम् हल घरे
सत्यञ्च कुन्ती सुते
विव्दाने विदुरे भवतु भवताम् कीर्तिश्च नारायणे !!

ल (जमरा राखीदिदै) ल भान्जा सांसद भइहालेका छौ, यसपाली मन्त्री हुनु । काठमाण्डौंमा ठूलो घर बनाउनु । हामीलाई पनि पशुपतिको दर्शन गराउनु ।

(अनुजा, अभय र भान्जाको प्रतिक्रिया)

**यशोदा :** कसरी बनाउनु मामा ? महिलाको १५००० रुपैया आउँदो र'छ । काठमाण्डौंको महङ्गीमा त्यो पैशाले घर खर्च टार्न त धौ धौ । कहिले जग्गा किन्नु, कहिले घर बनाउनु कहिले मामालाई बोलाउनु त्यो बेला सम्म त मामाको हड्डी पनि मक्कि सक्छ ।

**मामा :** (तर्सिदै) के भनेकी बुहारीले ?

(अनुजा र अभय चाँही मुख छोपेर हाँस्छन् ।)

**भान्जा :** (अनुजा र अभय हाँसेको देखेर) त्यही त खोइ कुरा बुझ्केको मेरो बुढा मामाले ।

(मामा चाँहि यशोदा तर्फ फर्किएर टीका लाउन थाल्छन्)

**मामा :** माइती पनि आजै जान्छ्यौ ?

**यशोदा :** आजै जाने मामा ।

## दृश्य -४८

समय : दिउँसो/वाहिर

स्थान : गाउँको सडक

पात्र : लखन साधुराम, अभय, अनुजा, यशोदा, भान्जा

( सडकमा लखन लुरुलुरु हिडिरहेको छ । साधुरामहरुलाई देखेर लखन अडिन्छ । लखानको POV वाट साधुरामहरु लखनतिर बढ्दै ।

**यशोदा** (नजिकै आइसकेर) ए लखन बाबुत, एक्लै लुखुरु लुखुर एक्लै हिड्दै हुनुहुदो र'छ । परिवार खोइ त ?

**लखन :** उनीहरु अगाडी पुगिसके । म यहि साधुराम यहाँ आएको छ भन्ने ताहा पाएर घर छिर्दै आ'को । साधुराम तर्फ फर्कर) तर तँ घर भन्दा पहिले मावली पुगिस कि क्या हो ?

**साधुराम :** घरमा गएर झ्होला थन्क्याएर, अनि पो मावली गा'को त ।

**लखन :** अव नि अव ? ससुराली हिडेको ?

**साधुराम :** त्यसै भन्नु पर्‍यो ।

(सवै एकदिशामा हिँडे)

**लखन :** कामको के प्रगति भयो त खोइ ?

(साधुरामको Reaction बोल्दैन)

**लखन :** तँ जितेर गएर के फाइदा भो गाउँलेलाई ? विजुलीको अत्तोपत्तो छैन । पानीको लछारपाटो लाग्यो । तँ त साह्रै हुतिहारा निस्किस् ।

**यशोदा :** भन्न सजिलो छ नि बाबु । काम गर्न कति गाह्रो हुँदो हो ।

**साधुराम :** यहाँ सांसद हुने वित्तिकै सवै कुरा जादुको छडीले जस्तो “छु मन्तर हुन्छ” भन्ठान्छन् । त्यहाँ गएपछि मन्त्रालयका कर्मचारीले कसरी घुमाउँछन् । कमिशन नआउने योजना कसरी अड्किन्छन्, कसरी बयान गर्नु मैले यसलाई ?

**लखन :** तिमीहरु जे सुकै वहाना बनाओ न, जनताहरुलाई प्रतिफल चाहिन्छ । विचमा विरुवा कस्ले रोप्यो, मलजल कसले गऱ्यो, रुख कहिले बढ्यो अनि कति फल फल्यो यी सवै कुरा गौण हुन् ।

(त्यहिविचमा एउटा वटुवा वाटोमा साधुराम नेर आएर वोल्छ)

**वटुवा :** तिमी त साह्रै काम नलाग्ने मान्छे रहेछौ साधुराम ! यहाँ हुँदा त्यत्रो समाज सेवा गरिहिड्ने मान्छे झन सांसद भएपछि गाउँको लागि एउटा सिन्को भाच्न सकेनौं । साहै नामर्द रै’छौ ।

(साधुराम अध्यारो मुख लाएर अगाडी बढ्छ)

**लखन :** देखिस ! गाउँलेहरुको प्रतिक्रिया ? कत्रो आश गरेका थिए उनीहरुले । न वाटो, न विजुली, न पानी ।

## दृश्य -४९

समय : दिउँसो/वाहिर

स्थान : साधुरामको ससुराली

पात्र : सासु, ससुरा, चतुराननद, पार्वती, अभय, अनुजा, भाञ्जा, यशोदा, साधुराम,

चतुरानन्द र पार्वती सम्पन्न गेटअपमा छन् ।)

(चतुरानन्द, पार्वती तथा सासु, ससुरा विच ढोगभेट चल्दैछ ।)

(साधुराम, यशोदाहरु पनि पुग्छन् ।)

(उनीहरुको पनि ढोगभेट भयो ।)

**सासू :** ल ! ज्वाइछोरीहरु गफ गर्दै गर्नु म भान्सा तिर लागें ।

(सासू/ससुरा भित्र जान्छन् ।)

दिदी वहिनी एकातिर र साड्दाई/भाइ एकातर्फ बस्छन् ।)

पार्वतीले यशोदाको साडी छाम्दै : साडी त नयै किन्नु भएछ तर कस्तो सस्तो खालको ।

**यशोदा :** महङ्गो किन्नलाई त पैशो पनि छ हुनुपऱ्यो नि ।

**पार्वती :** त्यत्रो सांसद भए पनि भिनाजुले पैशा कमाउनु भएन ?

**साधुराम :** सांसद हुँदैमा पैशा कमाइने हो र ?

**चतुरानन्द :** **कमाउँछन्नि दाइ कमाउन जान्नु पर्‍यो ।**

**साधुराम :** खोइ त्यो चाँहि तपाईसंग सिक्नु पर्ला ।

**चतुरानन्द :** तपाई भन्नुस न मात्र मसँग कति उपाय छन् छन् ।

पार्वती : (यशोदा सँग) गहना पनि हाल्दिुन भएन भिनाजुले ?

यशोदा : मेरो गहना भनेकै भिनाजु त हो नि ? (घाँटितिर देखाउँदै) यी यही एउटा छँदैछ, किन चाहियो पगित्तो ।

पार्वती : वहाँले त मलाई अर्को एउटा नयाँ सेट बनाइदिनु भा'छ । हेर्ने दिदी ?

यशोदा : (मन नलागी) ले न त हेरौँ ।

पार्वती : (ब्याग खोल्छे, गहनाको सेट झिक्छे, देखाउँछे)

यशोदा : (हेरेर) ए ! राम्रो डिजाइनको रै'छ । कति परो ?

पार्वती : पुरै सेटको १ लाख २० हजार ।

यशोदा : (आँखा च्यात्दै) आमामामा, लाएर हिड्न पनि डर मर्दो ।

पार्वती : डर लाग्ने ठाउँमा नलाउँलानी । (भिनाजु तर्क फर्कन्छे)
हेर्नुस्न भिनाजु ! दिलीलाई एक सेट गहना हाल्दीनै पर्‍यो तपाईले । समयमै खुट्टा घुमाउन जान्नु पर्छ । (साधुराम  जिल्ल पर्छ )

पार्वती : तपाईले मात्र दुनियाँको ठेक्का लिनु भा छ र ? आफ्नै घर सिङ्गार्न सक्नु भएन भने देश के सिङ्गार्नु हुन्छ तपाईले,आफ्नो दुनो सोझ्याउनुस भिनाजु । अरुको भागमा पार्‍यो कि परेन वास्ता नगर्नुस् ।
(साधुराम अपमानित अनुभव गर्छ । यशोदा पनि तमतमाइलो मुख लाउँछे । )

## दृश्य -५०

समय : दिउँसो/भित्र

स्थान : पूजाकोठा वा टीका लगाउने ठाउँ

पात्र : सासू ससुरा, यशोदा, पार्वती, साधुराम, चतुरानन्द, अभय, भाञ्जा, अनुजा
(ससुराले र सासुले साधुरामलाई टीका लगाइदिदैछन् । )

ससुरा : चाँड-चाँडै प्रगति होस । प्रशस्त पैशा कमाउनु । लक्ष्मीले ढुकुटीमा वास गरुन् । काठमाण्डौंमा ठूलो घर बनाउनु । मेरी छोरीले सुख पाओस् । (जमरा राखेपछि) ल अब छोरी आइज ।

ससुरा : (छोरीलाई टीका लगाइदिदै) जयन्ती मङ्गलाकाली, भद्रकाली कपालिनी !! दूर्गा क्षमा शिवाधात्री नारायणी नमस्तुते ! ज्वाइ साह्रै सोझो हुनुहुन्छ अलि अलि तैले पनि सिकाउनु । जस्सरी हुन्छ काठमाण्डौंमा घर चाँहि बनाउनु ।
(पैशा राखेर ढोग्छन्)

## दृश्य -५१

समय : दिउँसो/वाहिर

स्थान : ससुराली

पात्र : सासू, ससुरा, साधुराम, यशोदा, चतुरानन्द, पार्वती, अभय, अनुजा, भाञ्जा ।
टीका लगाएर वाहिर आउँछन् । वाहिर रेडियो झुण्डिरहेको छ । वाहिर आएर बस्छन् ।)

पार्वती : आमा ! खाना पाक्यो क्यार । पस्किहाल्नु । खाएर हामी जानुपर्छ ।

सासु : ऐले के को हतार ? आज यतै बस्नु भोलि जानु ।
(पार्वती चतुरानन्दको अनुहार तर्फ हेर्छे ।)

चतुरानन्द : घरमा पनि पाहुना आउँछन्, चाडै फर्कन पाए हुन्थ्यो ।

(साधुरामले रेडियो खोल्छ ।)

रेडियो --

पूर्नगठित मन्त्रीमण्डलमा अन्य मन्त्रालय यथावत रहेको छ भने, मन्त्री जलस्रोत श्री हरेन्द्र ब. सिंह, मन्त्री आवास तथा भौति योजना श्री मुरली नाराण र मन्त्री वन तथा भू संरक्षण श्री साधुराम हुनुभएको छ ।

अनुजा (खुशी हुँदै) हुर्रे बाबा त मन्त्री हुनुभयो ।

**चतुरानन्द :** (नपत्याएझैं) हो ? साँच्चै हो दाइ ?

**पार्वती :** हो त नि, भर्खर नाम भनेको सुन्नु भएन (यशोदाले रेडियो सानु पार्छे)

**यशोदा :** अघि नै रेडियो खोलेको भए पुरा समाचार सुन्न पाइन्थ्यो ।

**चतुरानन्द :** बधाई छ दाइ, बधाई छ ।

**यशोदा :** मन्त्रीको तलव त सांसदको भन्दा बढी हुन्छ नि हइ ।

**साधुराम :** अँ बढी हुन्छ ।

**यशोदा :** अव चाँहीं कष्टका दिन जान्छन् कि ।

**भाञ्जो :** जान्छ नि ! खै कुरो बुझेको ? गाडी आउँछ, तलव बढी हुन्छ, सुविधा बढी हुन्छ ढुक्क हुन्छ ।

**यशोदा :** (आमा वुवालाई हेरेर) अब वन्दोवस्त मिलाएर आमा वुवालाई पशुपति दर्शन गर्न बोलाउनु पर्छ ।

## दृश्य ५२

समय : दिउँसो/भित्र

स्थान : मन्त्रीको वाहिरी कक्ष

पात्र : मान्छेहरु, सचीव, उपसचीव,, सहसचिव , घनश्याम

मान्छेहरु, फूलमाला लिएर उभिएका छन् । ढोकामा साधुराम प्रव्रेश गर्छन् । संगसंगै भाञ्जो पनि छ ।

(सवैले फूल दिन्छन्, माला लाइदिन्छन्)

सचीवले माला लाइसकेर अर्को कार्यकक्षमा लैजान्छ ।

## दृश्य ५३

समय : दिउँसो/भित्र

स्थान : कार्यालय

पात्र : सचीव, साधुराम, उपसचीव, भाञ्जो, घनश्याम ।

(साधुरामलाई लगेर सचीवले कुर्सिमा बसाउँछन् । हाजिर पुस्तिकामा हाजिर गराउँछन् ।)

**सचीव :** परम्परागत नियम अनुसार पद वहाली भएपछि एउटा फाइलको निर्णय गर्ने चलन छ । (फाइल दिदैं) यसमा घनश्याम जी को (घनश्यामको प्रतिक्रिया) लगायत अरुको पनि खयर संकलन गर्ने सम्बन्धी कागजात छ । नियमानुसार दिने हो भने, घनश्याम जी ले दिने राजश्व भन्दा डोलप्रसादले दिने राजश्व सात करोडले बढी छ । मेरो अध्ययनमा त्यो सात करोड राजश्व बढी आउने हुनाले

डोलप्रशाद लाई दिनु राम्रो भएकोले मैले वहाँको पक्षमा निर्णय  लेखेको छु । मन्त्री ज्यू निर्णय गर्नु हुन्छ कि, अध्ययन गर्नु हुन्छ ?

(साधुरामले एकचोटी घनश्यामलाई हेर्छ)

**घनश्याम :** मेरो पक्षमा निर्णय हुनैपर्छ भन्ने केही छैन । आफ्नु विवेक पुर्‍याएर निर्णय गर्नुस मन्त्री ज्यू ।

(सचिव फाइल लिएर जान्छ) अरु उपसचीवहरु पनि जान्छन् ।)

**घनश्याम :** (चाप्लुसी पाराले) : हजूर यो कुर्सिमा बसेको हेर्ने ठूलो इच्छा थियो । बल्ल आज पुरा भयो । हजुरलाई मन्त्री बनाउन केही अक्कल त मेरो पनि खर्च भ'को छ ।

**साधुराम :** तपाईको मेहनतले मलाई जे फाइदा भयो, त्यो म उपकार सम्झने छु ।

**घनश्याम :** हवश त हजूर म जान्छु ।  (नमस्कार गरेर जान्छ)

## दृश्य ५४

समय : दिउँसो ⁄ वाहिर

स्थान : राष्ट्रिय सतर्कता केन्द्रको वाहिरी भाग ।

## दृश्य ५४ क

समय : दिउँसो ⁄ भित्र

स्थान : रा.स.के को कार्यशाला गोष्ठी हुने ठाउँ ।

Meeting Hall मा एउटा व्यानर झुन्ड्याइएको छ । त्यो व्यानर माथी अर्को पर्दाले छोपेको छ । कर्मचारीहरु फूलमाला लिएर बसेका छन् । ढोकावाट साधुराम आउँछ । सवैले फूलमाला दिन्छन् । उपसचिव गजेन्द्र के.िसी.जी. ले साधुरामलाई व्यानर सम्म पुर्‍याउँछन् ।

**गजेन्द्र के.सी. :** सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरुलाई आफ्नो स्थान ग्रहण गरिदिनु हुन् हार्दिक अनुरोध गर्दछु । (सवैजना वस्छन्)

**गजेन्द्र के.सी. :** हाम्रो सम्बन्धित मन्त्रालयका मन्त्री ज्यू को कार्य व्यवस्थाले गर्दा नयाँ मन्त्री मण्डलमा कर्मठ बनमन्त्री श्री साधुराम जीलाई हामी विच स्वागत गर्न पाउँदा हामीलाई गर्व लागेको छ । राष्ट्रिय सर्तकता केन्द्रले राष्ट्र् सेवक सुब्बा, खरिदार र अधिकृत तह कर्मचारीहरुलाई सुशासन र भ्रष्टाचार सम्बन्धी जानकारी दिन हामीले यो कार्यशाला गोष्ठीको आयोजना गरेका छौँ । यस गोष्ठीको उद्घाटन गरिदिनु भई दुई शब्द बोलिदिनु हुन मन्त्रीज्यू मा अनुरोध गर्दछु । (कैंची राखेको किस्ती मन्त्री तिर बढाउँछन् । (साधुरामले कैंची लिएर रिवन काट्छन् । )

(ताली बज्छ))

**साधुराम :** आजको यस कार्यशाला गोष्ठिमा दुई शब्द बोल्ने अवसर दिनु भएकोमा आयोजक ज्यूलाई धन्यवाद दिन चाहन्छु । सुशासन भनेको राष्ट्र सेवक कार्मचारीहरुले जनतालाई प्रदान गर्ने सेवा कुनै मुलाहिजामा नलागी विना भेदभाव सरल ढङ्गले पारदर्शी सेवा नै हो । त्यही सेवा जव कुनै लोभ लालच भेद्भाव पूर्ण थाल्छ, त्यहीँवाट भ्रष्टाचारको जन्म हुन्छ । सुशासन कुशासनमा परिणत हुन्छ । हामीले राज्यका प्रत्येक अङ्गलाई भ्रष्टाचारबाट मुक्त राख्नुपर्छ । यस कार्यमा राष्ट्यि सतर्कता केन्द्र सवल र सक्षम रहोस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु । तपाईहरुको यस सुशासन र भ्रष्टाचार

सम्बन्धी कार्यशाला गोष्ठी सफलतापूर्वक सम्पन्न होस भन्ने अग्रीम शुभ कामना दिन चाहन्छु । यति भन्दै म आफ्ना दुई शब्द यहीँ टुङ्याउँछु, धन्यवाद । (बस्छ)

**गजेन्द्र के.सी. :** हाम्रो कार्यशाला गोष्ठी चालु रहने छ । मन्त्री ज्यू को कार्य व्यवस्थाले गर्दा वहाँलाई हामीले विदा गर्नुपर्ने भएको हुँदा मन्त्री ज्यूलाई विदा गर्ने अनुमति चाहन्छु ।

(साधुराम उठ्छन् अरु पनि उठ्छन् र मन्त्रीलाई ढोका सम्म पुर्‍याछन् )

## दृश्य-५५

समय : दिउँसो/भित्र

स्थान : चतुरानन्दको बैठक

पात्र : चतुरानन्द, पार्वती, शोभित

( चतुरानन्द र पार्वती कोठामा वसेर T.V. हेरिरहेका छन् । शोभितको प्रवेश हुन्छ । )

**शोभित :** लौन मत वर्वाद भए । चौपट्ट भयो मेरो त ।

(चतुरानन्द र पार्वती शेभिततिर छक्क परेर हेर्छन् ।

**चतुरानन्द :** के बर्वाद भयो त्यस्तो ?

**शोभित :** मेरो छटोराको बुद्धि भ्रष्ट भएछ हजूर ।

**चतूरानन्द :** कसरी भयो त बुद्धि भ्रष्ट ? भन्नुसन्, हामीलाई पनि केही थाहा होस ।

**शोभित :** थवक्क शहरमा बसेर पढिराखेको थियो, छुट्टीमा गाउँ आ'को रैछ, गाउँका उरनठ्याउला केटाहरु सँग लागेर बन्यजन्तु आरक्षमा शिकार खेल्न गएछ । बाघ मारेछन् । (शोभित र पार्वतीको प्रतिक्रिया)

वन कार्यालयले समातेछ । लौन के गरुँ ? तपाईको साठुदाई त बनमन्त्री हुनुहुन्छ क्यार बचाइदिनु पर्‍यो ।

(चतुरानन्दको दिमाग घुम्छ, चतुर आँखा घुमाउँछ ।

**चतुरानन्द :** वर्वाद भएछ नी । Red Hand समातिएको अव तपाईको छोरो गयो आजीवन कारावास !

**शोभित :** आजीवन कारावास हुन्छ र ?

**चतुरानन्द :** हुन्त त ! अलि धेरै पैशा खर्च गर्नु भयो भने अलि कम सजाय होला ।

**चतुरानन्द :** कति खर्च लाग्छ होला ?

**चतुरानन्द :** खर्चको त कुरै नगर्नुस न ! Red Hand समातिइसकेपछि कति ठाउँमा खर्च गर्नु पर्छ ।

**शोभित :** मेरो एउटै छोरो, बुद्धि विग्रिएर त्यस्तो काम गरिहाल्यो जति खर्च लागेपनि गर्छु ।

**चतुरानन्द :** ५०/६० लाख खर्च गर्न सक्नुहुन्छ ?

(शोभित एकछिन सोच्न थाल्छ)

**चतुरानन्द :** (चतुर आँखा घुमाउँदै पार्वती तर्फ इशारा गर्छ ।)

**शोभित :** गर्छु हजुर गर्छु ।

**चतुरानन्द :** त्यसो भए भोलि पैशा झिकेर ठिक पार्नु भोलि नै काठमाण्डु जानुपर्छ ।

**शोभित :** हुन्छ । ( Fade up भएर निस्कन्छ ।)

## दृश्य-५६

समय : दिउँसो/भित्र

स्थान : मिटिङ्ग हल । रा.स.के. ।

पात्रहरु : सतर्कता केन्द्रका कर्मचारी, गजेन्द्र के.सी.

(कार्यशाला गोष्ठि भइरहेको छ। उपसचिव गजेन्द्र K.C. शिक्षा प्रदान गर्दै हुनुहुन्छ ।

## दृश्य-५७

समय : दिउँसो/भित्र

स्थान : रा.स.के.को कार्यालय कोठा

पात्रहरु : अधिकृत, पिउन,

( हिमानी आफ्नो टेवलमा काम गरिरहेकी छिन् । टेलिफोनको घण्टी बज्छ । हिमानीले फोन उठाउँछिन् । )

**हिमानी :** हेलो, राष्ट्रिय सतर्कता केन्द्र

हो, भन्नुस (भन्दै कागज र कलम ठिक पार्छन् ।) अँ तपाईको नाम गोप्य रहन्छ । कुनै हालतमा खुल्दैन । (केही लेख्छन्)

कुन कार्यालयमा भन्नुत (फेरि लेख्छन्)

ठिक छ म ऐले मान्छे पठाउँछु । सूचना

दिनु भएकोलमा धन्यवाद । (टेलिफोन राखेर घण्टी बजाउँछन्)

**हिमानी :** राम जी र अनुराग जी लाई बोलाउ । तुरुन्तै छड्केमा जानुपर्‍यो ।

## दृश्य- ५८, ५९, ६०

समय : दिउँसो/भित्र

स्थान : कार्यालयका कोठाहरु

पात्रहरु :राम, अनुराग

कोठामा हिटर बलिरहेको हुन्छ । हरेक कोठामँको हिटर निभाउँदै जान्छन् । कुनै कोठामा पंखा घुमिरहेको हुन्छ । तर स्टाफ कोही हुँदेने कुनै कोठामा बत्ति बलिरहेको हुन्छ । बत्ति निभाउँछन् । बाथरुममा पानी खेर गइरहेको हुन्छ बन्द गर्छन् ।

## दृश्य-६१

समय : दिउँसो/भित्र

स्थान : कम्प्युटर कोठा

पात्रहरु : राम, अनुराग, बच्चाहरु

कम्प्युटर कोठामा स्टाफका केटाकेटीहरु कोही गेम खेल्दै हुन्छन् । कोही Spider man हेर्दै

हुन्छन् । राम, अनुरागको प्रवेश हुन्छ ।

**राम :** (एउटा बच्चाको छेउमा गएर) बाबु, यो Video game खेल्ने पार्लर हो कि अफिस हो ।

**अनुराग :** (अर्को ............................) अनि वावु, यहाँ office को काम गर्ने कि Spider man हेर्ने ।

(बच्चाहरु अक्क न बक्क परेर एक अर्काको अनुहारमा हेर्छन् ।)

**राम :** तिमीहरुलाई कसले आउन दियो यहाँ ?

**बच्चा क :** वावाले ।

**बच्चा ख :** मलाई मामाले

**बलराम :** वहाँहरु खोइ त ?

**बच्चा क :** घाम तापेर गफ  गर्दै हुनुहुन्छ ।

## दृश्य-६२

समय : दिउँसो/वाहिर

स्थान : अफिसको छत / वा प्राङ्गण

पुरुष, महिला कर्मचारीहरु ।

एक महिला ब्रुस चलाएर सुइटर बुन्दैन्छिन् ।

**कमला :** बुझ्यौ निर्मला आँस्ति तितो सत्यमा स्वास्नी माइत जाँदा पराई केटीलाई राती घरमा बस्न देको देखेर मलाई त त्यो लोग्ने चाही भनौदो संग कस्तो रीस उठेको थियो ।

**निर्मला :** त्यहि त ठिक देखाको छ । यी लोग्नेमान्छेहरु यस्तै हुन्छन् । तर सासु ससुरा सवैसंग बसेर हेर्दा त कस्तो लाजमर्दो भाको ।

**सावित्री :** खोई, आफूलाई त स्टार ष्सबाट काहानी घर घरकी हेर्दै ठिक हुन्छ । फेरी यी नेपाली सिरियल कै हुन्छन्, के नमिले के नमिले जस्तो ।

(अर्कोपट्टी Side मा लोग्नेमान्छेहरुको समूह छ ।)

**लक्ष्मीकान्त :** अनि सुब्बा साहव; संविधान सभाको चुनाव होला त यसपाली ?

**सुब्बा/बद्री :** मलाई के थाहा कत्रा कत्रा नेताले त भन्न सक्दैनन् ।

**मुकुन्द :** शहिदको रगत त खेरै जान लाग्यो ।

**लक्ष्मीकान्त :** मुकुन्द जी को छोराको पास्नी कहिले अरे ?

**मुकुन्द :** भोलि त हो नि ।

**लक्ष्मीकान्त :** ल भोलि चाँहि मज्जाले मनाउनु पर्छ है मुकुन्द जी ।

**मुकुन्द :** भइहाल्छ नि । बरु भोलिको पास्नी हाकिम साहवले सम्भmनु भा'को छ कि छैन ?

## दृश्य-६३

समय : दिउँसो/भित्र

स्थान : हाकिमको कोठा

हाकिम आफ्नै काम गर्दैछन् । राम अनुरागको प्रवेश हुन्छ । हाकिमले हेर्छन ।)

**हाकिम :** (नचिनेझैं गर्छन्)

**राम :** (अनुराग दुवै परिचय पत्र देखाउँदै )

**राम :** हामी राष्ट्रिय सतर्कता केन्द्रबाट ।

**अनुराग :** (कार्ड राख्छन्) तपाईको अफिसमा कोही पनि स्टाफ आफ्नु कुर्सिमा छैनन् । सब घाम तापेर गप चुटेर बसिरहेका छन् । बाथरुममा पानी खुल्लै छ, कोठामा पंखा चलिरहेको छ । दिउँसै बत्ति वालेर छोडेको छ ।

**राम :** कोही नभएपनि हिटर बालेर छोडेको छ । कम्प्युटर र टेलिफोनमा बच्चाहरु खेलिरहेका छन् । खोइ तपाईको हाजिरी खाता देखाउनुस् ।

हाकिमले हाजिर खाता झिकेर दिन्छन् ।)

(राम, अनुरागले खाता चेक गर्छन् ।)

**राम :** हाजिर खातामा हेर्दा त तपाईका सबै स्टाफ हाजिर छन् । खोइ त कोठामा कोही पनि छैनन् ।

(हाकिम अनुत्तरित)

**अनुराग :** दर्तामा मान्छे आएर बसिरहेको छ । उनीहरुलाई के थाहा कुन फाँटको मान्छे को हो !

**राम :** मान्छेको काम चाँडो भए पो चाँडो जान्छ, भिड बढ्दैन । जनताले तिरेको करबाट तलब खाएर जनतालाई नै दुःख दिने ? यो त निको चाला भएन ।

(उनीहरु जान्छन्)

## दृश्य-६४

समय : दिउँसो / बाहिर

स्थान : अफिसको छत वा प्राङ्गण

पात्र : हाकिम, कमला, निर्मला, सावित्री, लक्ष्मीकान्त, सुब्ब मुकुन्द :

महिला र पुरुषको समूह अघिकै जस्तै छ । समान गतिमा गफ चलिरहेको छ ।

**निर्मला :** यी हिन्दी सिरियलहरु त झन के हो के हो । कथा नै कहिले काहाँ पुग्छ, कहिले काहाँ पुग्छ ।

(ठिक त्यहिवेला आक्रोशित मुद्रामा हाकिम आइपुग्छ ।)

**हाकिम :** के चाला हो तपाईहरुको ?

(सबै सतर्क हुन्छन्)

**हाकिम :** अफिसमा छड्के आएर गइसक्यो, थाहा छ तपाईहरुलाई ? तपाईहरुको हाजिर किताबमा छड्केले रातो चिन्ह लाएर गएको छ । सबजना स्पस्टिकरण दिनु जानुस् । अनि त्यो अफिसको कम्प्युटर के छोरा छोरी भाञ्जा, भाञ्जीलाई video game खेल्न राखेको हो ? कोठैपिच्छे हिटर वालेर घाम तापेर बस्नु के चाला हो तपाईहरुको ? सरकारी कोषको दुरुपयोग गर्ने तपाईहरु ? (फन्केर भित्र छिर्छ)

## दृश्य-६५

समय : दिउँसो/वाहिर

स्थान : सडक (कलेजको वाटो)

पात्र : अभय, चतुरानन्द शोभित

(अभय लुखुर लुखुर कलेजतिर जादैछ । अर्को दिशावाट चतुरानन्द र शोभित आउँदैछन् । तीन जनाको भेट हुन्छ । (अभयले चतुरानन्दलाई नमस्कार गर्छ ।)

**चतुरानन्द :** (नमस्कार फर्काएर शाभितलाई परिचय गराउँछ) वहा चाँहि हाम्रो गाउँको महाजन/अनि ऊ चाँहि अभय, वनमन्त्रीको छोरा

(शोभित खुशी)

**चतुरानन्द :** कहाँ हिडेको अभय ?

**अभय :** घर फर्केको ।

**चतुरानन्द :** अब त मन्त्रीको छोरो भएर पनि पैदल हिडेको त ?

**अभय :** गाडी वा लाई मात्र दिन्छ, मलाई दिदैन के गर्नु त !

**चतुरानन्द :** सुन, एउटा काम लाग्ने कुरा छ, आइज -तानेर लान्छन्) (रेष्टुरेन्ट भित्र छिर्छन्)

# सपनाको महल

## दृश्य ६६

समय : दिउँसो/भित्र

स्थान : रेष्टुरेण्ट भित्र

पात्र : अभय, चतुरानन्द, शोभित

(तीन जान एउटा टेबुलमा गएर बस्छन् ।)

**चतुरानन्द :-** (वस्दै) हेर अभय, जुन काम फत्ते गर्न हामी काठमाण्डौं आएका छौं त्यो काम पुरा गर्न तैले पनि ठूलो मद्दत गर्न सक्छस र त्यो काम भयो भने.......... (एक चोटी शोभित तिर हेरेर) तैले एउटा मोटर साइकल र ५ लाख रुपियाँ पाउछस् cash.....

(अभयको Reaction............ आश्चर्य नपत्याउँदो)

**चतुरनन्द :-** मैले ठट्टा गरेको हैन साँच्चै भनेको...........

**अभय :** मैले मद्दत गर्दा नै त्यत्रो आम्दानी हुन्छ भने किन नगर्नु अवश्य गर्छु ।

**चतुरानन्द :** स्यावास... त चै मेरो भतिजो होलास जस्तो छ ।

**शोभित :** काम पनि त्यति सजिलो छैन मान्छेलाई जेल सजायबाट मुक्त गराउनु पर्छ ।

**अभय :** ओ हो यो त Police case जस्तो छ ?

ज्यानमारा केश हो कि क्या हो ?

**चतुरानन्द :** तँ ढुक्क हो न, मान्छे मारेको केश होइन ।

**अभय :** अनि आँफै फसिने केश हो भने त मैले माफी माग्नु पर्छ सानो बा ।

**चतुरानन्द :** तेरो बाउ सांसद मात्र थिए, केहि पनि शक्ति थिएन । आज मन्त्री भएका छन् । ठूलो शक्ति हुन्छ त्यो शक्तिको एउटा सानो अंश मात्र प्रयोग गर्दा हुन्छ ।

(अभयको प्रतिक्रिया जवाफ दिन सक्तैन ।)

(शोभितको प्रतिक्रिया अव के हुन्छ ?)

**चतुरानन्द :** आज पनि तेरो बा ले आफ्ना छोरा छोरीका लागि केही गर्दैनन् भने त के भन्ने ?

**शोभित :** (अभयलाई) तपाईले अलिकति बल गर्नु भयो भने अवश्य हुन्छ ?

**अभय :** हाम्रो बा लाई तपाईले चिन्नु नै भएन छ कि क्या हो ! इमान्दारीको यस्तो भूत वहाँको दिमागमा बसेको छ जसलाई भगाउन हामीलाई त असम्भवै लाग्छ ।

**चतुरानन्द :** पैसो देखेर महादेवको तीन नेत्र हुन्छ पैसा यस्तो अप्सरा मेनका हो जस्ले विश्वामित्रको तपस्या भङ्ग भएको थियो । त्यसमा तेरो ठूलो प्रयास भयो भने .... हेर दुर्योधनको पुत्रमोहले धृतराष्ट्रलाई पनि नगर्ने काम गराएको थियो .... मेरा दाइले पनि गर्छन्...... (अभयलाई हेर्छ)

**अभय :** (कि कर्तव्य बिमुढ हुन्छ)

**चतुरानन्द :** हेर तेरा पनि साथीहरु होलान् ,उनीहरुको अगाडि आफ्नो इज्जत धान्नै पऱ्यो, मन्त्रीको छोरो भन्लान् यस्तो मौका गुमाउनु हुँदैन ।

(शोभित आशातीत नजरले अभयलाई हेर्छन्) अभय मगनले उसलाई प्रेमीका को अगाडि वेइजत गरेको सम्झन्छ । आफू मोटर साइकलमा प्रेमिकालाई लिएर घुमेको सम्झन थाल्छ ।)

**चतुरानन्द :** के विचार गरिस त ?

**अभय :** (झस्किदै) म गर्छु सानो बा म भरमग्दुर प्रयास गर्छु ।

**चतुरानन्द :** सुन्... (उनीहर विच खासखुस चल्छ ।)

# दृश्य ६७

समय : दिउँसो/भित्र

स्थान : खाना खाने ठाउँ/मन्त्री क्वाटर

पात्र : साधुराम, येशादा, अनुजा, भाञ्जा ।

(सवैजना चिन्तित मुद्रामा छन् । टेवलमा खानाहरु नपस्की त्यसै राखेको छ । )

**यशोदा :** यत्रो वेर भै सक्यो अहिले सम्म आउँदैन । ढिलो हुने भए यस्तो ठाउँमा छु ढिलो आउँछु भनेर फोन गरेको भए पनि त हुन्थ्यो ।

**भाञ्जा :** मैले बुझेको छु भनुँ बढी बुझेको जस्ता हुने हो कि............

**अनुजा :** के दाइ ?

**भाञ्जा :** के हुनु मामा मन्त्री भएकोले त्यो के भन्छन् ब्ल्याकमेल गर्न कसैले अपहरण त गरेन ।

**साधुराम :** तपाईले बढी नै बुझ्न भो भाञ्जा ! अपहरणमा परेको भए अहिले सम्ममा अपहरणकारीकै फोन आउँदैनथ्यो । यति पैसाले अथवा फलानो काम गरिदे भन्दैनथ्यो ?

**यशोदा :** कतै दुर्घटनामा पऱ्योकि हस्पिटलहरुमा फोन गर्ने हो कि ।

**साधु :** यो चै हुन सक्छ..... (अनुजालाई) खै गोरखा-पत्र वा कान्तिपुर ले त त्यहाँ अस्पतालहरुको फोन नं. होला (अनुजा उठेर जान्छे)

**यशोदा :** सानो बच्चा भए पनि एउटा कुरो यत्रो ठूला भईसकेर पनि । कहिले यस्तो अवेर गर्दैनथ्यो ! कस्तो टाउको दु:खायो यस्ले त !

(अनुजा पत्रिका ल्याएर दिन्छे) त्यही वेला घण्टि बज्छ । (सबैजना झस्किन्छन् । यशोदा हत्त र पत्त गएर टेलिफोन उठाउँछिन ।

**यशोदा :** को अभय हो ?

## दृश्य ६७ (क)

समय : राति/भित्र

स्थान : कुनै कोठा

पात्र : अभय

( अभय मोबाइलबाट कुरा गर्दै छ । )

**अभय :** हो आमा म अभय हुँ ।

**यशोदा :** तँ कहाँ छस बाबु, अहिले सम्म किन नआएको ?

**अभय :** आमा, फोन बालाइ दिनुस् ।

**यशोदा :** म सँग कुरा गर्न, किन बा चाहियो ?

**अभय :** म बा सँग कुरा गर्छु दिनुन ।

**यशोदा :** (साधुतिर हेरेर) तपाईसँग कुरा गर्ने रे ।

**साधुराम :** (फोन लिएर किन अभय तँ घर किन नआएको ।

**अभय :** त्यो घर हैन बा, त्यो त डेरा हो ।

**साधुराम :** जे भए पनि चाँडो आउनु पर्दैन ?

**अभय :** तपाई आफ्नो परिवारलाई भन्दा आफ्नो कर्तव्यलाई मायाँ गर्नु हुन्छ ।हामीलाई मायाँ गर्न हुन्न जहाँ मायाँ छैन त्यहाँ सम्बन्धहरु देखावटी हुन्छन् ।

**साधु :** गर्छु बाबु म आफ्नो परिवार आफ्नो सन्तान सवैलार्य मायाँ गर्छु ।

**अयभ :** तपाई मलाई मायाँ गर्ने भए मेरो एउटा काम गरिदिनुस्न

**साधुराम :** के काम हो पहिले घर आइज बेलि बिस्तार लगा यहाँ सवैजना खाना नखाई तँलाई कुरेर बसेका छन् । काम त भै हाल्छि नि !

**अभय :** होइन पहिले मेरो काम हुनुपर्छ अनि मात्र म तपाईको त्यो क्वाटर हो कि डेरा हो त्यहाँ आउँछु ।

**साधु :** के भनेको अभय - तँ आज किन बाउठेको कुरा गर्छस हँ ?

**अभय :** म आज बाउठिएको छु । मेरो काम भएन भने तपाईले मेरो मरेको अनुहार देख्नु हुने छ ।

**साधु :** के बौलाहा जस्तो कुरा गर्छ यो ?

**अभय :** हो म बौलाहा भएको छु । मेरो बा, मेरो आफ्नै बाले आफ्नो परिवार, छोरा, छोरीलाई भन्दा समाजसेवा र इमान्दारीतालाई मायाँ गरेको देखेर मेरो दिमागको नशा फुट्न आँटेको छ ।

**साधुराम :** (एक छिन सोधेर) भन के काम हो ?

**अभय :** यो काम भयो भने मलाई पनि लाभ हुन्छ तपाईलाई पनि लाभ हुन्छ । २०/३० लाखको फाइदा हुन्छ बा !

**साधुराम :** मेरो छोरा मलाई घुस ख्वाएर काम गराउन खोज्दै छ ।

**अभय :** तपाईको भाषामा त्यो घूस होला, तर मेरो भाषमा पारिश्रमिक हो ।

**साधुराम :** अरुको लागि भए त्यस्ता बकम्फुस्रे काम म बाट हुँदैनथ्यो । तर तेरो लागि हो भने भन म झुण्डिन पनि तैयार छु ।

**अभय :** पर्दैन केवल एउटा फोन गरिदिए पुग्छ ।

**साधुराम :** कसलाई ?

**अभय :** तपाइकै बन विभागका प्रमुखलाई ।

**साधुराम :** के भन्नु पऱ्यो ?

**अभय :** चन्दनपुर गाउँका महाजन शोभितको छोरा निरञ्जनलाई कैद मुक्तः गरिदिन भन्नु पऱ्यो ।

**साधुराम :** के भन्छ यो ? रेड ह्यान्ड समातेको मान्छोलाई कसरी छोड्ने ?

**अभय :** जरिवाना गरेर कैद मिनाहा गरी दिनु पऱ्यो ।

**साधु :** त्यो फायल विभागमा पुगी सक्यो कसरी हुन्छ ?

**अभय :** पुराना फाइलको ठाउँमा नयाँ फाइल राखेको छ । सचिवले केवल फाइल मात्र हेरेर सही गरि दिए पुग्छ । अनजानमा घटना घटेको भनेर जरिवाना गरेर छोडी दिए हुन्छ ।

**राधुराम :** सबैलाई थाहा भएको कुरा सचिवले कसरी गर्न सक्छ ?

**अभय :** थाहा नपाए जस्तो गरेर । निरञ्जन फेरि कहिले त्यहाँ जाँदैन । उ काठमाण्डौं बस्छ । कसैलाई थाहा हुँदैन, घटना धुप-चुप सकिन्छ ।

**साधुराम :** यसरी अपराधीलाई संरक्षण गर्नु भनेको त्यत्तिकै ठूलो अपराध अपराध गर्नु हो,त्यो अपराध पनि म बाट गराउन चाहन्छस् ।

**अभय :** ती सव आदर्शका कुरा हुन् बा ,हिजो सम्म तपाई सक्नु हुन्न थियो । हामीले अभाव अपमान सहेका थियौ तर आज तपाई सक्षम हुनुहुन्छ अव पनि तपाई व्यवहारिक हुनु भएन भने कहिले पनि हुन सक्नु हुन्न । प्रत्येक दिन हामीले अपमानको घुट्को पिएर बाँच्नु पर्ने हुन्छ ।

**साधुराम :** ठीक छ तँ घर आइज ! (अर्को फोन गर्न थाल्छन् ।)

## दृश्य ६८

समय : दिउँसो/बाहिर

स्थान : ठूलो घर (नयाँ घर) कम्पाउण्ड सडक

पात्र : यशोदा, चतुरानन्द, घनश्याम

घनश्यामको कार सडकबाट हुँदै एउटा ठूलो घरको कम्पाउण्ड भित्र छिरेर रुक्छ ।

कारबाट क्रमश, घनश्याम, यशोदा र चतुरानन्द निस्कन्छन् । घनश्यामले पहिलो मूल ढोका लगाउँछ यशोदा र चतुरानन्द घर उत्सुकतापूर्वक हेरिरहेका छन् ।

**घनश्याम :** नजिक आएर - ल हेर्नुस हजुर 'घर यही हो ? यो ठाउँको लोक्यालिटी पनि राम्रो छ । आफ्नै बोरिङ २४ सै घण्टा पानी, वेल फर्निस्ड छ, हजुर......

**यशोदा :** राम राम यत्रो घर किन्ने पैसा कहाँ छ र हामी सँग। म सँग त्यै ज्वाइसाव सँग लिएको २५ लाख मात्रै त । यो घर २५ लाखमा आउँछ ?

**घनश्याम :** हजुरलाई मन पऱ्यो भने भै हाल्छनी हजुर ! काम मन्त्रीज्यूले मिलाई दिदै जानु म यता मिलाउँदै जान्छु ।

**यशोदा :** तै पनि यत्रो घर त कहाँ किन्न सकिन्छ र करोड भन्दा माथि नै होला यो घरको दाम त ? यत्रो घर त मैले सपनामा पनि देख्ने गरेकी छैन ।

**चतुरानन्द :** दिदी म बाट जसरी त्यो पैसा आयो त्यसै गरी वहाँबाट अरु पैसा आउँछ । कि कसो घनश्यामजी ।

**घनश्याम :** एकदम हजुर ! खयरको टेण्डर भएको छ हामीले पनि त्यो टेण्डर हालेको छ । (कानै नेर गएर) मेरो फाइल सदर भयो भने हजुर, यो घर हजुरको नाममा र अभय बाबु र अनुजा नानीको नाममा अरु १-१ वटा घर किन्दिन सक्छु हजुर........................

(यशोदाको मन ढक्क फुलेर आउँछ अनुहारमा पसिना पसिना हुन्छ ।)

(चतुरानन्द यशोदालाई सम्झाउँछ)

**चतुरानन्द :** हेर्नुस दिदी समय आउँछ पर्खिंदैन भने जस्तो, यस्तो मौका पटक पटक आउँदैन दिदी, हुन्छ भनिदिनुस अभय म पनि भएर दाइलाइ बल गरुँला । तपाईले पनि रोइ नै दिने हो भने दाइको के लाग्छ । हुन्छ भनिदिनुस दिदी ।

**घनश्याम :** भाउजू मैले तपाईको अपमान भएको पनि देखेको छु । पैसाको कमीले घर झगडा भएको पनि देखेको छु । फेरि यस्तो काम वहाँले मात्र हैन थोर बहुत सवैले गर्छन् ।

(यशोदाको Reaction - (किं कर्तव्य)

(चतुरानन्दको Reaction हुन्छ भनिदिए हुन्थ्यो भन्ने आश)

**घनश्याम :** म संग लगानी गर्ने पार्टीको किम छैन वस त्यो खयर संकलन गर्ने फाइल सदर हुनु पर्‍यो ।

**यशोदा :** (दृढ निश्चय गरेर) त्यो सदर भयो भन्ठान्नुस । पत्नी धर्मलाई बान्धक राख्नु परे पनि सन्तानको सुखको लागि म त्यो गर्ने भए !

**घनश्याम :** फाइल सदर भएपछि चिठी पाउनु भन्दा अगाडि म हजुरहरु तीनै जनाको नाममा तीनवटै घर पास गरी दिन्छु .......... हाम्रो काम बन्यो जाउँ भाउजू ! (सवै जना फेरि कारमा बसेर जान्छन्)

## दृश्य ६९

समय : राति/भित्र

स्थान : साधुरामको सुत्ने कोठो

पात्र : यशोदा, साधुराम

(यशोदाले साधुरामालई फकाउँदैछिन्)

**यशोदा :** त्यो खयरको टेण्डर साधुरामले पनि दिएको छ 'रे हो ?

**साधुराम :** कसले भन्यो तिमीलाई ?

**यशोदा :** उसैले भनेको दिउँसो आएको थियो ।

**साधुराम :** (केही बोल्दैनन्)

**यशोदा :** विहे गरेको यत्रो वर्ष भयो, मैले मेरा लागि कहिले पनि केही पनि माँगिन, यस पटक म पनि माग्छु ।

**साधुराम :** (फर्केर हेर्छन्)

**यशोदा :** त्यो घनश्यामको काम गरिदिनुस सुख दुःखमा उसैले हामीलाई साथ दिएको छ ।

**साधुराम :** तिमीलाई थाहा छ उसको र अर्को पार्टीको टेण्डर रकममा कति राजस्वको फरक छ ?

**यशोदा :** जति सुकै होस, सानो तिनो ठेक्कामा समेत उसले एक्ले खाउँ भनेन बाँडेरै खायो । यस पटक पनि बाँड्छ !

**साधुराम :** बाँड्छ भन्दैमा गति नै छाड्न त भएन त यशोदा, मन्त्रालय,मन्त्री परिषदमा मेरो के इज्जत रहन्छ ?

**यशोदा :** पैसा कमाएर शानले बसे पछि यो मुलुकमा कहाँबाट ल्यायो भनेर खोई कस्ले खोज्दो रहेछन् । फेरि उसको काम अरुलाई भनेर त गराई दिनु भएको थियो । यो त आफैले गरिदिने हो ।

**साधुराम :** अरुकाम र यो काममा फरक छ यशोदा सिधै जेल जानु पर्‍यो भने !

**यशोदा :** अहिले सम्म कारवाही भएर पनि सवै जरिवाना तिरेर, कोही धरौटी राखेर निस्के, को जेल परेको छ ?

**साधुराम :** अरुले के गरे त्यो मलाई मतलव छैन । भोलि समाजमा कुन मुखले अनुहार देखाएर हिड्नु !

**यशोदा :** (अलि झर्केर) तपाई हाम्रो काम त के गर्नु हुन्थ्यो, परिवारको त तपाईलाई के चासो हुन्थ्यो, आफ्नो मात्र हेर्ने तपाई स्वार्थी हुनुभयो, आफ्नो भविष्य त यस्तै भयो, छोरा छोरीको भविष्य कहिले उज्यालो नहुने भयो ।

**साधुराम :** (यशोदा रिसाएको देखेर छक्क पर्छ)

**यशोदा :** बस्नुस एकल काँटे भएर । आफ्नो खुट्टामा उभिने भए पछि सवले एक-एक गरेर छोडेर जान्छन. तपाईलाई, नाम पनि जस्तो बेहोरा पनि उस्तै । नसक्दा त सहने ठाउँ थियो सक्दा पनि नगर्ने त लाछी र नामर्द मात्रै हुन्छन् । भोलि नै घनश्यामको काम भएन भने म पनि बोल्दिन तपाईसंग । (ओढ्ने टिपेर मुख छोपेर भई ओछ्यानमा लम्पासार पर्छिन)

**घनश्याम :** (टाउकोमा हात राखेर) हे भगवान कसरी सम्झाउने यिनीहरुलाई !

## दृश्य ७०

समय : दिउँसो/भित्र

स्थान : मन्त्रीको कार्यालय

पात्र : साधुराम, सचिव, सह-सचिव,

(सचिव मन्त्रीसँग असन्तोष पोर्खी राखेको छ)

**सचिव :** कसरी मिलाउन सकिन्छ हजुर । टेण्डरको कुरा, अर्को पार्टी भन्दा सात करोड कम हालेको छ । भोली हामी सवैलाई अप्ठ्यारो पर्न सक्छ ।

**साधुराम :** कुनै जक्ति निकाल्नुस बरु के गर्नु पर्छ । तपाईलाई पनि केही केही मिलाउला नि ।

**सचिव :** लोभले लाभ लाभले विलाप, यो केश सवैलाई थाहा छ । टेण्डर खोल्दाका मान्छेहरु छन् । तलका स्टाफहरु छन् । उनीहरु विभिन्न विचारका छन् सानो गल्ति हुँदा त सतर्कता अख्तियारमा चिठ्ठी हाल्छन् । यो त सिधै जेल जाने कुरो हो । बरु म राजिनामा दिन्छु यस्तो काम गर्दिन...... (सचिव फइल त्यही छोडेर वाहिर जान्छन्)

**साधुराम :** (चिन्तित भएर सोच्न थाल्छन्)

(ढोका खोलेर सह-चिव गुमान सिंह भित्र आउँछन्)

**गुमान सिंह :** कत्रा कत्रा काम हुन्छन्, यो जावो त के हो र !

**साधुराम :** (पहिले छक्क पछि अनुहारमा आशाका लहर फैलिन्छ)

**गुमान सिंह :** त्यसका लागि त म छँदै छु नि मन्त्री ज्यू, (साउती गरे जस्तै) त्यसका लागि यी सचिवलाई सरुवा गरि दिनुस् मलाई निमित्त सचिव बनाई दिनुस । त्यस पछि के के गर्नु पर्छ म गर्छु । आफ्नो टिम मिलाउन सरुवा बढुवा सव गर्नु पर्छ ।

**साधुराम :** (अँ गरे जस्तो टाउको हल्लाउँछ) टीप्पणी भनेको त शब्द र वाक्यको खेल मात्र हो सर ? कुलो र कुरो जता घुमाए पनि हुन्छ । त्यसका लागि म छँदै छु नि ! हजुर ढुक्क हुनु भए हुन्छ ।

**साधुराम :** (उपाय पत्ता लागे जस्तो सोच मग्न हुन्छ)

## दृश्य ७१

समय : दिउँसो/भित्र

स्थान : गजेन्द्रको कार्यालय कोठा (रा.स. केन्द्र)

पात्र : गजेन्द्र, हिमानी, राम, अनुराग

(उप सचिव गजेन्द्र र अधिकृत राम अनुराग फाइलहरु अध्ययन गर्दैछन् । ढोका ढककाएको आवाजले दुवै ढोका तिर हेर्छन् ।)

**गजेन्द्र :** आए हुन्छ !

**हिमानी :** (ढोका खोलेर भित्र आउँदै, हातमा फाइल छ) सर, दिन भरी आएका उजुरीका लिष्टहरु छन् ।

**गजेन्द्र :** बसेर सुनाउनुस -

**हिमानी :** (बस्छिन्)

**राम :** (उत्सुकता पूर्वक हेर्छन्)

**हिमानी :** कलैयामा एउटा स्कूलमा दलितहरुको लागि गएको छात्र-वृत्ति रकम प्रधान अध्यापकले जिल्ला शिक्षा कार्यालयका कर्मचारीसँग मिलेर छात्रबृत्ति रकम हिना मिना गरेको रै'छ ।

- सुनसरी जिल्ला विकाश समितिले आफ्ना नातेदारलाई पुल मुनीबाट बालुवा झिक्न दिएर पुल भासिएको र स्थानीय बासिन्दाले उजुरी गर्दा सुनुवाई नभएको ।
- लमजुङमा ५ कि.मी. सडक कालो पत्रे गर्दा कमसल सामान प्रयोग गरेको र सडक तीन महिना भित्रै भत्किन थालेको !
- धनुषामा नागरिकता वितरणमा अनावश्यक हैरानी दिइ घुष दिन बाध्य बनाएको ।
- दाङमा घुष खाएर मोटर साइकलको लाइसेन्स वितरण गरेको छ ।

**गजेन्द्र :** यो सवै उजुरीको चिठ्ठी बनाएर सम्बन्धित निकायमा Fax गरिदिनुस् ।

**हिमानी :** हुन्छ सर

**गजेन्द्र :** सतर्क गराई सकेका कार्यालयहरुको report के छ ?

**हिमानी :** बन विभागका कर्मचारीले रङ्गेहात समातिएको बाघ मार्ने मान्छे छोडेर भ्रष्टाचार गरेको विषय पत्राचार गर्दा कुनै टेर पुच्छर लाएको छैन ।

**गजेन्द्र :** अनि राम जी सिँचाईमा फेरि छड्के गर्नु भो ।

**राम :** अनुराग जी र म फेरि गयौं । त्यहाँ हाकिम नै सकारात्मक भएकालेले हाल समस्या छैन सर !

**गजेन्द्र :** हिमानी जी अनुराग र रामजीलाई त्योबाघ मार्ने मान्छेको केश अध्ययन गर्न दिनुस -

**हिमानी :** हुन्छ सर ।

**गजेन्द्र :** तपाईहरु टिम बनाएर त्यो केशको शुरु देखि कै अध्ययन गरेर केश गर्न सकिने गरी फाइल बनाउनुस् ।

**राम :** हुन्छ सर......... ( राम र हिमानी दुवै नमस्कार गरेर जान्छन्)

## दृश्य ७२

समय : दिउँसो/भित्र

स्थान : साधुरामको अफिस कोठा -मन्त्रालय)

पात्र : साधुराम : गुमान सिंह

(साधुराम कोठामा छटपटाई राखेको छ । ढोकाबाट निमित्त सचिव गुमान सिंह प्रवेश गर्छ । साधुराम झस्केर ढोका तिर हेर्छ । गुमान सिँहको हातमा २ वटा फइल छ ।)

**गुमान सिँह :** सर ! किन चिन्ता लिनु भएको । अब त म निमित्त सचिव भै हालें । सव कुरो मिलिसक्यो । म छँदै छु नि । यी फाइल बनिसक्यो सर ।

**साधुराम :** (आफ्नो सिटमा गएर बस्छ)

**गुमान सिँह :** (साधुरामको अगाडि फाइलहरु राख्दै) एउटा फाइल कर्मचारी सरुवाको छ सर र अर्को चै त्यही खयर सङ्कलनको/मैले मिलाएको ठिक छ कि छैन, अध्ययन गरेर सही गरी दिए हुन्छ ।

**साधुराम :** (फाइल लिएर पल्टाउन थाल्छन्)

**गुमान सिँह :** हँ (मुख हेर्छन्) हुन्छ जानुस् ।
गुमान सिँह जान्छन्)
साधुराम फाइल बन्द गरेर उठेर छटपटाउन थाल्छन् ।

**Monologue** : के मलाई यो गलत काम गर्न मेरो नैतिकताले दिन्छ ? मैले आज सम्म जुन आदर्शको वाटो बनाएको थिएँ त्यो भत्किएर जाँदैन ? के मलाई मेरो स्वाभिमानले यो काम गर्न दिन्छ..... (उनी सोच मग्न हुन थाल्छन् ? अर्को आँखामा क्रमशः आफन्तहरुले भनेका दृश्यहरु नाच्न थाल्छन्)

**F.B. :** मावलीमा टीका लगाउँदा मामाले काठमाण्डौंमा घर बना भनेको,

**यथार्थ :** (पूनः साधुरामको प्रतिक्रिया फेरि सोच्न थाल्छन्)

**F.B. :** सासु ससुराले भनेका, लखनले भनेको, अभयले भनेको, अनुजाले भनेको, सालीले भनेको अन्तमा यशोदाले भनेका दृश्यहरु ।

**यथार्थ :** (साधुराम छटपटिदै गएर कुर्सिमा बस्छन् र फाइलहरुमा फटाफट सही गर्न थाल्छन् । )

**साधुराम :** (सही गरिसकेर) धिक्कार होस मलाई (भन्दै फाइल निकै पर सोफातिर फ्याल्छन्) (र उठ्दै आँखा पनि रसाएका छन्) (आवाज मै) मैले एउटा इमान्दार शिक्षक साधुरामको हत्या गरेको छु ।

## दृश्य ७३

समय : दिउँसो/वाहिर

स्थान : साधुरामको नयाँ घर

पात्र : अभय, अनुजा, यशोदा, चतुरानन्द, घनश्याम, ड्राइभर र भाञ्जा -घनश्यामको गाडि गएर नयाँ घरको बाहिर रुक्छ, पछि पछि मोटरसाइकलमा अभय र अनुजा पुग्छन् । घनश्याम हातमा चाबिको झुत्ता हल्लाउँदै ढोका तिर बढ्छन् । यशोदा र चतुरानन्द ओर्लिन्छन्)

**घनश्याम :** खोल्नु ढोका र गृह प्रवेश गर्नुस् ... आजै देखि यो र तपाईको भयो । (भाञ्जा अक्कन न बक्क छन्) (यशोदा एकैछिन अकमकिएर अडिन्छिन् )

**अभय :** के भयो आमा ! किन अडिनु भयो ?

**यशोदा :** तेरो बा पनि सँगै भै दिएको भए कति राम्रो हुने थियो ।

**चतुरानन्द :** अब पुरै सर्ने वेलामा सँगै बसेर रुद्रि लगाउनु होला वहाँ सँगै बसेर । घर पनि पवित्र हुन्छ ।

**घनश्याम :** (अभय र अनुजासँग) अभय बाबु र अनुजा नानीको नाममा पनि एक एक वटा घर पास हुन्छ यसै हप्ता !

**अनुजा :** साँचै हो अङ्कल ?

**घनश्याम :** आज सम्म मैले बोलेको कुरा पुऱ्याएको छु ।

**अनुजा :** (खुशी भएर 'या' गर्छे । )

**घनश्याम :** ढोका खोल्नुस भाउजू हिड्नु भित्र -
(यशोदाले ढोका खोल्छिन् सवै भित्र तिर जान्छन् ।)

## दृश्य ७४

समय : दिउँसो/भित्र

स्थान : साधुरामको नयाँ घर भित्र

पात्र : अभय, अनुजा, यशोदा, घनश्याम, चतुरानन्द, भाञ्जा ।

(भित्र देखेर सवै दङ्ग हुन्छन् ! अनुजा नाच्न थाल्छे)

**अनुजा :** वाह कस्तो राम्रो,

**अभय :** घर ....... आफ्नो घर, हाम्री आमाको घर............

**घनश्याम :** भाउजूले अस्तिनै भित्र हेर्नु भएको थिएनँ कस्तो लाग्यो ?

**यशोदा :** भित्र झन यस्तो राम्रो होला भनेर सपनामा पनि सोचेको थिइनँ ! कता कता मलाई त सपना जस्तो लागि राखेको छ ।

**घनश्याम :** यो सपना हैन भाउजू यो विपना नै हो ।

**अनुजा :** (घनश्यामसँग चतुरानन्दलाई हेर्दै ।) अङ्कल हाम्रो सानो बा लाई केही पनि नहुने भयो ।

**चतुरानन्द :** (हाँस्छ) पहिले हाम्रो दाजुलाई खुशी पारौँ । म त छँदै छु नि !

**घनश्याम :** वहाँ अब मेरो हरेक नयाँ ठेक्का पट्टामा पार्टनर हुनु हुनेछ । नाफा नै बाँडेर खाउँला हुन्न ?

**चतुरानन्द :** त्यो मेरा लागि अहो भाग्य हो (भाञ्जा अझै घरै हेर्दैछन्, मूख 'आँ' गरेर । )

## दृश्य ७५

समय : दिउँसो/भित्र

स्थान : गुमान सिंहको कार्य कक्ष

पात्र : गुमान सिंह , पत्र वाहक ।

**गुमान सिंह :** ( आफ्नो अगाडिको फाइलको एउटा कागज झिकेर च्यात्छन् र त्यसको ठाउँमा अर्को कागज राखेर फाइल बन्द गर्छन् त्यही वेला ढोका बाट कोही भित्र आएको आवाजले ढोका तिर हेर्छन् । ढोकाबाट एउटा पत्रवाहक भित्र आउँछन् र गुमानसिंहलाई पत्र बुझाएको किताव र पत्र दिन्छन् ।)

**पत्र वाहक :** सर यो चिट्ठी !

**गुमान सिंह :** कहाँबाट आएको ?

**गुमान सिँह :** राष्ट्रिय सतर्कता केन्द्रबाट ।

**गुमान सिंह :** चिट्ठी अफिसलाई हो कि मलाई हो ?

**पत्र वाहक :** सर यो सरको व्यक्तिगत चिट्ठी हो !

**गुमान सिंह :** (गुमान अति अप्ठ्यारो मानेर पत्र बुझ्ने किताबमा हस्ताक्षर गर्दछन् ।)

**पत्र बाहक :** नमस्कार सर (जान्छन्)

**गुमान सिंह :** (पत्र खोलेर पढ्छन् र खिस्स हाँसेर च्यातेर रद्दीको टोकरीमा फ्याल्छन् ।)

## दृश्य ७६

समय : दिउँसो/भित्र

स्थान : बन कार्यालय

पात्र : बन हाकिम, राम, अनुराग,

(बन हाकिम कम्प्युटर रेकर्ड हेर्दै हुन्छन् र O.V. सर हाकिम ढोका तिर हेर्छन् । राम र अनुराग ढोकामा उभिएका छन्,

**राम :** हामी भित्र आउन सक्छौं ......

**हाकिम :** आउनुस् !

(राम अनुराग अगाडि बढेर हाकिमलाई परिचय पत्र देखाउँदै)

**राम :** सर हामी राष्ट्रिय सतर्कता केन्द्रबाट आएका हौ !

(हाकिम तत्काल व्यवहार परिवर्तन गर्दै) ए ! आउनु सर बसौनँ (बस्न इशारा गर्छन्)

**राम :** क्षमा चाहन्छौं, हामी बस्न हैन केही कुरा बुझ्न आएका

**हाकिम :** (अलि आत्तिए जस्तो) कस्तो कुरा ?

**अनुराग :** चन्दनपुरको जङ्गलमा निरञ्जन भन्ने व्यक्तिले बाघ मारेको थियो त्यसको केश के भयो ?

**हाकिम :** म त भर्खर सरुवा भएर आएको हुँ । म भन्दा पहिलेका हाकिमले गर्नु भएको रै'छ ।

**राम :** खै त्यो मुद्दाको फइल निकाल्नुस ?

**हाकिम :** (ड्रअरबाट फाइल झिकेर दिंदै) यही हो फाइल मुद्धा पनि नचलाई मान्छे छोडेको रै'छ ।

(राम र अनुराग दुवै, फाइलको जाँच परख गरेर)

**अनुराग :** ठीक छ हाकिम साव यो फाइलको मुचुल्का उठाउन लाउनु होस । हामी यो फाइल लिएर जान्छौं ।

(हाकिमले घण्टी बजाउँछन् दुवै ढोका तिर हेर्छन्)

## दृश्य ७७

समय : दिउँसो/भित्र

स्थान : गजेन्द्रको कार्य कक्ष (रा.स. केन्द्र)

पात्र : गजेन्द्र, हिमानी, राम, अनुराग

(हिमानी हातमा उजुरीको लिष्ट लिएर, गजेन्द्रसरको कोठामा प्रवेश गर्छिन् ।)

**हिमानी :** नमस्कार सर,

**गजेन्द्र :** (फाइलबाट आँखा हटाएर) नमस्कार

**हिमानी :** सर, बन मन्त्रालय अन्तर्गतका निकायहरुमा व्यापक भ्रष्टाचार र अनियमितता भएको २ वटा उजुरी आएको छ ।

**गजेन्द्र :** के के छ हँ ?

**हिमानी :** एउटा अनियमित तरिकाले व्यापाक रुपले कर्मचारीहरुलको सरुवा बढुवा गरिएको छ । यो सवै भ्रष्टाचारको ढाक छोप गर्ने उद्देश्यले गरेको भन्ने छ ।

**गजेन्द्र :** दोस्रो ?

**हिमानी :** खयर सङ्कलनको टेण्डरमा जुन पार्टीले ७ करोड बढी राजस्व दिने कबोल गरेको छ उसको टेण्डर स्वीकृत नगरी ७ करोड कम राजस्व उठ्न दोस्रो पार्टीको टेण्डर स्वीकृत गरिएको छ ।

**गजेन्द्र :** ओ हो सात सात करोडको राजस्व छल्ने गरी गरिएको निर्णय ? (यो त व्यापाक भ्रष्टाचार भयो................ (यस्तैमा रामको हातमा फाइल सहित अनुराग पनि कोठामा प्रवेश गर्छन्)

राम र अनुराग, नमस्कार सर

**गजेन्द्र :** नमस्कार...

**राम :** सर हामीले बाघमारा मान्छेको फाइल लिएर आएका छौं ।

**अनुराग :** ठूला वडा कै छोरो रै'छ......... र पो

**गजेन्द्र :** हाम्रा लागि सवै समान छन् । यहाँ त्यो भन्दा ठूलो भ्रष्टाचारको उजुरी परेको छ ।

**राम :** कहाँ सर ?

**गजेन्द्र :** बन मन्त्रालय,

**अनुराग :** सर, त्यहाँ त हामीले बारम्बार सतर्क गराएका छौँ । तर टेर-पुच्छरै लाउँदैनन् ।

**गजेन्द्र :** बारम्बार सचेत गराउँदा पनि वेवास्ता भएकै हो भने र दिन प्रतिदिन भ्रष्टाचारको उजुरी पनि आईरहेको छ भने त तुरुन्त छानविन गर्नुहोस् । अख्तियारलाई हामीले सिफारिस गर्नु भन्दा अगाडि रेशा-रेशा केलाएर फाइल तयार गर्नुहोस् ।

## दृश्य ७८

समय : दिउँसो/वाहिर

स्थान : सडक

पात्र : नीरज,

(मोटर साइकलमा साधुरामको नयाँ घर अगाडि आएर रोकिन्छ र खल्तिबाट मोबाइल झिकेर फोन गर्न थाल्छ ।)

## दृश्य ७९

समय : दिउँसो/भित्र

स्थान : प्यासेज हुँदे बैठक

पात्र : अनुजा,

(अनुजा मोबाइलमा घण्टी, झिकेर कुरा गर्दै बढ्छे उ अर्धनग्न अवस्थाको लुगमा छे ।

**अनुजा :** (मोबाइलमा कुरा गर्दै) कत्रो वेर भै सक्यो पर्खेको म झर्दै छु पर्ख.......... (बैठकमा पुग्छे)

## दृश्य ८०

समय : दिउँसो/भित्र

स्थान : साधुको नयाँ बैठक

पात्र : यशोदा, अनुजफ अन्य ३/४ आइमाइहरु

(बैठकमा यशोदा मोर्डन ड्रेसमा अन्य महिलाहरुसँग तास खेलेर बसि रहेकी छे ।

**अनुजा :** मम्मी ............................. (यशोदा लगायत अरु अनुजालाई हेछर्छन्)

**अनुजा :** म नगरकोट जान लाग्या भोलि मात्रै आउँछु ।

**यशोदा :** को सँग जान लागेको ?

**अनुजा :** नीरजसँग

**यशोदा :** आफ्नो ख्याल राख्नु, तिमीले दिएको बचन सम्झना छ ?

**अनुजा :** छ मम्मी......

**यशोदा :** ठीक छ जाउ ........ (अनुजा गएपछि ) आजकालका केटाकेटी आफ्नो मन खुशी गर्छन् ।

## दृश्य ८१

समय : दिउँसो/भित्र

स्थान : साधुको नयाँ घरको कम्पाउण्ड सडक

पात्र : नीरज, अनुजा, चतुरानन्द, मामा, सासु, ससुरा, पार्वती, भाञ्जा, लखन,

दुइटा ट्याक्सी आएर, नीरजको मोटरसाइकल छेउ रोकिन्छ। अनुजा गएर मोटरसाइकलमा चढ्छे। नीरजले मोटर साइकल लान्छ। ट्याक्सीबाटै सासुले अनुजालाई मोटरसाइकलमा बसेको देख्छिन्।

**सासु :** (ट्याक्सी भित्रै चतुरानन्दलाई सोध्छिन्) ज्वाइ सा'व त्यो भटभटेमा बस्ने अनुजा हैन ?

**चतुरानन्द :** हो आमा ! (ओर्लिदै गर्छ) (मो.सा. जान्छ)

**सासु :** (ओर्लदै) छि...छि....... कस्ता लुगा लगाएकी त्यस्ले ! बाउ आमा केही भन्दा रै'न छन्।

**चतुरानन्द :** हजुरहरुलाई नौलो लागेको मात्रै हो आमा यहाँ सवै त्यस्तै हुन्छन्, साधारण मानिन्छ !

**सासु :** अनि त्यो केटा चै को हो नि : (अरु सवैलाई ट्याक्सी भाँडा तिरेर भाञ्जाले कम्पाउण्ड भित्र लादैंछन्)

**चतुरानन्द :** उसैसँग पढ्न केटा साथीं..................

**सासु :** (जिब्रो टोक्दै) यहाँको चलन बुझ्न गाह्रो रै'छ (सवैजना कम्पाउण्डमा पुग्छन्)

## दृश्य ८२

समय : दिउँसो/

स्थान : साधुको नयाँ घरको कम्पाउण्ड

पात्र : चतुराननद, मामा, सासु, भाञ्जा, ससुरा, पार्वती, लखन

(सवैजना कम्पाउण्डमा पुगेपछि)

**भाञ्जा :** ल. यही हो हाम्रो मामाको नयाँ घर।

**लखन :** राम राम................... कत्रो घर। गाउँको नभए पनि आफ्नो चै गरेछ साधुरामले।

**भाञ्जा :** जता भए पनि प्रगति भए भै गो नि' खै कुरा बुझेको ?

(पुनः सवैजना घर हेर्दै घर भित्र छिर्छन्)

## दृष्य ८३

समय : दिउँसो/भित्र

स्थान : साधुको नयाँ घर भित्र

पात्र : चतुरानन्द, मामा, सासु, ससुरा, भाञ्जा, लखन, पार्वती

(घरको भित्री भाग पनि हेर्दै छन् सवै जना)

**सासु :** ठूला ज्वाइले घर चै ठूलैं लिनु भएछ ! ...... अनि घरमा चै कोही पनि छैन कि क्या हो ?

## दृश्य ८४

समय : दिउँसो/भित्र

स्थान : साधुको नयाँ घरको बैठक

पात्र : यशोदा, ३/४ जना महिला.. सासु

(यशोदाहरु तास खेल्दैछन्)

**यशोदा :** (तास बाड्दै) ए निर्मला................ क्यासिनो जाने भनेको हैन ? मलाई त सुन्दै जाउँ जाउँ लागि सक्यो ......

**निर्मला :** क्यासिनो जान थोर थार पैसा लिएर कति वेर खेल्नु ! अलि डक्क लिएर जान पाए पो !

**यशोदा :** ४०/५० हजारले पुग्दैन ?

**पुष्पा :** मेरा बुढा पनि (तास मिलाउँदैं) तपाईकै बुढाका मन्त्रालय अन्तरगत छन् । अलि आम्दानी हुने ठाउँमा सरुवा गराइदिनुस्न । ४/५ लाख त मै पनि बुझाउँला ............

(यसै बेला यशोदाको मोबाइल बज्छ उठाएर कुरा गर्दै) हलो को ? ओ नन्दिता, हाउ आर यू ?

वि आर प्लेइङ गेम, यू, नट कमिङ ( बोल्दा बोल्दै उसको आँखा ढोकामा उभिई राखेकी आफ्नी आमामा पर्छ । आमा (सासु) रिस र आश्चर्यले हेरिरहेकी छिन् । यशोदाको वाक्य बन्द हुन्छ, उ डरले मोबाइल बन्द गर्छे...... । आमाको P.O.V. तास......... र अन्य एस्ट्रे चुरोट फेरि यशोदालाई................

## दृश्य ८५

समय : दिउँसो/भित्र

स्थान : साधुरामको घरको भित्री भाग

पात्र : अभय, राधा, हजुर आमा(सासु) हजुर बा (ससुरा) यशोदा (यशोदा आमा बुबालाई फलफूल काटेर खुवाँउँदै छिन् । कोही आएको आभासले सवै ढोका तिर हेर्छन्) ढोकामा अभय राधालाई अँगालो हालेर भित्र छिर्छ । त्यो देखेर हजुर आमा जुरुक्क उठ्छिन्)

**हजुर आमा :** कहाँ गएको थिइस तँ ?

**अभय :** हजुर आमाहरु, आउनु भएको रै'छ । हामी पोखरा घुमेर आउको हजुर आमा !

**हजुर आमा :** (अगाडि बढ्दै) कति दिन भयो थाहा छ ?

**अभय :** तीन दिन त भयो नि (भन्दै तर्किंदै आफ्नो कोठा तिर बढ्न खोज्छ)

**हजुर आमा :** (अभयलाई समाएर एक झापड हान्छिन् । सवै जना छक्क पर्छन् )। (राधा चै रिसाउँछे)

**हजुर आमा :** संस्कार चै गाउँमै छोडेर आइस् । आफू भन्दा ठूलालाई नमस्कार गर्न पनि विर्सिस् ?

(सवैमा झट्का विशेष गरेर यशोदामा ?)

**हजुर आमा :** अनि यो नखरमाउली चै को हो नि ?

**अभय :-** (डराई डराई बोल्छ) साथी

**अभय :** तरुनी केटी साथी हुन्छे ? तीन-तीन दिन घरबाट वाहिर रात विताएर आउने के चाला हो तिमीहरुको ? समाजको, परिवारको कुनै मर्यादा छैन ? (यशोदाको प्रतिक्रिया)

**हजुर आमा :** (यशोदा तिर फर्केर) आफ्ना सन्तानलाई बडो राम्रो संस्कार सिकाएकी रै'छस तैले । (यशोदाको प्रतिक्रिया)( हजुर बुबाको प्रतिक्रिया ।)

**हजुर आमा :** बाउ मन्त्री के भएका थिए यिनीहरु सव टुप्पामा पुगी सकेछन् ।

**यशोदा :** भै गो नि त आमा केटा केटी छन्, घुमफिर गर्छन् ।

**हजुर आमा :** (यशोदालाई पर्नी चड्काउँछिन्) तँ त केटा केटी हैनस् । पद र पैसाले मात्तिए छौ तिमीहरु, अहम र घमण्डले अन्धो बनाएकोछ तिमीहरुलाई ।

(यही मौको छोपेर अभय राधा अर्को तिर लाग्छन्)

**हजुर आमा :** छाडा आइमाईहरुलाई घरमा जम्मा गरेर तास खेल्ने, चुरोट तान्ने ................... थुक्क तेरो !

| | |
|---|---|
| | बुद्धि.........।                    (यशोदा मुन्टो निहुँराउँछे ।) |
| **हजुर आमा :** | छोरो अर्केकी छोरीसँग रात विताउँछ, छोरी अर्केको छोरासँग रात विताउँछे केही मतलव छैन् । (हजुरबालाई के बोलुँ के बोलुँ भै रहन्छ ।) |
| **हजर आमा :** | यति चाँडै आफ्नो भूई नविर्स, धेरै उम्ल्यो भने पोखिन्छ) |
| **हजुरबुबा :** | देश अनुसारको भेष कपाल गुनाको केश, यहाँ यस्तै चलन छ भने हुन दे न त ,तेरो टाउको किन दुःखेको ? |
| **हजुर आमा :** | किन दुख्दैन ? एउटी आमालाई आफ्नै सन्तानको मति विग्रेको देखेर टाउको दुख्तैन ? यिनीहरुलाई दशा लागि सकेको छ । |
| **यशोदा :** | के दशा लागको छ आमा ? |
| **हजुर आमा :** | छर छिमेक समाज सवलाई पोलेर खाई सक्यो तिमीहरुले, अझ के दशा लाग्यो भन्छयौ ? तेरै अभयको जन्मदिनमा भ्रष्ट्राचारीको घरमा भोज भतेर बहिस्कार भनेर तुल टाँगेर राखेको थियो रे' ? (यशोदालाई झट्का लाग्छ ।) |
| **हजुर आमा :** | कति नाम कमाएछन् छोरी ज्वाईले, नतिनातिनाको ताल देखि हाल्नु भो ! म त निस्सासि सकें यो घरमा । |
| **यशोदा :** | सिदा सादा र इमान्दार भएर हिड्दा हामीले भोगेको अपमान त तपाईले कहाँ देख्नु भो ? यहाँको समाज जस्तो छ हामीले पनि त्यसरी नै चल्ने प्रयास गरेका हौं..... (भूतभूतिदै जान्छिन्) |
| **हजुर बा :** | तैले भनेको ठीक यिनीहरु सिमा भन्दा वाहिर पुगिसके । |

## दृश्य ८६

समय : दिउँसो/भित्र

स्थान : अभयको कोठा

पात्र : अभय, राधा

(राधा अभयसँग गुनासो गर्दैछे)

| | |
|---|---|
| **राधा :** | हजुर आमा भन्दैमा हुन्छ ? मान सम्मान वहाँहरुको मात्रै छ । अरु कोही भएको भए जगल्टा लुछि दिन्थे । |
| **अभय :** | हत्तेरी चुपलाग न ( वहाँहरु कहाँबाट आइपुग्नु भएछ ) दुई चार दिनमा त गै हाल्नु हुन्छ नि । |
| **राधा :** | यस्ता पागलहरुलाई के बस्न दिएको तिम्रो ड्याडि मम्मीले ! |
| **अभय :** | ए बाबा गाउँबाट आउनु भएको वहाँहरुको सोच र हाम्रो तरिका फरक त भै हाल्छनी किन बम्की राख्नु परेको ? |
| **राधा :** | गाउँकै मान्छे पनि कति सज्जन हुन्छन् । यस्ता पाखे त कोही नहुन् । |
| **अभय :** | ए राधा डन्ट माइन्ड ओ.के. । मैले पनि त ढोक भेट गर्दा हुन्थ्यो । सञ्चो विसञ्चो सोधेको भए हुन्थ्यो ! |
| **राधा :** | यस्ता पितृहरुलाई त पशुपतिको वृद्धाश्रममा लगेर छोड देउन । झगडै हुँदैन । |

## दृश्य ८७

समय : राति/बाहिर

स्थान : साधुरामको घरको छत

पात्र : साधुराम, लखन, भाञ्जा

(दुनियाँको भागदौडबाट थकित साधुराम राति लखन सँग बसेर रक्सी खाँदैछ र मनको बह पनि पोख्तै छ । भाञ्जालाई निन्द्रा लागे जस्तो देखिन्छ । )

**साधुराम :** भाञ्जा बाबु तपाई खानु पनि हुन्न बरु जानुस तलै, खाना पाकिसकेको भए खाएर सुत्नुस् ।

**साधुराम :** माामाले चै अहिले ठ्याक्कै कुरो बभ्नु भो । यत्रो दिन भै सक्यो नबुभ्केर कहाँ हुन्छ ।

**साधुराम :** हामी बच्चा देखिको, लखन र म, हामी केही खुलेर कुरा गर्छौं ।

**भाञ्जा :** मामा मैले पनि कुरो बुझे म गै हाल्छु । (भन्दै उठेर जान्छन्)

**साधुराम :** बुझिस लखन

**लखन :** बुझेँ मन्त्रीज्यू,

**साधुराम :** मलाई मन्त्री नभन्न यार, तँ त मेरो लगौंटीया मित्र होस । म तेरो बाल्यकालको साथी हैन ? म तेरो साधुराम हुँ मात्र साधुराम ।

**लखन :** तर तँ त मन्त्री भै सकिस ?

**साधुराम :** मन्त्री भएर के भो ! हुन त म साधुराम नै हुँ । मलाई साधुराम भनिस भने गाउँमै छु कि जस्तो लागोस् ।

**लखन :** साधुराम तैले ठूलो प्रगति गरिस्, कहाँबाट कहाँ पुगिस् !

**साधुराम :** म त्यहीँ को त्यहीँ छुँ ! म जहाँको त्यहीँ छु । मान्छेले जे गरे पनि जति गरे पनि साँच्चै नियालेर हेर्ने हो भने उ त्यहींको त्यहीँ हुन्छ ।

**लखन :** (साधुरामलाई मायाले हेर्छ ।)

**साुधराम :** साधुराम गाउँमा हुँदा, मर्दा पर्दा आफू जान्थ्यो जस्लाई जे काम परे पनि सहयोग गर्थ्यो', मनमा एक किसिमको सन्तोष हुन्थ्यो । मास्टरी गर्थे धेरै किसिमका विद्यार्थीहरुको अनुहार पढ्थे बडो रमाइलो लाग्थ्यो ।

**लखन :** अहिले तँ खुशी छैनस् साधुराम ?

**साधुराम :** अहँ अहिले म खुशी छैन, मैले मेरो इमान जमान नैतिकता आदर्श सिद्धान्त जो मेरो आफ्नो भन्ने थियो । त्यो सबै कुरा मैले परिवारको नक्कली सुखको लागि पैसासँग साटेँ घन सम्पत्ति सँग साटेँ ।

**लखन :** मनमै सन्ताष छैन भने त जति कमाए पनि के काम लाग्यो !

**साधुराम :** हो मनमै सन्तोष छैन । मेरा अगाडि आउने हरेक मान्छे कुनै न कुनै स्वार्थ लिएर आएको हुन्छ । तँ वाहेक, तेरो अनुहारमा कुनै स्वार्थ छैन । (रुन्छ पनि) तँ मेरो दु:ख सुखको साथीहोस लखन,तँ सँग के लुकाउनु ?

**लखन :** (छक्क पर्छ, साधुरामलाई सुमसुम्याउँछ) रुन चै नरो साधुराम.........

**साधुराम :** रुन दे लखन रोएर म मनको सवै मयल पखाल्न चाहन्छु ।

**लखन :** (दयाले हेर्छ)

**साधराम :** हिजो सम्म स्वास्नी छोरा छोरी घरमै रमाउँथे घर भित्र संस्कार थियो । आज तृष्णा बढेको छ, घरको आनन्दले कसैलाई छुँदैन । गरीव भए पनि समाजमा इज्जत थियो माया प्रेम थियो तर आज म सँग केही छैनँ । न घर छ न परिवार छ न समाज छ । म एक्लो भएको छु नितान्त एक्लो ।

**लखन :** अहिले त तँ सँग म छु नि साधुराम, त एक्लो छैनस्.....

**साधु :** हो तँ म कहाँ आइस ज्यादै खुशी लाग्यो २/४ दिन बस म तेरो पनि केही न केही व्यवस्था गरिदिउँला । मैले गर्न सक्ने त्यति हो (भन्दै ढल्किन्छ निदाउँछ)

**लखन :** मान्छेले जति सुकै धन सम्पत्ति कमाए पनि सुख किन्न सक्तैन भनेको यही हो । साधुराम, कठै तँ त साह्रै गरीव र निरिह भइछस् ।

## दृश्य ८८

समय : राति/वाहिर

स्थान : गजेन्द्रको कार्य कक्ष (रा.स. केन्द्र)

पात्र : गजेन्द्र, हिमानी, राम, अनुराग र अन्य

(राष्ट्रिय सतर्कता केन्द्रमा मिटिङ्ग भईराखेको छ ।)

**राम :** बाघ मारेको रङ्गेहात पकडाउ परेको मान्छे छुटाउन ५०/६० लाख खर्च भएको अनुमान छ । छुटाउने काम मन्त्री र विभागीय प्रमुखबाट भएको छ । समातिएको मान्छे विना कारवाही छोडिएको छ । म अनुसन्धान गर्दै छु । सवुत प्रमाण पूर्ण भए पछि केश तैयार गर्छु सर ।

**गजेन्द्र :** ढिलो भए सवुत प्रमाण मेटिने डर हुन्छ त्यसैले त्यो काम छिटो गर्नुस् । अनुराग जी तपाईको रिपोर्ट !

**अनुराग :** खयर सङ्कलन टेण्डरमा ७ करोड राजस्व छलेको तथ्य फेला परेको छ । सात करोड राजश्व दिने पार्टीको टेण्डरमा लडे पडेको बाहेक अन्य भन्ने शब्दलाई कारण बनाई जङ्गल नोक्सान हुने आशङ्का उत्पन्न गराई ७ करोड कम राजश्व दिनेको टेण्डर स्वीकृत गरिएको छ । तर अहिले लिएको पार्टीले पनि जङ्गलका लडे पडेका वाहेक अन्य खयर सङ्कलन गरेको पाइएको छ अर्थात् जसले टेण्डर पाऱ्यो उसले पनि अनियमित तरिकाले खयर सङ्कलन गर्दैछ ।

**गजेन्द्र :** त्यत्रो राजश्व छलिने केशमा सचिव ज्यूले कसरी हस्ताक्षर गर्नु भएछ ?

**अनुराग :** सचिव ज्यूले नमाने पछि वहाँलाई सरुवा गरेर अर्को सह-सचिवलाई निमित्त बनाएर काम गराइएको रहेछ । त्यसका हरेक अनियमियताका प्रमाण सङ्कलन भई राखेको छ।

**गजेन्द्र :** हिमानी जी....

**हिमानी :** भ्रष्टाचार गर्न आफ्नो च्यानल मिलाउन कर्मचारीहरुको पनि व्यापक सरुवा बढुवा गरिएको छ त्यसको तथ्य सङ्कलन हुँदैछ ।

**गजेन्द्र :** ठिक छ तपाईहरु आफू आफ्नो कर्तव्य पथमा अडिग भएर काम गर्नुस् सफलता नजिकै छ ।

**राम :** केही सूचना पत्रिका मार्फत् पनि सङ्कलन हुँदैछ सर !

## दृश्य ८९

समय : राति/वाहिर

स्थान : सडक

पात्र : पत्रिका बेच्ने हकर जोड जोडले कराउँदै पत्रिका बेच्दै हिँड्दैछ ।)

**हकर :** अनियमितता त भ्रष्टाचारको पराकाष्टा खयर सङ्कलन टेण्डरमा व्यापक भ्रष्टाचार, लौ लिनुहोस हजुर आजको ताजा खवर....... (एक जनाले पत्रिका किन्छ । (दिएर दोडिदैं)

बाघ मार्ने मान्छे विना कारवाही छोडियो जङ्गल मन्त्रीले जङ्गल मात्र हैन बाघ पनि खाए । लौ लिनुस ताजा ताजा खबर........ (बाटो हिड्दै गरेको चतुरानन्दले पनि हकरलाई रोकेर पत्रिका किन्छ ।

## दृश्य ९०

समय : दिउँसो

स्थान : साधुरामको कार्य कक्ष (मन्त्रालय)

पात्र : साधुराम, गुमान सिंह ?

(साधुराम, गुमान सिंह सँग पत्रिकामा छापिएको विषयमा कुरा गर्दैछन्)

**साधुराम :** के हो सचिव ज्यू ? यस्तो कुरा कसरी पेपरमा छापियो कसरी लिक भयो ?

**गुमान सिंह :** मन्त्री ज्यू, तपाईं किन डराउनु हुन्छ ?म छँदैछुनी । म सव कुरो मिलाउँछु ।

**साधुराम :** कसरी मिलाउनु हुन्छ । यहाँ त धेरै कुरा पो छापिएको छ । हामीले त लडे पडेका सड्न आँटेका खयर सङ्कलन गर्न टेण्डर गरेर दिएका थियौँ । यहाँ त जङ्गलै सखाप पारियो भनेर भनेर लेखेको छ । के हो यो ?

**गुमान सिंह :** केही चै हाम्रै मान्छेबाट लिक भएको छ सर । म छँदै छुनी पत्ता लगाएर म कारवाही गरिहाल्छु नि सर !

**साधुराम :** वृक्षारोपण कागजमा मात्र गरियो, जङ्गल, फडानी गरेर जग्गा बेचियो, बाघ मार्ने मान्छे विना कारवाही छोडियो ।

**गुमान सिंह :** यो सव औंलो दिदा डुडुल्नो निल्ने प्रथा हो सर !

**साधुराम :** जे भए पनि कुरा त वाहिर आयो यो त जङ्गलको आगो जस्तो फैलिन्छ । हाम्रो इज्जत प्रतिष्ठामा आँच आउँछ ।

**गुमान सिंह :** हेर्नुस् सर ! बाघ मार्ने अपराधी छुटाउन हामीले मौखिक आदेश दिएका हौं । त्यसको कुनै लिखित प्रमाण छैन त्यो केशमा फस्ने कुरै छैन । रह्यो खयरको । हामीले नियम सङ्गत ढङ्गले खयर सङ्कलन गर्न दिएका हौं । अनियमित ढङ्गले सङ्कलन भएको भए रोक लगाउनु पर्छ, कारवाही गर्नु पर्छ । हामी कहाँ चुकेका छौं र हजुर ! हजुर निर्धक्क भए हुन्छ ।

**साधुराम :** यसरी पत्र-पत्रिकाले लगातार लेख्न थाल्यो भने काम गर्न गाह्रो भै हाल्छ नि !

**गुमान सिंह :** कुकुर भुक्दै गर्छ, हात्ती लम्किदै गर्छ, कराउँछन् , कराउँछन् थाक्छन् ,आफै चुप लागेर बसछन् । म छँदै छु नि सव कुरा म मिलाउँछु ! (भनेर मन्त्रीको कोठाबाट वाहिर जान्छ ।)

## दृश्य ९१

समय : दिउँसो/भित्र

स्थान : गुमान सिंहको कार्य कक्ष

पात्र : गुमान सिंह, अनुराग

(गुमान सिंह आफ्नो कार्यकक्षको कुर्सिमा गएर बस्न नपाउँदै ढोका खोलेर अनुराग आइपुग्छन् ।

**गुमान सिंह :** भन्नुस ।

**अनुराग :** (आफ्नो परिचय पत्र देखाउँदै र फाइल .छानविन गर्ने आदेशको पत्र पेश गर्दै) म राष्ट्रिय सतर्कता केन्द्रबाट कर्मचारी सरुवा र सो सम्बन्धि निर्णयहरुको फाइल र खयर सङ्कलन गर्ने टेण्डर आह्वान गरे देखि निर्णय गर्दा सम्मका सम्पूर्ण कागज पत्र अनुसन्धानको लागि चाहिएको छ त्यसको लागि यो आदेश पत्र ।

**गुमान सिंह :** ठिक छ सतर्कता केन्द्रलाई पनि हामी माथि शङ्का छ भने फाइल लिन सक्नु हुन्छ । .(पत्र लिएर तोक लाउँदै) एउटा प्रशासन र एउटा लेखामा होलान् राम्ररी मुचुल्का उठाएर लानु होला । (चिठ्ठी फिर्ता दिन्छन् ।)

**अनुराग :** धन्यवाद सर । (चिठ्ठी लिएर अनुराग जान्छन् ।)

# दृश्य ९२

समय : दिउँसो/वाहिर

स्थान : गाउँको चौतारो

पात्र : राम, मान ब., बुढा, अन्य गाउँलेहरु

(राम गाउँ गएर मन्त्री साधुरामको विषयमा सोधपुछ गर्दैछन् । गाउँलेहरु बताउँदै छन्)

**राम :** साधुराम जीले त मन्त्री भए पछि शहरमा पनि ठूल-ठूला घर किन्नु भएको छ । यता गाउँतिर चै किन्नु भएन छ ?

**मान ब. :** किन नकिन्नु ? अकुत सम्पत्ति जोडेको छ ।

**राम :** कति जोडेको छ हँ ?

**मान ब. :** त्यो पानी आउने मुहानको वरीपरीको १०० रोपनी जग्गा स्वास्नीको नाममा किनेको छ ।

**राम :** त्यो त वहाँको पूर्ख्यौली जग्गा हैन र ?

**मान ब. :** कहाँ हुनु । पूर्ख्यौली जग्गा त त्यै घर भएको ठाउँको पचास रोपनी जग्गा त हो नि ।

**बुढा :** काठमाण्डौंमा पनि स्वास्नी छोरा छोरीको नाममा जग्गा किनेको छ रे भन्ने सुनेको हो !

**मान ब.** कहाँ जग्गा मात्रै हुनु, घरै किने्को छ रे ।

**बुढा :** ३/४ महिना सँगै बसेका भाञ्जाले त १० रोपनी जग्गा किनेर गएका छन् ।

**राम :** राधुराम त पहिले सज्जन हुनुहुन्थ्यो 'रे'

**मान ब. :** साह्रै सज्जन, सोभ्रुो मान्छे तर के गर्नु हाम्रा देशका नेताहरुको के गरी मति विग्रिन्छ-विग्रिन्छ ।

**बुढा :** मन्त्री भए पछि सवैको मति विग्रिदो रै'छ क्यारे

**मान ब. :** तिनका ती साढुँ भाइ छन् नी चतुरानन्द, तिनको त राई दाई छ यहाँ !

**राम :** कसरी

**बुढा :** चार ओटा ठूला बस किनेर चलाइराखेका छन् ।

**राम :** ए..........

**मान ब. :** मालपोत कार्यालयमा गयो भने त कस कसले कति कति जग्गा किनेछन् थाहा भै हाल्छ नि ।

**राम :** अँ त्यसै गर्नु पर्ला !

# दृश्य ९३

समय : दिउँसो/वाहिर

स्थान : मालपोत कार्यालय, काठमाण्डौं

पात्र : हिमानी काठमाण्डौको मालपोत कार्यालयमा छिर्छिन्)

## दृष्य ९४

समय : दिउँसो/भित्र

स्थान : मालपोत कार्यालय (रेकर्ड हेर्ने कोठा)

पात्र : हिमानी, मालपोत कार्यालयका कर्मचारी

(हिमानी मालपोत कार्यालयको रेकर्ड शाखामा गएर आफ्नो परिचय पत्र देखाउँछिन्)

**हिमानी :** यो मेरो परिचय पत्र ....... राष्ट्रिय सतर्कता केन्द्रबाट आएकी................ कृपया मलाई यी मान्छेहरुको नाममा काठमाण्डौंमा जग्गा छ छैन । छ भने कति छ विवरण दिनुस्न ।

**कर्मचारी :** बस्दै गर्नुस म हेरिदिन्छु । (भनेर कम्प्युटरमा नाम ट्याली गर्न थाल्छन्)

हिमानी एकै छिन त्यसै बसेर कुर्दैछिन् ।

## दृश्य ९५

समय : दिउँसो/भित्र

स्थान : अनुरागको कार्य कक्ष (रा.स. केन्द्र)

पात्र : अनुराग

(अनुराग कार्यालयमा बसेर फाइलहरु पल्टाउँदै डायरी प्वाइन्ट नोट गर्दै गर्छ ।

## दृश्य ९६

समय : दिउँसो/भित्र

स्थान : मालपोत कार्यालय (रेकर्ड हेर्ने कोठा)

पात्र : हिमानी, मालपोत कार्यालयका कर्मचारी नाम ट्याली गरी सकेर तपाईले दिएका सवैको नाममा घर सहितका जग्गा छन्....... यिनीहरुको विस्तृत विवरण लिनुस् (दिन्छ)

**हिमानी :** धन्यवाद.... म जान्छु (हिँड्छे)

## दृश्य ९७

समय : दिउँसो/भित्र

स्थान : साधुरामको कार्य कक्ष

पात्र : साधुराम, गुमान सिंह

(साधुराम सोचमग्न भएर कोठामा छट्पटाई राखेको छ । गुमान सिंह कोठामा प्रवेश गर्छ । साधुराम फर्केर हेर्छ झस्केर ।)

**गुमान सिंह :** सरले मलाई बोलाउनु भएको हो ?

**साधुराम :** हो !

**गुमान सिंह :** किन सर !

**साधुराम :** के के हुँदैछ भनेर ?

**गुमान सिंह :** राष्ट्रिय सतर्कता केन्द्रले साह्रै गोप्य गरिकाले छानविन गर्दैछ कतैबाट पनि खबर पाउन सकिएन । तर डराउनु पर्दैन हजुर म छँदैछु नि !

**साधुराम :** राष्ट्रिय सतर्कता केन्द्रका मोन्छेहरु छानविन गर्न गाउँ समेत पुगेका थिए रे भनेर खवर आएको थियो ।

**गुमान सिंह :** कस्ता कस्ता केशहरु त यसै गायव भए । हाम्रो त छेक न छन्दको छ । म प्रयास गर्दै छु । हजुर निर्धक्क भए हुन्छ । त्यो केश भरसक त्यहीँ साफ गराउँछु । म छँदैछु नि हजुर !

**साधुराम :** मैले तपाईलाई वास्तवमा बोलाएको चै म गाउँ जादै छु भन्नलाई ।

**गुमान सिंह :** किन सर ?

**साधुराम :** त्यहाँ मेरो चुनाव क्षेत्रमा एउटा स्कूलको उद्घाटन कार्यक्रम छ । यता चङ्ख भएर हेर विचार गर्दै गर्नु होला ?

**गुमान सिंह :** हुन्छ सर ।

## दृश्य ९८

समय : राति/भित्र

स्थान : साधुरामको डायनिङ

पात्र : यशोदा, पार्वती, लखन, चतुरानन्द, ससुरा, सासु, भाञ्जा । सवैजना टेबल वरिपरि खाना खान बसेका छन् । यशोदा सवैलाई खाना पस्किदै छिन् । भाञ्जा सघाउँदै छन् ।

**यशोदा :** पस्कि सकेकाले त खाँदै गर्दा हुँदैन ?

**पार्वती :** हुन्छ होला ! भन्दै एक भाग चतुरानन्दतिर बढाउँछ !

**सासु :** तलाई किन हतार गर्नु पर्‍यो, पहिले ज्वाइँ सावलाई आउन दे न

**यशोदा :** वहाँ आई हाल्नु हुन्छ नी लुगा फेरेर आउनु हुन्छ ।

**ससुरा :** त्यै पनि त सबै आइ सकेपछी सुरु गर्दा हुन्छ ।

**भाञ्जा :** त्रहाँ पनि त ज्वाइ नै हो नि ....... खै कु रा बुझ्केको ?

**चतुरानन्द :** हैन दाइ आएपछि शुरु गर्ने ! (पार्वतीलाई) यसलाई हतार लागेका नि ..............
यही वेला साधुराम आई पुग्छन् । साधुराम बस्ने छेउमा अरुले ठाउँ बनाउँछन् ।

**साधुराम :** (बस्तै) खै अभय अनुजा आज पनि घरमा छैनन् ।

**यशोदा :** छैनन् । साथी कहाँ जाने भन्छन् कता जान्छन कता ।

**साधुराम :** (हास्तै) छाडा गाई बस्तुको गोठ जस्तो भयो हाम्रो ! घर ओत लाग्न मन लागे बस्यो हैन भने छोडेर हिड्यो ! (यो विचमा यशोदाले खाना लगाई सक्छिन्)

**यशोदा :** अव त सवैले शुरु गरे हुन्छ होला ..

**ससुरा :** अँ हुन्छ ( अरु पनि खान्छन )

**सासु** केटा केटी दुवै लापरवाही भएका छन् वेलुका त घर आउनु पर्छ ।

**साधुराम :** अव यो घर घर कहाँ रह्यो र आमा, यो त कुनै मोटर बाटो पुगिसकेपछिको तीर्थ स्थलको विच बाटोको धर्मशाला जस्तो घर हो । जहाँ मान्छे आक्कल झुक्कल मात्र बास बस्न पुग्छन् ।

**यशोदा :** (को प्रतिक्रिया)

**लखन :** (दयालु भावले साधुरामलाई हेर्छ)

**साधुराम :** यशोदा म भोलि गाउँ जाँदैछु । चनेट्यामा स्कूलको उद्घाटन छ लखन पनि हिँड म सँग !

**लखन :** हुन्छ राम्रो कुरा हो । मन्त्रीज्यू (साधुराम आँखा उठाएर हेर्छ) (लखन सम्हालिन्छ र) तँ गाउँ नफर्केको धेरै भै सक्यो जनता उत्तिकै रिसाएका होलान कार्यकर्ता त झन गाउँलेलाई जवाफ दिँदा दिँदा थाके होलान् ।

## दृश्य ९९

समय : राति/भित्र

स्थान : साधुरमको सुत्ने कोठा

पात्र : साधुराम, यशोदा

(यशोदा आफ्ना गर गहना खोलेर ड्रसिङ टेवलमा राख्छिन् केश खोल्छिन र साधुराम तिर हेर्छिन्) साधुराम उत्तानो परेर चिन्तित वेडमा सुती राखेका छन् । )

**यशोदा :** (उठेर वेडमा जाँदै) सन्चो भएन कि क्या हो ?

**साधुराम :** हैन...... गलेको छु । चनेरामा मान्छेहरुले आक्रोश पो पोख्ने हुन कि ?

**यशोदा :** पोख्तै थिए । बनको बाघले खाओस कि न खाओस हजुरलाई त मनैको बाघले खाने भो ! सुत्नुस अव (अँगालो हालेर बत्ति निभाई दिनुस् (बत्ति निभ्छ)

## दृश्य १००

समय : दिउँसो/वाहिर

स्थान : चनेटा 'स्कूल'

पात्र : साधुराम, लखन, अन्य गाउँलेहरु, श्याम, कृष्ण, दिलमाया बि.क.

स्कुलको प्राङ्गणमा कुर्सि टेवलहरु राखिएको छ गाउँका दुई चार जना भद्र भलाद्मीहरु सँगै साधुराम अविर माला लगाएर कुर्सिमा बसेका छन् भने अगाडी महिला सज्जन वृन्दहरु कोही बेञ्चमा कोही उभिएर बसेका छन् । साधुरामहरु बसेको पछाडि एउटा व्यानर लेखेर राखेको छ । रिवन टाँगिएको छ ।

सहकारी संस्था द्वारा निर्मित
चनेटा माध्यमिक विद्यालयको
उद्घाटन कार्यक्रम
चनेटा

**एकजना (विष्णु) :** (किस्तिमा राखेका कैची लिदैं) अव मन्त्री श्री साधुरामजीलाई यो रिवन काटेर स्कूलको विधिवत उद्घाटन गरी दिनु हुन अनुरोध गरिन्छ ।

**साधुराम :** (उठेर कैंची लिंदै रिवन काट्न लागेका मात्र हुन्छन् (पछाडिबाट ठूलो आवाज आउँछ O.V. पर्खनुस ! साधुराम र अन्य त्यतै हेर्छन् । एक युवक हात उठाएर केही भन्दैछन् ।

**युवक श्याम :** यस्ता भ्रष्ट मन्त्रीबाट यस्तो पवित्र विद्यालयको उद्घाटन हुन दिदैनौं ।

**युवक कृष्ण :** हो हामी उद्घाटन कार्यक्रम वहिस्कार गर्छौ !

**साधुराम :** किन ?

**युवक :** तपाईलाई यो स्कूल उद्घाटन गर्ने कुनै अधिकार छैन ।

**युवक कृष्ण :** तपाईलाई हामीले ज्यानको बाजी लगाएर कत्रो आस्था र विश्वासका साथ प्रतिनिधि बनाएर पठाएका थियौं । (गाउँलेहरुलाई के गर्ने के गर्ने हुन्छ)

**श्याम :** तपाईले आफ्नो चुनाव क्षेत्र मात्र हैन आफ्नै जन्मथलो जनता छ र कार्यकर्ताको अपमान गर्नु भयो हाम्रो ठाउँको लागि केही गर्नु भएन ।

**कृष्ण :** यी हेर्नुस् (पत्रिका झिकेर देखाउँदै) तपाईको एक एक भ्रष्टाचार एक एक करतुत यो पत्रिकामा छापिएको छ। (गाउँलेहरु छक्क परेर हेर्छन)

**श्याम :** गाउँले दाजुभाइहरु यस्तो भ्रष्ट मान्छेको हातबाट हाम्रो स्कूलको उद्घाटन हुन दिनु हुँदैन।

**कृष्ण :** वहाँले हाम्रो लागि त केही गर्न सक्नु भएन उल्टो यो ठाउँको इज्जत फ्याल्नु भयो।

**श्याम :** यो स्कूल सरकारी हैन त्यसैले हामीलाई सरकारी मान्छे चाहिदैन, मन्त्री पनि चाहिदैंन।

**कृष्ण :** यो हाम्रो मेहनत र पसिनाको प्रतिफल हो।

**श्याम :** म प्रस्ताव राख्छु। यस्ता भ्रष्ट मान्छेको हातबाट स्कलूको उद्घाटन गर्नु भन्दा हाम्रै सहकारी संस्थाको सम्मानित महिला दिल कुमारी विश्वकर्माबाट उद्घाटन गरियोस्।

**कृष्ण :** र यी भ्रष्ट मान्छेलाई जुत्ताको माला लगाएर गाउँ घुमाइयोस। (एक जना युवक मनोज जुत्ताको माला लिएर साधुराम तिर बढ्छ.... )

**साधुराम :** (साधुराम डराउँछ) हैन हैन................

(सवै गएर असललाई जुत्ताको माला लगाउछन। कसैले कालो मोसो दल्छन र हाहल्ला गर्दै लखेट्छन्। (असल प्रसाद भाग्छन्)

## दृश्य १०१

समय : दिउँसो/भित्र

स्थानः पार्टी कार्यालय

पात्रः केन्द्रीय कार्यालयका सदस्यहरु

(पार्टी केन्द्रीय कार्यालयका सदस्यहरु बिच गरमागर्मी बहस चलिरहेको छ)

**के. स.गणेश :** (आफ्नो सिटबाट जुरुक्क उठेर) यो त अति भो यस्ता भ्रष्ट र बदनाम मान्छे हाम्रो पार्टिको मन्त्री हुनुभनेको सम्पूर्ण पार्टि पङ्तीको बदनाम हुनु हो।

**के.स.गोबिन्द :** यस्ता बदनाम मान्छेलाई, जनताले तिरस्कार गरेका व्यक्तिहरुलाई पार्टी बाटै निस्कासन गर्नु पर्नेमा अझ मन्त्री बनाइ राख्नु भनेको चोरलाई चौतारो दिनु जस्तो हो।

**के.स.कृष्ण :** म त भन्छु नीजलाई मन्त्री मण्डलबाट तत्काल फिर्ता बोलाइयोस र पार्टीको साधारण सदस्यबाट समेत निष्कासन गरियोस्।

**के.स.मदन :** विपक्षी पार्टीका मान्छे र संसदीय व्यवश्थालाई बदनाम गराउने नीयतले अराजक तत्वहरुबाट र प्रतिक्रियावादीहरुले घटाएको घटना पनि त हुन सक्छ।

**के.स.उद्धव :** सङ्क्रमण कालमा धमिलो पानीमा माछा मार्ने नीयतले गुण्डाहरु लगाएर हाम्रो पार्टीको मान मर्दन गर्ने प्रयाश पनि त हुन सक्छ।

**के.स.गणेश :** हुन सक्थ्यो तर जिल्ला कमिटिको यो भन्दा अगाडिनै Report आई सकेको छ। मन्त्री ज्यूले अकुत सम्पति कमाउने प्रयाशमा गाउँको आफ्नो क्षेत्रको कुनै वास्ता नगर्नु भएको र पत्र पत्रिकामा व्यापक अनियमितता र भ्रष्टाचारको पोल खोलेर समाचारहर छापिएका छन।

**के.स.गोविन्द :** यो यो घटनाको प्रकृति र जिल्ला कमिटिबाट अगाडि नै आएको प्रतिवेदनले के जनाउँछ भने यो प्रतिक्रियाबादीहरुले गुण्डा किनेर घटाएको घटना होइन।

**के.स.कृष्ण :** तत्काल मन्त्रीलाई फिर्ता गर्ने र उक्त पदमा अर्कै मन्त्रीलाई पठाउने निर्णय हुनु पर्‍यो।

**पार्टी :** सचिव/महामन्त्रीः- सवै केन्द्रीय कमिटीका साथीहरुको यहि राय छ भने मन्त्री ज्यूलाई के.क. तत्काल मन्त्री मण्डलबाट फिर्ता बोलाउने निर्णय गर्दछ। (सवै जाने हो भन्छन्)

# दृश्य १०२

समय : दिउँसो/भित्र

स्थान : गजेन्द्र के.सी को कार्यकक्ष

पात्र : गजेन्द्र, राम, हिमानी, अनुराग

राम, हिमानी र अनुराग गजेन्द्र गरको कोठामा प्रवेश गर्छन् । गजेन्द्र टेबलुमा काम गर्दै गरेकोबाट टाउको उठाएर हेर्छन् ।

**राजेन्द्र :** फाइल तैयार भयो ?

**राम :** तैयार भयो सर !

**गजेन्द्र :** तीनै जनाको रिपोर्ट दुरुस्त छ हैन ।

**हिमानी :** छ सर ।

**गजेन्द्र :** पहिले गाउँको ब्रिफिङ गर्नुस् ।

**राम :** साधुराम जीको पूर्ख्यौली सम्पत्ति भनेको जम्मा गाउँमा पचास, रोपनी जग्गा रहेछ त्यही जग्गामा बनेको दुई तले टीनको छाना भएको छ कोठाको घर रहेछ । मास्टरी गरेर जिविकोपार्जन र समाज सेवा समेत गर्नु हुँदो रहेछ । सुरुको सम्पत्ति विवरणमा तिन तोला सुन पनि छ ।

**गजेन्द्र :** अहिलेका स्थिति के छ ?

**राम :** अहिले श्रीमतिको नाममा १०० रोपनी जग्गा थप किनिएको देखिन्छ, तिनका भाञ्जा भनाउँदाको नाममा १० रोपनी जग्गा किनिएको छ । चतुरानन्द भन्ने उनका साढु भाइले त्यो रुटमा चलाउने चार वटा बस किनेको पाइयो । कूल मिलाएर गाउँमा एक करोडको सम्पत्ति जोडेको पाइएको छ ।

**गजेन्द्र :** (हिमानीलाई) काठमाण्डौंको तपाईले हेरेको हैन ?

**हिमानी :** हो सर !

**गजेन्द्र :** ब्रिफिङ गर्नुस् ।

**हिमानी :** मैले प्राप्त गरको सूचनाको आधारमा मालपोत कार्यालय बैंक र वित्तिय संस्थाहरुबाट तथ्याङ्क संकलन गरेको थिएँ । जस अनुसार काठमाण्डौं वडा नं ८ जग्गा कि. नं. १०४८ को एक रोपनीमा बनेको तीन तले पन्ध्र कोठाको घर ४६,५०,०००।- मा किनिएको छ । छोरा अभयको नाममा काठमाण्डौं वार्ड नं ६ बौद्ध महाङ्कालको कित्ता नं. ९२७ को एक रोपनी ४ आना २ पैसा २ दामको जग्गामा बनेको चार तले २२ कोठाको घर ५२,५७,५३६।७० पैसामा किनेको घर एक, अभयकै नाममा एउटा सेन्ट्रो गाडी र एउटा यामाहा इन्टाइसर मोटर साइकल पनि छ । उसको नाममा इन्भेष्टमेन्ट बैंकमा १० लाख नगद पनि जम्मा छ । श्रीमती यशोदाको नाममा काठमाण्डौं घुम्बाराही गा.वि.स. वडा नं. ६ को कित्ता ४२७ को २ रोपनी ३ पैसामा बनेको १७ कोठाको तीन तले घर १ करोड ५६ लाख सतासी हजार ३४५ रुपैयामा किनेको घर एक । हिमालयन बैंकमा १० लाख नगद Fix Deposit र नेपाल सहकारी वित्तिय संस्थामा लगानी ७५,००,०००।- गरेको पाइयो । उनको घर भित्रको सुन चाँदी आदिको मूल्याङ्कन हुनै बाँकी छ ।

**अनुराग :** केही नभए पनि पुरै परिवारको नामबाट ५ करोडको भ्रष्टाचार भएको छ ।

**गजेन्द्र :** तीनै जनाको अनुसन्धान एउटा फाइलमा Complete गरेर कारवाहीको लागि अख्तियार पठाइदिनुस ।

**हिमानी :** हवस सर ! (तीनै जना आ-आफ्नो फाइल एकै ठाउँमा Compile गर्न थाल्छन्)

## दृश्य १०३

समय : दिउँसो/भित्र

स्थान : विभिन्न पार्टीको संयुक्त मिटिङ

पात्र : विभिन्न पार्टीका नेताहरु

**पार्टी क नेता :** भ्रष्ट र भ्रष्टाचारीहरुलाई तपाईको पार्टीमात्र हैन, हाम्रो पार्टी पनि काखि च्यापेर हिडन चाहदैन ।

**पार्टी ख नेता :** काखि च्यापेर हिडन चाहदैन भने अहिले चर्चामा रहेका भ्रष्ट मन्त्रीलाई तत्काल मन्त्री मण्डलबाट निष्कासन गरेर अख्तियारलाई आफ्नो कार्य निर्वाध रुपले अगाडि बढाउन सहयोग गर्न पर्छ ।

**पार्टी ग नेता :** हो, भ्रष्टाचारले देशको सुशासनमा नै खलल पुऱ्याउने हुनाले तत्काल निर्णय लिन आवश्यक छ ।

**पार्टी घ नेता :** लोकतन्त्रमा सवै पार्टीहरु जनता प्रति जवाफ देही हुनै पर्छ र पारदर्शी हुनै पर्छ ।

**पार्टी ङ नेता :** जनता प्रति जवाफ देही हुने पाटीृले भ्रष्टाचारको उन्मूलन तर्फ कदम पनि चाल्नु पर्छ ।

**पार्टी च नेता :** मलाई लाग्छ हामी मध्ये कुनै पार्टी पनि भ्रष्टाचारलाई प्रोत्साहन दिने पक्षमा छैन । हामी सवैले भ्रष्टाचार र अनियमितताको विरुद्धमा एउटा क्रान्तिलाई नै अगाडि बढाउनु पर्छ ।

**पार्टी छ नेता :** प्रत्येक पार्टीले आज यसै बैठकबाट भ्रष्टाचारको विरद्ध हुने काममा सहयोग पुग्ने काममा साथ दिनु पर्छ भन्ने संकल्प प्रस्ताव पारीत गरियोस ।

**पार्टी ज नेता :** हो, हामी मात्र हैन जनताको मत लिएर सत्ता सञ्चालनमा सहभागी हुन चाहने, भविष्यमा शक्ति सन्तुलनमा रहने हरेक पार्टीले पनि भ्रष्टाचारको विरद्ध कारवाही अगाडी बढाउन मद्धत पुगोस भनेर नै काम गर्नु पर्छ ।

**पार्टी झ नेता :** अहिले तत्काललाई भ्रष्टाचारमा मुछिएका मन्त्रीलाई मन्त्री परिषदबाट निष्काशन गर्ने सिफारिस गर्ने निर्णय गरौं

सवैः हुन्छ गरौं ।

## दृश्य १०४

समय : दिउँसो/भित्र

स्थान : टि.भी. कोठा

पात्र : यशोदा, भाञ्जा, सासु, ससुरा,

(सासु, ससुरा बसेर टि.भी. हेर्दै हुन्छन्, भाञ्जा चाँही च्यानल चेन्ज गर्दै हुन्छन् । यशोदा काम सकेर कोठामा प्रवेश गर्छिन् ।

**यशोदा :** भाञ्जा बाबु, नेपाल टि.भीं. बाट समाचार आउँदै होला नेपाल लगाउनुत ।

**भाञ्जा :** हवस (च्यानल चेन्ज) (नेपाल लगाउँछन् । नेपालबाट समाचार आउँदै हुन्छ)

**टि.भीं. :** अव सुन्नुहोस पुरा समाचार, पदको दुरुपयोग र व्यापक भ्रष्टाचार गरेको भन्ने जनताको गुनासो र पत्र-पत्रिकामा आएका वहाँको भ्रष्टाचारको फेहरिस्त समेतलाई ध्यानमा राखी वहाँकै पार्टीले साधुरामलाई मन्त्री मण्डलबाट फिर्ता बोलाएको छ । साथ साथै साधुराम जीको हालसालैमा बढेको रहन सहन समेतलाई ध्यानमा राखी राष्ट्रियता सतर्कता केन्द्रले गरेको अनुसन्धानको पनि पुष्टि भएको छ । (सवैको Reaction) यशोदा थचक्कै सोफामा बस्छे, भाञ्जासंग रिमोर्ट लिएर टि.भी. बन्द गर्छे ।

**सासु :** ज्वाइ सा'वको मन्त्री पद खुस्कियो भनेको हो ।

**ससुरा :** हो !

**भाञ्जा :** भ्रष्टाचार प्रमाणित भयो रे, पार्टीले फिर्ता बोलायो रे, यस्तोमा मन्त्री खाइरहन पाइन्छ त ? खै राम्ररी कुरा बुझेको ?

**यशोदा :** (रिसाएर) तपाई नै बुझ्नुस्न राम्ररी कुरा भए भरको । घिच्ने बेलामा त आफूले पनि घिच्नु भएको थियो त ! अहिले अर्कालाई मात्र भन्ने ?

**भाञ्जा :** म त झोलीको देउता, मलाई त दिनुभयो लिइदिए, आफूले खाँदा पो पच्ने गरी खानुपर्छ खै कुरो बुझेको ?

**यशोदा :** झोलीको देउता भोलीको राक्षस । अव भए भरको चुक्ली पनि लगाउने हो कि ?

**भाञ्जा :** (मुन्टो बटाएर हिड्छ)

**ससुरा :** जहाज डुब्न लाग्यो भने सवै भन्दा पहिले मुसोले छोडेर भाग्छ भनेको यही हो .........गयो ............

**सासु :** अव के गर्छस् त छोरी ।

**यशोदा :** यता उती बचाउने प्रयास गर्नु पर्‍यो । वहाँ कहाँ हुनुहुन्छ .................(मोबाइल गर्न थाल्छे । )

# दृश्य १०५

समय : दिउँसो/भित्र

स्थान : साधुरामको घरको भित्री भाग

पात्र : चतुरानन्द, घनश्याम,

चतुरानन्द र घनश्याम दोडिदै साधुरामको घर भित्र छिर्छन् ,

**चतुरानन्द :** दाइ....................... खोई कता हो ?

**घनश्याम :** साधुराम जी....................... (अडिएर) साधुराम जी कता हो

(भाञ्जा पोको बोकेर वाहिर जान्छ)

# दृश्य १०६

समय : दिउँसो/भित्र

स्थान : टि.भी. कोठा

पात्र : यशोदा, सासु, ससुरा,

**यशोदा :** (फोन गर्दै गरेकी यशोदा मोबाइल बन्द गरेर आवाज आएतिर हेर्छे) वहाँ त हुनुहुन्न माथि नै आउनुसन्

(घनश्याम र चतुरानन्द त्यही कोठामा पुग्छन्) सवैको Reaction) यशोदा, घनश्याम, चतुरानन्द, सासु, ससुरा

**घनश्याम :** केही कुरा थाहापाउनु भयो भाउजु,

**यशोदा :** मैले त थाहा पाएँ तर वहाँ कहाँ हुनुहुन्छ ?

(यस्तैमा साधुराम पनि आइपुग्छन्)

**साधुराम :** किन खोजी भइरहेको छ मेरो ?

फेरि सवैको Reaction

**घनश्याम :** (साधुरामलाई) तपाईलाई केही थाहा छैन ।

**साधुराम :** अहँ, थाहा छैन त ! (सोफामा बस्छन्)

**चतुरानन्द :** तपाई अव मन्त्री रहनु भएन,

**साधुराम :** (जुरुक्क उठ्दै) के भन्नु भएको तपाईले ।

**चतुरानन्द :** तपाईलाई पार्टीले मन्त्री मण्डलबाट फिर्ता बोलाइसक्यो ।

साधुराम :	मलाई थाहै नदिई

घनश्याम :	राष्ट्रिय सतर्कता केन्द्रले भ्रष्टाचार सम्बन्धी फाइल अख्तियारलाई बुझाई सक्यो ।

साधुराम :	(को) भयानक Reaction, यशोदाको Reaction, अरुको Reaction

चतुरानन्द :	अव अख्तियारले पूर्जि काटेर छापा मार्न सक्छ !

फेरि Reaction सवैको

घनश्याम :	(Monologue) ओ हो ! छापा मार्दा म पनि गिरफ्तार भए भने ................ यहाँ बस्नु अव उपयुक्त छैन, म पनि सुटुक्क भाग्नु पर्‍यो । (सोच्दै घनश्याम सुटुक्क त्यहाँबाट भाग्न खोज्छ)

यशोदा :	कहाँ जान लाग्न भएको तपाई ? आपतमा तपाईहरुले सहयोग नगरे कसले गर्छ ?

घनश्याम :	(अकमकिन्छ) अँ........... म............... त्यही................ यता उती भनसुन गरेर केही मिलाउने प्रयास गर्छु । त्यसको लागि म यहाँबाट जानै पर्छ । (जान्छ पनि)

चतुरानन्दको Reaction, साधुरामको Reaction बल्ल यशोदा बोल्छे ।

यशोदा :	(कसैलाई फोन गर्छे) ए ...... मन्त्री ज्यू, त्यो के भएको थामथुम गर्न सकिदैन

(उताबाट आवाज मात्र आउँछ) यस्तोमा केही गर्न सकिंदैन भाउजू । साधुराम जी सवैतिर बाट परिबन्धमा परिसक्नु भो केही हुन सक्दैन ।

(यशोदा टेलिफोन बन्द गरेर साधुरामलाई हेर्छे)

(साधुराम चिन्तित भएर बस्छन्)

यशोदा :	हन साँच्चै अव केही हुन सक्दैन ?

चतुरानन्द :	ओरालो लागेको मृगलाई बाछाले पनि लखेट्छ भनेको यही हो । म पनि एकदुई ठाउँमा भनसुन गर्ने प्रयास गर्छु (भन्दै उनीपनि जान्छन्)

यशोदा :	(फेरि फोन गर्न थाल्छिन्) प्रधानमन्त्रीले त केही गर्न सक्नु हुन्थ्यो होला ?

साधुराम :	भो प्रयास नगर ! गल्ती गर्ने बेलामा हामीले गल्ती गरी सक्यौं, अव कसैले पनि मद्दत गर्दैन ।

यशोदा :	कसैले मद्दत नगरे भगवानले त मद्दत गर्लान् (भन्दै कोठाबाट बाहिरिन्छे)

## दृश्य १०७

समय : दिउँसो/भित्र

स्थान : गुमानसिंहको कार्यकक्ष

पात्र : गुमान सिंह, दुई जना अख्तियारको मान्छे

यशोदा :	(गुमान सिंह आफ्नो कार्य कक्षमा टेलिफोनमा कुरा गर्दै हुन्छ ।

गुमान सिंह :	ए हजुर ! तपाईले चिन्तै लिनु पर्दैन । जे परे पनि म मिलाईहाल्छु नि हजुर............... (बोल्दाबोल्दै ढोकातिर आँखा जान्छ । बर्दीधारीले पूर्जि ल्याएर गुमान सिंहलाई चिठ्ठी बुझाउँछन् । )

गुमान सिंह :	तर यसपाली चाँही कुरा मिल्ला जस्तो लागेन । दुइटा दूतहरु मेरो दुई तिर छन् (रुन्चे अनुहार पारेर) अव त धर्म खातामा हिसाव दिन जानै पर्ने भो । (बर्दीधारीले गुमान सिंहको हातबाट टेलिफोन राखी दिएर घिसार्दै लान्छन्)

## दृश्य १०८

समय : दिउँसो/वाहिर

स्थान : मन्दिरको प्राङ्गण

पात्र : यशोदा, अन्य महिलाहरु, दर्शनाभिलाषिहरु

यशोदा हातमा पुजाको सामाग्रीहर लिएर दौडदै मन्दिरको मूर्ति अगाडि पुग्छे र छाद हाल्छे ।

**यशोदा :** हे भगवान ! मलाई बचाउ, मेरो परिवार डुब्नबाट बचाउ, वहाँलाई केही नहोस् भगवान)

**गाजल (महिला)** : हेर त्यहाँ, स्वाङ पारेकी भगवानको मन्दिरमा आएर ।

**कोमल :** यस्ता भ्रष्टाचारीको स्वास्नीहरु आएर हामी आउने मन्दिरको आँगन पनि अपवित्र होला भन्ने डर ।

**यशोदा :** (सुन्दै पनि छे, बोल्दै पनि छे) हे भगवान ! अप्ठ्यारो परेको बेला कसैले मद्दत गरेन । तिमी मात्रै यस्ता छौ भगवान, जसले भक्तलाई जुन वेला पनि मद्दत गर्छ । मलाई पनि मद्दत गर भगवान !

**शुलोचना :** के परेछ आज यसलाई,

**कोमल :** पुलिसले समातेर लान लाग्यो होला त्यही भएर मद्दत माग्न आएकी होली ।

**गाजल (महिला)**: यस्तालाई भगवानले पनि के मद्दत गर्लान् ।

**कोमल :** हो त ............ जाउँ........ सवै बढ्छन् ।

यशोदाको Reaction रुन थाल्छे ।

# दृश्य १०९

समय : राती/भित्र

स्थान : साधुरामको घर

पात्र : साधुराम, अभय, अनुजा, यशोदा, सासु, ससुरा

साधुरामको घरमा रुवाबासी चलिरहेको छ ।

**साधुराम :** अव रोएर के तमासा गरि राखेको जे हुनु भैसक्यो । हतकडी लाग्छ भनेर डराउनेले चोरी नै गर्नु हुँदैन ।

**यशोदा :** (रुँदै) मलाई यो सम्पत्ति केही चाहिदैन सप्पै फिर्ता गरिदिनुस् । हामी जस्तो थियौं त्यस्तै ठिक थियौं । सवै फिर्ता गरिदिनुस् केही चाँहिदैन ।

**अभय :** (रुँदै) हो बा, मलाई पनि घर, गाडी, बैंक ब्यालेन्स केही चाँहिदैन । पहिले गरिवीको व्यङ्ग खपिन्थ्यो , स्वाभिमान थियो, अहिले भ्रष्टाचारीको व्यङ्ग्य खप्नुपर्छ । झनै निहुरेर हिड्नुपर्छ ।

**अनुजा :** हो बा, पहिलेका पिडाहरु हाम्रा बाध्यता थिए । तर अहिलेका पिडा त शुल जस्तै दुख्तो रहेछ । पहिलेको पिडा अरुले हिर्काएको जस्तो मन लागे फर्किएर चड्काउन सकिन्थ्यो । तर अहिलको पिडा आफैले हिर्काएर बनाएको घाउ जस्तो दुख्छ । मलाई पनि केही चाँहिदैन बा । सप्पै फर्कादिनुस् ।

**ससुरा :** ज्वाइ साइवले पनि अलि विचार गरेर काम गर्नु पर्थ्यो !

**साधुराम :** साधुरामलाई भ्रष्टाचारी तपाईहरुले नै बनाउनु भएको, बुबा........ दशैंमा सुख समृद्धिको आर्शिवाद दिनको सट्टा के भन्नु भएको थियो ..........F.B.

**ससुरा :** चाँडचाँडै प्रगति हो । प्रसस्त पैसा कमाउनु, लक्ष्मीले ढुकुटीमा बास गरुन् काठमाण्डौंमा ठूलो घर बनाउनु, मेरी छोरीले सुख पाओस.

Flash Return **साधु :** त्यही भन्नु भएको थियो हैन ?

**ससुरा :** (टाउको निहुँराउँछन्)

**साधुराम :** (यशोदालाई) घनश्यामले लोभ्याउन ल्याएको एउटा नाथे मोबाइलमा तिमी लोभियौ र भ्रष्टाचारको शुरुवात त्यहाँबाट भयो ।

**साधुराम :** मान्छेको इच्छा आकाङ्क्षा असिमित छन् । जति बढाउँछ्यौ उति तृष्णा बढ्दै जान्छ र तृष्णा नै दुःखको कारण बन्छ ।

(अभय अनुजाको Reaction)

**साधुराम :** अनि तिमीहरु..... तिमीहरुलाई दुःख सुख पालेकै थिएँ, पढ्न पाएकै थियौ, चतुरानन्दको चक्करमा परेर त घरै नआउने भइस् । मलाई नगराउनु पर्ने काम गराइस्

(अभयको Reaction)

**साधु :** दुनियाँले हात्ती चढे भनेर तिमीहरुलाई धुरी चढ्नु पर्‍यो देखासिखि गर्नुपर्‍यो सम्पत्तिको प्रदर्शन गर्नु पर्‍यो मन्त्रालयका गाडिहरु दुरुपयोग गरेर दशतिर ठोक्काउँदै हिड्नु पर्‍यो अहङ्कार चढ्यो तँलाई, बदनाम भइस तँ, र मलाई पनि बदनाम गराइस् । आज त्यसैको परिणाम यो ।

(फेरि सवैको Reaction)

**साधु :** मेरो नाम मान प्रतिष्ठामा चोट त पहिले नै लागेको थियो अव त्यो विच वाटोमा लिलाम हुनेछ । मान्छेहरु खिल्ली उडाएर हाँस्ने छन् । सम्पत्ति त सवै अख्तियारले कब्जा गर्छ नै आखिर हामी उही फुटपाथ आउने भइयो ।

(सवैको मनमा त्राशको भाव )

**साधु :** जाओ तिमीहरु सवै गएर सुत..... भोलि जे पर्ला पर्ला व्यस्तै टर्ला ।

विस्तारै सवै उठेर दर्ग दिशा तिर लाग्छन्)

(साधुराम एक्लै उभिई राख्छ कठोर निर्णय लिए जस्तो कोठामा एक्लै छटपटाउन थाल्छ ।

**Monolue :** अव कसरी बाँच्ने, साथी, भाइ समाज पार्टी कार्यकर्ताले के भन्लान्.... (कोठामा यता उति गर्दै) सम्पूर्ण जीवन आगोको रापमा झिल्सिएर वित्ने भो । गल्ति उनीहरुको मात्रै होइन आफ्नो पनि हो । उनीहरुले भन्दैमा मैले नमानेका भए । दुईचार दिन ठुस्किन्थे फेरि आँफै कुरो सम्हालिन्थ्यो । छोरा छोरी स्वास्नीको कुरा नसुनेको भए आज यो दिन आउने नै थिएनँ ।

## दृश्य ११०

समय : दिउँसो ⁄ वाहिर

स्थान : बाटो

पात्र : भाञ्जा......... सुरक्षाको दस्ताको गाडि ।

भाञ्जा पाको बोकेर लुखुर लुखुर हिंडि राखेका हुन्छन् भ्यान आएर रुक्छ र भाञ्जाको पछाडिबाट च्याप्प समातेर घिसार्दै लैजान्छन् र भ्यानमा हालेर लान्छन् ।

## दृश्य १११

समय : दिउँसो ⁄ वाहिर

स्थान : बसपार्क

पात्र : चतुरानन्द - सरक्षा दस्ताको गाडि

चतुरानन्द चतुर नजरले यता उति हेर्दै वस पार्कमा जाँदै हुन्छन् । फर्केर हेर्दा भ्यान आइरहेको देखेर बुर्कुसी ठोकेर भाग्छन्....... गाडिले पिछा गर्दै जान्छ । बसको ओटमा लुकेको चतुरानन्दलाई समाएर ल्याउँछ र गाडिमा खाँदेर लान्छ ।

## दृश्य ११२

समय : दिउँसो/बाहिर

स्थान : एयरपोर्ट बाटो

पात्र : घनश्याम, सुरक्षा दस्ता-ड्राइभर

एउटाकारको अगाडि एयरलाइन्स टिकट र पासपोर्ट राखिन्छ। ढोका खुल्छ। मान्छे बस्छ। (घनश्याम हुनछन्)

**घनश्याम :** छिटो एयरपोर्ट जाउँ.........

**ड्राइभर :** हुन्छ (स्टार्ट गरेर जान्छ। पछि पछि फेरि सुरक्षा दस्ताले फेरि उक्त गाडिलाई पिछा गर्दै जान्छ सुरक्षाको गाडिले उक्त ट्याक्सीलाई अगाडिबाट छेकारो काटेर रोक्छ र घेर्छ। सुरक्षाको गाडि देखेर घनश्याम आफ्नो पासपोर्ट र टिकट लिएर ढोका खोलेर भाग्न खोज्छन् तर सुरक्षाले घनश्यामलाई त्यसै गरी समाएर भ्यानमा कोचेर लान्छ। )

## दृश्य ११३

समय : दिउँसो/वाहिर

स्थान : साधुरामको घर वाहिर

पात्र : सुरक्षा दस्ता, यशोदा, अनुजा, अभय, वीरमान, भद्र, रसिक, टोले/गाउँलेहरु

साधुरामको घर अगाडि भ्यान आएर रोकिन्छ भ्यानबाट सुरक्षाकर्मीहरु ओर्लिएर सरासर भित्र जान्छन्। वरिपरि छिमेकीहरु जम्मा हुन्छन्। छक्क परेर हेर्छन्।

**बीरमान :** भ्रष्टाचार गरेर अकुत सम्पत्ति कमाएको थियो सव छेर्ने भयो।

**भद्र :** अख्तियारको कारवाहीमा परेको होला हैन ?

**रसीक :** हो त अव सव फूटपाथे हुने भए।

## दृश्य ११४

समय : दिउँसो/वाहिर

स्थान : साधुरामको घर कम्पाउण्ड

पात्र : साधुराम, सुरक्षा दस्ता, यशोदा, अनुजा, अभय, सासु, ससुरा, (सुरक्षा दस्ताले साधुराम र उसका सारा परिवारलाई घरबाट वाहिर ल्याउँछ। सबै हल्का रुँदै छन्। सुरक्षाले ढोकामा ताला लाउँछ सिल मार्छ। अनुजा अभय यशोदा सासु, ससुरालाई छेडेर साधुरामलाई भ्यान तिर लादैंछन्। )

**वीरमान :** पाप धुरीबाट कराउँछ भनेको यही हो।

**भद्र :** सबै भ्रष्टाचारीले यसरी नै सजाय पाए देखि भ्रष्टाचार पनि कम हुन्छ होला।

(साधुरामको सबै परिवार कम्पाउण्ड वाहिर आइ पुग्छन् सुरक्षाले मूल गेट पनि लगाउँछ। यस्तैमा नीरज र राधा पनि आई पुग्छन्। अनुजा नीरजको छातीमा टाँसिन पुग्छे।)

**नीरज :** मलाई माफ गरिदेउ अनुजा म तिमीसंग नाता गाँसेर समाजमा बदनाम हुन चाहन्न। मलाई आज देखि विर्सीदेउ (अनुजालाई छुटाएर जान्छ)

(अभय नेर राधा पुग्छे। अभय आशातीत नजरले हेर्छ )

**राधा :** आई यम सरी अभय .... तिमी जस्तो भ्रष्टाचारीको छोरो सँग म बाँकी जिवन विताउन सक्तिन, इटस् नो मोर.....(भन्दै राधा पनि जान्छे )

(सडकमा दायाँ वायाँका मान्छे अझै comment गर्दैछन् )

**भद्र :** ल हेर के पायो यो मान्छेले ! विचराको जिन्दगी त्यसै खेर गयो ।

(सुरक्षाले साधुरामलाई भ्यानमा राख्छ, भ्यान भित्र अरुहरु पनि छन् । )

**घनश्याम :** नमस्कार हजुर हामी सवै यहाँ छौं/एकै ठाउँमा बस्ने पाइयो भने त्यहाँ पनि रमाइलो गरौंला ।

**चतुरानन्द :** दाइ कहिले पकडाउ परिदैन होला जस्तो लाग्थ्यो, परिदो रै'छ ।

**गुमान सिंह :** धन्दा मान्नु पर्दैन म छँदै छुनि हजुर ।

**भाञ्जा :** हो त मामाले खोईं कुरा बुझेको बस्नुस् ।

(साधुराम बस्छन्)

गाडी अगाडी बढ्छ..........

**भद्र :** त्यसैले अवैध तरिकाले आर्जेको सम्पत्ति “सपनाको महल...........”

टाइटल सपनाको महल अडिन्छ । अन्य क्रेडिट टाइटल बग्न थाल्छ ।

# समाप्त